

नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

# रेड कार्यान्वयन केन्द्र

# वार्षिक प्रतिवेदन

## आर्थिक वर्ष २०८१/८२

नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

# रेड कार्यान्वयन केन्द्र

# वार्षिक प्रतिवेदन

## आर्थिक वर्ष २०८१/८२

प्रकाशक: नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय
रेड कार्यान्वयन केन्द्र, बबरमहल, काठमाण्डौ
फोन नं. : ०१-५३३९१२६
इमेल : info@redd.gov.np
वेभसाइट : www.redd.gov.np

प्रतिलिपि अधिकार ©: २०८३, रेड कार्यान्वयन केन्द्र

आवरण फोटो : मौलाकालिकाको काखबाट देखिएको हरियाली, बादल र हिमालको मनमोहक दृश्य (फोटो: प्रकाश थापा)
प्रकाशन मिति: २०८३, बैशाख

सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४१ बमोजिम सार्वजनिक गरिएको)

# दुई शब्द

नेपाल जलवायु परिवर्तन सम्वन्धी संयुक्त राष्ट्र सङ्घीय प्रारुप महासन्धी, क्योटो अभिसन्धि र पेरिस सम्झौताको पक्ष राष्ट्र हो । जलवायु परिवर्तन सम्वन्धी विभिन्न अन्तर्राष्ट्रिय सम्झौताहरुको पक्ष राष्ट्रका रुपमा नेपाल रहेका सन्दर्भमा नेपालमा प्रभावकारी रुपमा रेडप्लस सम्वन्धी कार्य संचालनका लागि आ. व २०६६।०६७ सालमा रेड कार्यान्वयन केन्द्रको स्थापना भएको हो । रेड फरेष्ट्री तथा जलवायु परिवर्तन कार्यक्रम पहिलो प्राथमिकता प्राप्त कार्यक्रम हो । नेपाल सरकारले हालसालै कार्बन व्यापारबाट प्रथम किस्ता वापत ९.४ मिलियन अमेरिकी डलर रकम पनि प्राप्त गरिसकेको छ । यसैगरी समृद्धिको लागि वन कार्यक्रम नेपाल सरकार र विश्व बैंकको संयुक्त प्रयासबाट नेपालको मधेश प्रदेश तथा लुम्बिनी प्रदेशमा दिगो वन व्यवस्थापन तथा वन उद्यमहरुलाई प्रवर्धन तथा सहयोग परिचालनको लागि वन लगानी कार्यक्रम अन्तर्गत तर्जुमा भएको कार्यक्रम हो ।हाल वन उद्यमको सुधार तथा विकासको संभाग सबै प्रदेशमा लागु भएको छ । यस परियोजना विश्व बैकको ऋण तथा अनुदान सहयोगमा नेपाल सरकार तथा विश्व बैंकबीच सन् २०२१ मार्चमा सम्झौता भई वन तथा वातावरण मन्त्रालय, कृषि विकास बैंक र विश्व बैंकले संयुक्त रुपमा कार्यान्वयन गरिरहेको परियोजना हो। रेड कार्यान्वयन केन्द्रले मुख्य गरी यिनै दुई कार्यक्रमको सेरोफेरोमा रही कृयाकलापहरु सञ्चालन गर्दै आएको यछ।नेपालले उत्सर्जन न्यूनीकरण कार्यक्रम कार्यान्वयन गर्ने सन्दर्भमा LEAF Coalition संयन्त्रसँग Jan 21 सन् २०२६ मा उत्सर्जन न्यूनीकरण खरिद सम्झौता गरेको छ । यो सम्झौता कार्यान्वयनवाट नेपालले ५५ मिलियन अमेरिकी डलर वरावरको भुक्तानी प्राप्त गर्ने लक्ष्य राखिएको तथा यो सम्झौता गर्ने नेपाल एसियाको पहिलो मुलुक हुन पुगेको छ । साथै GCF को नतिजामा आधारित कार्यक्रममा दावि गर्न नेपालले FREL तयार गरि सन् २०२५ को डिसेम्वरमा UNFCCC मा पेश गरेको छ । यसका लागि FAO र वन तथा वातावरण मन्त्रालय लाई कार्यान्वयन निकायको रुपमा तोकिएको र १ मिलियन अमेरिकी डलर वरावरको रकम सुनिश्चित भएको छ ।

कार्यक्रम कार्यान्वयन गर्ने सिलसिलामा आ.व. २०८१।०८२ को प्रगति समिक्षा तथा त्यसबाट प्राप्त गरेका सिकाईहरुलाई अभिलेखिकरण गर्ने कार्यको लागि यो प्रतिवेदन तयार गर्ने जमर्को गरिएको छ । यस वार्षिक प्रतिवेदनमा आ.व. २०८१।०८२ मा भए गरेका विवरणहरुलाई लिपीवद्ध रुपमा प्रस्तुत गरिएको छ । यो पुस्तिका तयारी चरणमा योगदान गर्ने उप सचिव श्री शोभा सुवेदी, उपसचिव श्री प्रकाश थापा, वन अधिकृत श्री सुजस प्रसाद फुयाल, भू-संरक्षण अधिकृत श्री महेश ढुंगाना, वन अधिकृत श्री गोविन्द कुमार श्रेष्ठ, लेखा अधिकृत श्री विमला कुमारी मल्ल, नायव सुव्बा श्री कृष्ण वहादुर बिष्ट, लेखापाल श्री नरेन्द्र हमाल, सहायक कम्प्युटर अपरेटर श्री पुष्प बहादुर बस्नेत र डेस्क सहायक श्री आज्ञा धिताल लगायत यस केन्द्रका सवै कर्मचारीहरु र सबै विज्ञहरु धन्यवादका पात्र हुनुहुन्छ । यसको साथसाथै केन्द्र देखि प्रदेश एवम् स्थानीयस्तरमा कार्यक्रम कार्यान्वयन गर्ने समुदाय, समूहहरु, सरोकारवालाहरुको सहयोगको लागि विशेष धन्यवाद ज्ञापन गर्न चाहन्छु । कार्यक्रम कार्यान्वयनका विभिन्न चरणमा सकारात्मक सहयोग तथा सुझावहरु प्रदान गर्ने वन तथा वातावरण मन्त्रालय, केन्द्रीय स्तरका विभागहरु, केन्द्रहरु, कार्यालयहरु, प्रदेश स्तरका वन तथा वातावरण मन्त्रालय तथा अन्तर्गतका वन निर्देशनालयहरु प्रदेश परियोजना व्यवस्थापन इकाइहरु तथा डिभिजन वन कार्यालयहरु एवं सबै सहयोगी कार्यालय तथा निकायहरुलाई हार्दिक धन्यवाद सहित भविष्यमा समेत सहयोग, सुझाव तथा टिप्पणी निरन्तर प्राप्त हुनेछ भन्ने आशा राखेको छु ।

अन्त्यमा, यस केन्द्र अन्तर्गत सञ्चालित कार्यक्रमहरुको तयारी चरणदेखि कार्यान्वयनको अवधिमा नितिगत निर्देशन तथा अन्य समन्वयकारी भूमिका प्रदान गर्नुहुने वन तथा वातावरण मन्त्रालय, कार्यान्वयनमा सहयोगी निकाय र विश्व बैंकको सहयोगी टोलीलाई समेत विशेष आभार व्यक्त गर्न चाहन्छु ।

नवराज पुडासैनी
केन्द्र प्रमुख (सह-सचिव)

# प्रतिवेदनको सारांश

वन विनास रोक्ने, वनको गुणस्तर खस्किन नदिने, वनको संरक्षण गरी कार्बन सञ्चिति गर्ने, वनको दिगो व्यवस्थापन गर्ने र वन कार्बन सञ्चिति अभिवृद्धि गर्ने क्रियाकलापहरुको समष्टिगत रुप नै रेडप्लस हो । रेडप्लस कार्यक्रम अन्तर्गत देहायका पाँचवटा क्रियाकलापहरु (१) वन विनासका माध्यमबाट हुने उत्सर्जन न्यूनीकरण, (२) वन क्षयीकरणका माध्यमबाट हुने उत्सर्जन न्यूनीकरण, (३) वन कार्बन सञ्चिति संरक्षण, (४) वनको दिगो व्यवस्थापन, र (५) वन कार्बन सञ्चिति अभिवृद्धि गर्ने पर्दछन् ।

नेपालले रेडप्लस तयारी चरणका क्रियाकलापहरु आ.ब. २०६६।०६७ देखि सञ्चालन गरिरहेको छ । वनजन्य पारिस्थितिकीय प्रणालीको कार्बन र गैरकार्बन लाभ अभिवृद्धि गर्ने उद्देश्यले वन तथा वातावरण मन्त्रालयले २०७५ सालमा  नेपाल राष्ट्रिय रेडप्लस रणनीति (२०७५-२०७९) कार्यान्वयनमा ल्याएको थियो भने हाल सो रणनीति परिमार्जन भई सन् २०२५ देखि  २०३४ कार्यान्वयनमा ल्याएको छ । यसै रणनीतिलाई कार्यान्वयन गर्ने चरणमा रेड फरेष्ट्री तथा जलवायु परिवर्तन कार्यक्रम वन तथा वातावरण मन्त्रालय अन्तर्गत सञ्चालित रहेको र यो कार्यक्रम पहिलो प्राथमिकता प्राप्त (०१) कार्यक्रमको रुपमा रहेको छ ।

यो कार्यक्रम कार्यान्वयनमा विगतका वर्षहरुमा विश्व वैंकको समेत सहयोग रहेको थियो भने विद्यमान अवस्थामा पनि उत्सर्जन न्यूनीकरण कार्यक्रमलाई विश्व वैङ्कले पनि अपनत्व लिई प्रगति समिक्षा हुने गरेको छ ।यसै कार्यक्रमको लक्ष्यलाई नै आधार बनाएर समय समयमा रेडप्लस कार्यक्रमहरुको समिक्षा गर्ने गरिएको छ । यसले सन् २०१८ देखि तयार गरेको नेपालको तराई भू-परिधि क्षेत्रका १३ जिल्लाको कार्बन उत्सर्जन न्यूनीकरण कार्यक्रम सञ्चालन गरिराखेको छ । यो कार्यक्रमको उद्देश्य वन विनास र क्षयीकरणका कारण र प्रभावहरु घटाई दिगो वन व्यवस्थापन गर्दै कार्बन उत्सर्जन कटौती र कार्बन सञ्चिति वृद्धि गरी कार्बन व्यापारबाट नेपालले लाभ लिनु हो। जसको फलस्वरुप सन् २०२४ सम्म करिव ९० लाख टन कार्बन डाईअक्साइड ग्याँस ऊत्सर्जन कम गरी भुक्तानी लिने गरी विश्व बैंकसँग कार्बन व्यापार सम्झौता भएकोमा अन्तरराष्ट्रिय भुक्तानी लिने गरी पहिलो उत्सर्जन न्यूनीकरण अनुगमन प्रतिवेदन गरिसकेको र तेस्रो पक्षबाट यसको प्रमाणीकरण पनि भई यसै अनुसार प्रथम किस्ता बापत ९.४ मिलियन अमेरिकी डलर रकम पनि प्राप्त भैसकेको छ ।

आर्थिक वर्ष २०८१।०८२ मा रेड कार्यान्वयन केन्द्र मार्फत् मुख्य गरी रेडप्लस कार्यक्रम कार्यान्वयनको लागि सहयोग पुग्ने किसिमका विभिन्न क्रियाकलापहरु र समृद्धिको लागि वन कार्यक्रम तर्फका सङ्घीय इकाईको तर्फबाट, प्रदेश स्तरमा मधेश तथा लुम्बिनीका परियोजना व्यवस्थापन इकाईहरुबाट र यी प्रदेशका ५० वटा स्थानीय तहहरुबाट कार्यक्रम सञ्चालन तथा कार्यान्वयन गरिएको थियो । रेडप्लस तथा समृद्धिका लागि वन कार्यक्रम दुवैतर्फ गरी आ.ब. २०८१।०८२ मा निम्न बमोजिमको प्रमुख क्रियाकलापहरु सम्पन्न भएका थिए ।

आ.ब. २०८१।०८२ मा सम्पन्न क्रियाकलापहरुमा खास गरी उत्सर्जन न्यूनीकरण कार्यक्रम अन्तर्गत वार्षिक प्रतिवेदन छपाई, आयोजनाको भौतिक संरचना मर्मत तथा सुधार, कार्य कक्षको मर्मत सुधार, विशेषज्ञ परामर्शदाताको नियुक्ति, सङ्घीय, प्रदेश र स्थानीय तहको समन्वय बैठक सञ्चालन, आयोजनाको निर्देशक समितिको बैठक सञ्चालन, काष्ठ प्रविधिको विकास, विस्तार र उपयोग सम्बन्धित उद्यम, उद्यमी, विज्ञ, विकासकर्ता आदिसँग अन्तरक्रिया कार्यहरु सञ्चालन गरिएका थिए ।

आ.ब. २०८१।०८२ मा रेड कार्यान्वयन केन्द्र मार्फत सञ्चालन भएको र विनियोजित बजेटको खर्च सारांश निम्न बमोजिम रहेको छ ।

| परियोजना / कार्यक्रम | स्वीकृत बार्षिक बजेट (रु. लाखमा) | खर्च (रु. लाखमा) | खर्च अनुपात (प्रतिशत) |
|---|---|---|---|
| रेड फरेष्ट्री तथा जलवायु परिवर्तन कार्यक्रम | १८९.५१ | १३६.९७ | ७२.२८ |
| समृद्धिका लागि वन परियोजना | १३४११.८० | ६२६१.६३ | ४६.६९ |
| कूल | १३६०१.३१ | ६३९८.६० | |

# विषयसूची


प्रतिवेदनको सारांश

भाग १ १

रेडप्लस कार्यक्रम, संस्थागत संरचना तथा परियोजना परिचय १

१.१ रेडप्लस कार्यक्रमः कार्यान्वयन प्रयास तथा साङ्गठनिक संरचना १

१.२ रेडप्लस प्रक्रियामा नेपालको प्रयास ४

१.३ रेडप्लस कार्यान्वयनको लागि साङ्गठनिक संरचना ८

१.४ समृद्धिका लागि वन परियोजनाको परिचयात्मक जानकारी १७

*१.४.१ समृद्धिका लागि वन परियोजनाको लक्ष्य तथा उद्देश्य १८*

*१.४.२ परियोजनाको प्रमुख लक्ष्यहरु तथा अपेक्षित उपलब्धि १९*

*१.४.३ कार्यान्वयन संरचना १९*

*१.४.४ परियोजना व्यवस्थापन इकाइहरु २०*

*१.४.५ परियोजनाका प्रमुख क्रियाकलापहरु तथा संभागहरु २२*

१.५ आदिवासी जनजाति र स्थानीय समुदायका लागि समर्पित अनुदान संयन्त्र (Dedicated Grant Mechansm –DGM) २३

१.६ Lowering Emissions by Accelerating Forest Finance (LEAF) Coalition सम्बन्धी जानकारी तथा प्रगति २५

१.७ नेपालमा UN REDD को प्राविधिक सहयोग सम्वन्धी जानकारी ३०

भाग- २ ३५

सम्पन्न क्रियाकलापहरुको विवरण ३५

२.१ रेड फरेष्ट्री तथा जलवायु परिवर्तन कार्यक्रम ३५

२.२ समृद्धिको लागि वन कार्यक्रम ३८

२.३ मधेश प्रदेश अन्तर्गतको प्रगति ६६

२.४ लुम्बिनी प्रदेश अन्तर्गतको प्रगति ७९

भाग ३ ९०

आर्थिक प्रगति विवरण ९०

भाग ४ ९३

कार्यक्रम कार्यान्वयनबाट प्राप्त सिकाईहरू ९३

४.१ रेडप्लस कार्यक्रम कार्यान्वयन ९३

४.२ समृद्धिका लागि वन परियोजना कार्यान्वयन गर्दाको सिकाइ र चुनौतीहरू ९७

## चित्रहरुको सूची


| | | |
|---|---|---|
| चित्र नं. १ | उत्सर्जन न्यूनीकरण कार्यक्रम लागु भएका जिल्लाहरु | ७ |
| चित्र नं. २ | नेपालमा रेडप्लसको विकासक्रम | ८ |
| चित्र नं. ३ | रेड कार्यान्वयन केन्द्रको सँगठन संरचना | १० |
| चित्र नं. ४ | रेड कार्यान्वयन केन्द्रको दरबन्दी संरचना | १६ |
| चित्र नं. ५ | समृद्धिको लागि वन कार्यक्रम लागु भएका प्रदेशहरु तथा जिल्लाहरु | १८ |
| चित्र नं. ६ | लिफ कार्यक्रम लागु भएका प्रदेशहरु | २६ |
| चित्र नं. ७ | रेड फरेष्ट्री तथा जलवायु परिवर्तन कार्यक्रमको शुरूवात देखी २०८१।०८२ सम्मको खर्च | ९१ |


## तालिकाहरुको सूची


| | | |
|---|---|---|
| तालिका १ | समृद्धिको लागि वन परियोजनाको प्रमुख लक्ष्य | १९ |
| तालिका २ | सम्वृद्धिको लागि वन कार्यक्रम कार्यान्वयन भएका स्थानीय तहहरु | २१ |
| तालिका ३ | समृद्धिको लागि वन कार्यक्रमको आ.व. २०८१।०८२ को वित्तिय प्रगतिको सारांश | ३८ |
| तालिका ४ | परामर्शदाताको खर्चको विस्तृत विवरण | ३९ |
| तालिका ५ | समृद्धिको लागि वन परियोजनाको वित्तिय व्यवस्थापन सम्वन्धी अभिमुखिकरण तालिम सञ्चालन गरिएको विवरण | ४२ |
| तालिका ६ | वन क्षेत्रमा सुशासन अभिवृद्धि तालिम, गोष्ठी, सेमिनार कार्यक्रम अन्तर्गत संचालित तालिम तथा गोष्ठीहरु | ४४ |
| तालिका ७ | वन क्षेत्र, वन उद्यम एवं वनको विकास, विस्तार र व्यवस्थापन कार्यक्रम अन्तर्गत संचालित तालिम तथा गोष्ठीहरु | ४६ |
| तालिका ८ | पेशागत स्वास्थ्य तथा सुरक्षा एवं लैङ्गिक हिंसा जोखिम न्यूनीकरण सम्वन्धी गोष्ठीहरु | ४९ |
| तालिका ९ | मधेश प्रदेशका उत्कृष्ठ ६ स्थानीय तहहरुको कार्यसम्पादन प्रतिवेदन (आ व २०८०।०८१) | ५४ |
| तालिका १० | लुम्बिनी प्रदेशका उत्कृष्ठ ६ स्थानीय तहहरुको कार्यसम्पादन प्रतिवेदन (आ व २०८०।०८१) | ५६ |
| तालिका ११ | नवप्रबर्तन कार्यक्रम अन्तर्गत सम्पादित कार्यहरुको विवरण | ५७ |
| तालिका १२ | वन डढेलो नियन्त्रणमा दस्ता परिचालन र डढेलो ब्यवस्थापन परिचालन सम्वन्धी मुख्य कृयाकलापहरु | ६० |
| तालिका १३ | समृद्धिको लागि वन परियोजना मधेश प्रदेश ईकाइको बित्तिय प्रगति | ६२ |

तालिका १४ समृद्धिको लागि वन परियोजना लुम्बिनी प्रदेश ईकाइको बित्तिय प्रगति ६३
तालिका १५ समृद्धिको लागि वन कार्यक्रम कार्यान्वयन भएका स्थानीय तहहरुको अवस्था ६४
तालिका १६ आ.व. २०८१।०८२ को वार्षिक वजेट तथा खर्चको सारांश ९०
तालिका १७ आ.व. २०८१।०८२ सम्मको समृद्धिको लागि वन परियोजनाको खर्चको सारांश ९२


## अनुसूचीहरु


अनुसूची १ नेपालमा रेडप्लसको विकासक्रम १०१
अनुसूची २ रेड फरेष्ट्री तथा जलवायु परिवर्तन कार्यक्रम तर्फ आ.ब. २०८१।०८२ को बजेट तथा प्रगति विवरण १०६
अनुसूची ३ समृद्धिको लागि वन कार्यक्रम तर्फ आ.ब. २०८१।०८२ को बजेट तथा प्रगति विवरण १११
अनुसूची ४ रेड कार्यान्वयन केन्द्रद्धारा आ.ब. २०८१।०८२ मा संचालित तालिम गोष्ठीका सहभागीहरुको विवरण ११८
अनुसूची ५ रेड कार्यान्वयन केन्द्रबाट विगतदेखि हालसम्म अन्य निकायहरुमा हस्तान्तरण भएका सम्पत्तिको विवरण १२०
अनुसूची ६ सातौ राष्ट्रिय डिभिजनल वन अधिकृतहरुको कार्यशाला गोष्ठीको बुढानिलकण्ठ घोषणा पत्र १३५
अनुसूची ७ दोश्रो राष्ट्रिय वन संबर्द्धन गोष्ठीको प्रतिवद्धता पत्र १३८
अनुसूची ८ रेड कार्यान्वयन केन्द्रमा हाल कार्यरत कर्मचारीहरुको विवरण १४०
अनुसूची ९ समृद्धिको लागि वन कार्यक्रम अन्तर्गत रेड कार्यान्वयन केन्द्रमा आ ब २०८१।०८२ मा कार्यरत विज्ञ तथा कर्मचारीहरुको विवरण १४१
अनुसूची १० रेड कार्यान्वयन केन्द्रमा सङ्गठन स्थापना देखि हालसम्मका केन्द्र प्रमुखहरुको विवरण १४२
अनुसूची ११ An Exposure Visit to The Kingdom of Thailand अन्तर्गत बिदेश भ्रमणमा जाने कर्मचारीहरुको नामावली १४३
अनुसूची १२ आ ब २०८१।०८२ मा रेड कार्यान्वयन केन्द्रवाट M. Sc. Thesis सहयोग प्राप्त गर्ने विद्यार्थिहरुको विवरण १४४
अनुसूची १३ विविध: रुखको कार्बन मापनको तरिका १४५
अनुसूची १४ रेड फोकल पर्सनहरुको विवरण १४६

# भाग १

# रेडप्लस कार्यक्रम, संस्थागत संरचना तथा परियोजना परिचय

## १.१ रेडप्लस कार्यक्रमः कार्यान्वयन प्रयास तथा साङ्गठनिक संरचना

### पृष्ठभूमी

पृथ्वीको तापक्रम क्रमिक रुपमा बढ्दै जानु तथा विश्वव्यापी रुपमा महसुस गरिएको जलवायु परिवर्तन र यसले पारेका असरहरु सबैको चासोको विषय बनेका छन् । बिसौं शताव्दीको अवधिमा ०.७ डिग्रि सेल्सियसका दरले बढेको तापक्रम २१ औं शताव्दीमा १.८ देखि ४ डिग्रि सेल्सियस सम्म बढ्न सक्ने भनी वैज्ञानिकहरुले अनुमान गरेका छन् । यसरी क्रमिक रुपमा बढीरहेको तापक्रमले मौसममा परिवर्तन आउदा कतिपय स्थानमा खडेरी बढ्न गई मरुभुमिकरण हुने तथा कतिपय स्थानमा भारी वर्षाका कारण बाढी पहिरो आदिको प्रकोप बढ्न गई अधिक मात्रामा विपत्तिको सृजना हुने अनुमान गरिएको छ ।

स्थिर रहनुपर्ने जलवायु सुचकाङ्कहरु जस्तैः तापक्रम, वर्षा, समुन्द्री सतह वृद्धि, प्राणी तथा वनस्पतिमा बढ्दो रोग किराको आक्रमण र प्रकोपजन्य घटनाको वृद्धिलाई जलवायु परिवर्तनको मुख्य प्रभाव मानिएको छ । जस्तो की मुसलधारे र भारी वर्षाका घटनाहरु बढ्नु, व्यापक बाढी पहिरो आदिको अवस्था देखा पर्नु र पानी पर्ने दिनहरुको संख्या कम हुनु, आदि जलवायु परिवर्तनका असरहरु हुन् ।

पृथ्वीको सबैभन्दा बाहिरी सतहमा रहेर पृथ्वीबाट परावर्तन भई बाहिर निस्किने तापीय किरणहरुलाई रोक्ने र पृथ्वीको तापक्रम क्रमिक रुपमा बढाउन भूमिका खेल्ने ग्याँसहरुलाई हरितगृह ग्याँस भनिन्छ । सबै ग्याँसहरुले हरितगृह प्रभाव नदेखाउने भएतापनि कार्बन डाइअक्साइड ($CO_2$), मिथेन ($CH_4$), नाइट्रस अक्साइड ($N_20$), हाइड्रोफ्लोरो कार्बन (HFCs), परफ्लोरो कार्बन (PFCs), सल्फहेक्जाफ्लोराइड ($SF_6$), नाइट्रोजन ट्रिफ्लोराइड ($NF_3$) जस्ता ग्याँसहरुलाई हरितगृह ग्याँसको रुपमा लिईन्छ । जलवायु परिवर्तनको मुख्य कारण पनि विभिन्न स्वरुपमा रहेको हरितगृह ग्याँसहरु वायुमण्डलमा प्रवेश गर्नुलाई मानिएको छ र यसो हुनुमा मानव समुदायमुखी उपयोगका लागि गरिने प्राकृतिक स्रोतहरुको अत्याधिक दोहन, वातावरण प्रदुषण र पर्यावरणीय विनासलाई मानिएको छ ।

जलवायु परिवर्तनको लागि वैज्ञानिक निकायको रुपमा कार्य गरिरहेको अन्तरसरकारी मञ्चले (Intergovernmental Panel on Climate Change-IPCC, २००७) सन् २००७ मा गरेको विश्लेषण अनुसार जलवायु परिवर्तनका मुख्य कारण वायुमण्डलमा बढिरहेको हरितगृह ग्याँसको क्रमिक उत्सर्जन हो र हरितगृह ग्याँसहरुमा सवैभन्दा बढी भूमिका खेल्न सक्ने ग्याँसको रुपमा कार्बन डाइअक्साइड ($CO_2$) ग्याँसलाई मानिएको छ । सन् १९५८ देखि २००१ सम्मको अवधिमा वायुमण्डलमा कार्बनडाइअक्साइड ($CO_2$) ग्याँसको मात्रा ३१५ पि.पि.एम. बाट ३७० पि.पि.एम. सम्म क्रमिक रुपमा बढिरहेको पाइएको छ ।

दिगो वन व्यवस्थापनका माध्यमबाट वातावरणमा उत्सर्जन हुने कार्बन डाइअक्साइड ($CO_2$) ग्याँसको परिमाण कम गर्ने, वातावरणमा कार्बनडाइअक्साइड ग्याँसको खपत अभिवृद्धि गर्ने र जमिनमा कार्बन सञ्चिति वढाउने जस्ता कार्य जलवायु परिवर्तन न्यूनीकरणको लागि अति आवश्यकीय कुराहरु हुन् । वढ्दो जलवायु परिवर्तनलाई न्यूनीकरण गर्नका लागि हरितगृह ग्याँसहरुको उत्सर्जनमा कमी ल्याउन सक्नुपर्दछ । यसका लागि वनजङ्गलको संरक्षण गरी वायुमण्डलमा रहेको प्रमुख हरितगृह ग्याँस, कार्बनडाइअक्साइडको खपत गरी कार्बनको भण्डार वृद्धि गर्ने र वनबाट हुने कार्बनडाइअक्साइडको उत्सर्जन न्यूनीकरण गरी जलवायु परिवर्तनको असरलाई कम गर्न सकिन्छ भन्ने सोचबाट रेडप्लसको अवधारणा विकास भएको हो ।

वन विनास तथा वन क्षयीकरणबाट हुने कार्बन उत्सर्जनलाई न्यूनीकरण गर्ने, वनको प्रभावकारी संरक्षण गर्ने र यसको दिगो व्यवस्थापन मार्फत कार्बन सञ्चिति क्षमता अभिवृद्धि गराउने कार्य गरे वापत विकासोन्मुख मुलुकलाई विकसित राष्ट्रहरुबाट प्रोत्साहन स्वरुप प्राप्त हुने भुक्तानीको अवधारणालाई समग्रमा रेडप्लस -Reducing Emissions from Deforestation and Degradation (REDD) plus Conservation of Forests Carbon Stock, Sustainable Management of Forests and Enhancement of Forests Carbon Stock भनिन्छ । रेडप्लस (REDD+) कार्यक्रम अन्तर्गत निम्नलिखित पाँचवटा क्रियाकलापहरु पर्दछन् ।

- वन विनासका माध्यमबाट हुने उत्सर्जन न्यूनीकरण
- वन क्षयीकरणका माध्यमबाट हुने उत्सर्जन न्यूनीकरण
- वन कार्बन सञ्चितिको संरक्षण
- वनको दिगो व्यवस्थापन
- वन कार्बनको सञ्चितिमा अभिवृद्धि

नेपालले आ.व. २०६६।०६७ देखि रेड फरेष्ट्री तथा जलवायु परिवर्तन कार्यक्रम कार्यान्वयन गर्दै आएको छ । यो कार्यक्रम कार्यान्वयनमा हाल विश्व वैंकको समेत सहयोग रहेको छ । कार्यक्रमको कार्यान्वयनबाट वन विनास तथा वन क्षयीकरणबाट हुने कार्बन उत्सर्जनमा कमी हुन गई नेपाल उत्सर्जन न्यूनीकरण मार्फत कार्बन व्यापारमा सहभागी भै लाभ प्राप्त गर्ने र सो लाभ सम्बन्धित उत्सर्जन न्यूनीकरण गर्न योगदान गर्ने स्थानीय समुदाय वा निकायहरूले प्राप्त गर्ने छन् । फलतः स्थानीय समुदायले गैर कार्बन लाभ समेत प्राप्त हुने हुँदा वनको दिगो व्यवस्थापनमा योगदान अभिवृद्धि हुने अपेक्षा गरिएको छ ।

सन् २०१५ को वन अनुसन्धान तथा सर्वेक्षण केन्द्रबाट प्रकाशित वन स्रोत विवरण अनुसार नेपालमा वनले करिब ५९ लाख ६२ हजार हेक्टर भू—भाग ओगटेको छ जुन नेपालको कूल क्षेत्रफलको ४०.३६५ प्रतिशत हुन आउँछ । हालै वन क्षेत्रले ढाकेको क्षेत्रफल ४५.३२ प्रतिशत पुगेको छ । नेपालको वनमा कूल कार्बन सञ्चिति १ अर्ब ५ करोड ५० लाख टन (औसत १७६.९५ टन प्रति हेक्टर) रहेको अनुमान गरिएको छ जसमध्ये ६१.५३५ प्रतिशत रुखमा (जीवित, सुखड खडा, ढलापडा र सतह मुनिको भाग समेत), ३७.८०५ प्रतिशत माटोमा र ०.६७५ प्रतिशत पात पतिङ्गरमा रहेको छ । यसको अतिरिक्त नेपालमा ६ लाख ४८ हजार हेक्टर बुट्यान क्षेत्र (कूल क्षेत्रफलको ४.३८५ प्रतिसत) रहेको छ जसमा करिब ६ करोड ९ लाख टन (औसतः १०५.२४ टन प्रति हेक्टर) कार्बन सञ्चिति रहेको छ ।

रेडप्लस कार्यक्रमको सिलसिलामा नेपाल तयारी चरणबाट कार्यान्वयन चरणमा गरी प्रवेश गरी प्रथम तहको भूक्तानी चरणमा रहेको छ । रेडप्लस कार्यक्रमको चरणहरु निम्न बमोजिम रहेका छन्

| पहिलो चरणः तयारी | द्वितीय चरणः कार्यान्वयन | तृतिय चरणः भुक्तानी |
|---|---|---|
| राष्ट्रिय रणनीति तर्जुमा, कार्यक्रम तथा कार्ययोजना निर्माण, क्षमता अभिवृद्धि, अध्ययन आदि । | राष्ट्रिय रणनीति, कार्यक्रम, कार्ययोजना कार्यान्वयन, क्षमता अभिवृद्धि आदि । | नतिजामा आधारित भुक्तानीका लागि Monitoring, Reporting and Verification (MRV) सम्बन्धी कार्यहरु तथा लाभ प्राप्ति तथा वितरण आदि । |

नेपालमा वन विनास र अत्यधिक दाउरा सङ्कलनका कारण हुने वन क्षयीकरणबाट बर्षेनी करिब १३ लाख टन कार्बन डाईअक्साइड ग्याँस उत्सर्जन हुने अनुमान छ । नेपालको तराई

भूपरिधि क्षेत्रका १३ जिल्लामा कार्बन उत्सर्जन न्यूनीकरण कार्यक्रम सञ्चालन गरी सन् २०२८ सम्म करिव ३ करोड ४२ लाख टन कार्बन डाईअक्साइड ग्याँस ऊत्सर्जन कम गर्ने लक्ष्य लिएको छ ।

## १.२ रेडप्लस प्रक्रियामा नेपालको प्रयास

वन विनास र वन क्षयिकरणलाई न्यूनीकरण गर्नको लागि नेपालले दशकौं अघिदेखि विभिन्न नीतिगत, संरचनागत तथा कार्यक्रमगत रुपमा पहल कदमी लिँदै आएको छ । रेड प्लसकै सन्दर्भमा भने नेपालले सन् २००४ मा जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्र सङ्घीय महासन्धि अन्तर्गत सन् १९९७ मा आएको क्योटो प्रोटोकलको स्वच्छ विकास संयन्त्र (Clean Development Mechanism-CDM) मा नेपालको सामुदायिक वन लगायतका अन्य वन व्यवस्थापनहरु सन्दर्भमा अनुपयुक्त भएको विचार व्यक्त गरेको थियो र इन्डोनेसियाको बालीमा सन् २००७ मा भएको रेड सम्बन्धी वार्ता र त्यस पछिका रेडप्लस सम्बन्धी वार्ताहरुमा नेपाल सरकार र नागरिक समाजको निरन्तर सहभागिता रहदै आएको छ । फलस्वरुप सन् २००८ मा नेपालले रेडप्लसको तयारीका लागि विश्व बैंकको वन कार्बन साझेदारी सहयोग कार्यक्रमबाट सहयोग प्राप्त गर्न स्वयंसेवी रुपमा अवधारणा पत्र तयार गरी रेडप्लस सम्बन्धी विभिन्न विषयमा चेतनामूलक गोष्ठी र छलफलहरुको सुरुवात गरियो ।

यसै समयमा वन तथा वातावरण मन्त्रालय अन्तर्गत रेड फरेष्ट्री तथा जलवायु परिवर्तन इकाइ (REDD Forestry and Climate Change Cell) स्थापना गरिएको थियो जुन हाल रेड कार्यान्वयन केन्द्रको रुपमा रहेको छ । यस अवधिमा नेपाल सरकारका अलावा विभिन्न दातृ निकाय, गैरसरकारी संघ संस्था तथा विकास साझेदार निकायहरुबाट समेत रेडप्लसका बारेमा परीक्षण परियोजनाहरुको सुरुवात भएको थियो । सन २००८ पछि नै नेपालबाट सरकारी तथा गैरसरकारी क्षेत्रका प्रतिनिधिहरु रेडप्लस सम्बन्धी वार्ता तथा छलफलमा भाग लिन जाने क्रममा वृद्धि भएको देखिन्छ ।

नेपालको रेडप्लस तयारीको चरण मध्ये सन् २००९ लाई महत्वपूर्ण वर्षको रुपमा लिइन्छ । यस वर्षमा रेडप्लसको तयारीका लागि पूर्वतयारी पूर्वतयारी प्रस्तावना (RPP) तयारी र यसका लागि विभिन्न तहमा छलफल तथा परामर्श गोष्ठीको आयोजना गरिनुका साथै रेडप्लस सम्बन्धी सचेतना र क्षमता अभिवृद्धि गर्ने परियोजनाहरुको सुरुवात समेत भएको पाइन्छ । यसै वर्षदेखि नर्वे सरकारको सहयोगमा गोरखा, चितवन र दोलखा जिल्लामा रहेका क्रमशः लुधिखोला,

कयरखोला र चर्नावती जलाधार क्षेत्रमा रहेका सामुदायिक वनहरुमा रेड प्लसको लाभांश वितरण सम्बन्धी ३ वर्षे परीक्षण परियोजना लागु भएको थियो ।

यसका साथै सरकारी तथा गैर सरकारी क्षेत्रमा जलवायु परिवर्तन सम्बन्धी अवधारणा विकासका लागि व्यापक रुपमा छलफल, संवादको कार्य अगाडि बढाइएको थियो । यसै वर्षको अन्त्यतिर नेपाल सरकारले रेडप्लस सम्बन्धी क्रियाकलाप सञ्चालनका लागि रेड फरेष्ट्री तथा जलवायु परिवर्तन एकाइको स्थापना गर्नुका साथै अन्य संस्थागत संरचनाहरुको समेत स्थापना गरेको थियो ।

रेडप्लसको तयारीका लागि नेपालले तयार गरेको पूर्वतयारी प्रस्तावमा राष्ट्रियस्तरबाट पारित भई सन् २०१० को अप्रिलमा विश्व वैंकमा पेश भएको तथा सोही वर्षको जुनमा विश्व वैंकबाट नेपालको रेडप्लस सम्बन्धी पूर्वतयारी प्रस्तावना पारित गरेपछि रेडप्लसको तयारीका काममा तिव्रता आएको थियो ।

विश्व बैंक बाहेक नेपालमा रेडप्लसको परीक्षणका लागि नर्वे, अमेरिका, वेलायत, स्वीट्जरल्याण्ड, फिनल्याण्ड, जापान लगायतका मुलुकहरुद्वारा सहयोग गर्न सुरुवात भएको थियो । सन २०११ देखि २०१२ मा तयारी चरणका विभिन्न कार्यक्रमहरु जस्तैः रेडप्लसका लागि आवश्यक पर्ने तथ्य तथ्याङ्कहरुको तयारीका लागि अध्ययन अनुसन्धान, वन विनाशका कारक तत्वहरुको विश्लेषण, भू-उपयोगको अर्थ राजनीति, नेपालको वन क्षेत्रको आर्थिक महत्व, सामाजिक तथा वातावरणीय रणनीतिक मूल्याङ्कन, कार्बन स्वामित्व, वनको आधारविन्दु, वन कार्बन मापन मार्गदर्शनको विकास, अनुगमन प्रतिवेदन तयारी र प्रमाणीकरण, रेडप्लसको प्राविधिक विषयमा आवश्यक पर्ने अन्य विषयहरुको अध्ययन र विधिहरु विकास, भू-परिधितह (Landscape Level) मा रेडप्लसको परीक्षणका लागि तयारी जस्ता विषयमा गहन अध्ययन साथै राष्ट्रिय रेडप्लस रणनीति, २०७५ (National REDD Plus Strategy, 2018) तयारीका लागि खाका विकास र छलफल तथा परामर्शहरुको सुरुवात भएको पाइन्छ ।

त्यसैगरी सन् २०१३ देखि २०१५ सम्ममा रेडप्लस तयारी चरणका विभिन्न महत्वपूर्ण कार्यहरु सम्पन्न भएको पाइन्छ । यस अवधिमा विश्व बैंकमा तराई भू-परिधि क्षेत्रका लागि उत्सर्जन कटौती कार्यक्रम अवधारणा पत्र (Emission Reduction Program Idea Note (ER - PIN) तयार गरी पेश, रेडप्लस तयारीका लागि आवश्यक रेडप्लस रणनीति तयारी, मापन, प्रतिवेदन र प्रमाणीकरण (Measurement, Reporting and Verification - MRV) प्रणालीको

विकास तयारी, लाभांश वितरण तथा कार्बन उत्सर्जन आधार रेखा (Reference of Emission Level - REL) आदि विषयमा अध्ययनको सुरुवात भएको थियो ।

यसका साथै रेडप्लस रणनीति र यसको कार्यान्वयनको लागि आवश्यक पर्ने संस्थागत संरचना र अन्य दस्तावेजहरुको तयारी, खास गरी तराई भू-परिधि क्षेत्रका लागि उत्सर्जन कटौती कार्यक्रम दस्तावेज (Emission Reduction Program Document - ERPD) तयार गर्ने प्रक्रिया यस अवधिमा सुरु भएको पाइन्छ ।

रेडप्लस तयारी पहिलो चरण (सन् २००९ देखि २०१५) मा सञ्चालन गरेका उल्लिखित क्रियाकलाप तथा अध्ययन अनुसन्धानहरुले नेपालको रेडप्लस सम्बन्धी Warsaw Framework तयारीका लागि चाहिने आवश्यक सूचना, तथ्य तथा तथ्याङ्क सङ्कलनमा ठूलो भूमिका खेलेको पाईन्छ ।

नेपालले रेडप्लस तयारीका लागि चाहिने आवश्यक नीति तथा संरचनाहरु Warsaw Framework को विकास रेडप्लस तयारीको पहिलो चरणमा सम्पन्न गरी नसकेकोले विश्व बैंकले तयारी चरणमा बाँकी काम सम्पन्न गर्न (रेडप्लस तयारी दोश्रो चरणको) अनुदान रकम उपलव्ध गराएको थियो । उक्त सहयोगबाट सन् २०१६ मा विभिन्न महत्वपूर्ण कार्यहरु सम्पन्न भएको पाइन्छ । खास गरी सन् २०१६ मा जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्र सङ्घीय प्रारुप महासन्धीमा नेपालको राष्ट्रिय वनको आधार तह (National Forest Reference Level) पेश भएको, वन लगानी योजना (Forest Investment Plan) तयारी राष्ट्रिय रेडप्लस रणनीति (National REDD Plus Strategy 2075), रेडप्लस कार्यक्रममा लैङ्गिक सम्मिलन (Gender Integration in REDD Plus) सम्बन्धमा मार्गचित्र तथा लैङ्गिक कार्ययोजना तयारी गरिएको थियो ।

सन् २०१७ मा तराई भू-परिधि क्षेत्रका तत्कालीन १२ जिल्लाका लागि (हाल १३ जिल्ला) कार्बन उत्सर्जन न्यूनीकरण दस्तावेज (Emission Reduction Program Document- ERPD) र रेडप्लस कार्यक्रममा लैङ्गिक सम्मिलन (Gender Integration in REDD Plus) सम्बन्धमा मार्ग चित्र तथा लैङ्गिक कार्ययोजना तयार गरी विश्व बैंकमा पेश गरिएको थियो । यसै वर्षको अन्त्यमा नेपालबाट पेश भएको वन लगानी योजना (Forest Investment Plan- FIP) लाई World Bank's FIP Sub-committee ले स्वीकृत गरेको थियो ।

नेपालको रेडप्लस तयारी प्रक्रियामा सन् २०१८ मा नेपालको राष्ट्रिय रेडप्लस रणनीति, राष्ट्रिय वन आधार तह स्वीकृत भएको थियो । त्यसैगरी Biodiversity Monitoring Protocal for

REDD+ तयार गर्ने काम सम्पन्न भयो । सन् २०१९ मा नेपालको तराई भू-परिधिक्षेत्रका १३ जिल्ला (नवलपरासी जिल्ला दुई जिल्लामा विभाजन भए पश्चात् १३ जिल्ला भएको) मा सञ्चालन हुने कार्बन उत्सर्जन न्यूनीकरण कार्यक्रम अन्तर्गत कार्बन व्यापारबाट प्राप्त लाभको बाँडफाँट योजनाको मस्यौदा तयार गरिएको थियो । यी सबै कार्यबाट नेपाललाई उत्सर्जन न्यूनीकरण सम्बन्धित विभिन्न कार्यक्रमहरु कार्यान्वयन गर्न ढोका खुलेको छ । यसैगरी सुरक्षा सूचना प्रणाली (Safeguard Information System) र राष्ट्रिय वन सूचना प्रणाली स्थापना (National Forests Information System) तथा सञ्चालन गर्ने कार्य समेत सम्पन्न भैसकेको छ ।




चित्र नं १: उत्सर्जन न्यूनीकरण कार्यक्रम लागु भएका जिल्लाहरु

रेडप्लस कार्यक्रम कार्यान्वयनको लागि नेपालको तर्फबाट तयारी चरणमा हालसम्म भए गरेका र कार्यान्वयन र भुक्तानीको चरणमा हुने कार्यहरुलाई निम्न चित्र नं. २ मा देखाइएको छ, विस्तृत विवरण अनुसूची १ मा छ ।




Abbreviations: R-PIN= Readiness Plan Idea Note; R-PP = Readiness Preparation Plan; ER-PIN = Emission Reduction Program Idea Note; R-Package = Readiness Package; ER-PD = Emission Reduction Program Document; ERPA = Emission Reduction Payment Agreement; MRV = Measurement, Reporting and Verification

चित्र नं. २: नेपालमा रेड प्लसको विकासक्रम

## १.३ रेडप्लस कार्यान्वयनको लागि साङ्गठनिक संरचना

नेपालमा रेडप्लस कार्यक्रमको प्रभावकारी रुपमा तयारी र नतिजामूलक कार्यान्वयनको लागि वन तथा वातावरण मन्त्रालय अन्तर्गत छुट्टै संरचना रहेको छ । रेड तथा कार्बन व्यापार सम्बन्धी विषयहरुलाई नेपाल सरकारले विशेष महत्व दिएको पाइन्छ । रेड कार्यान्वयन केन्द्रले सम्पादन गर्ने कार्यहरु राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा हुने भएकोले यसले गर्ने कार्यहरुको व्यवस्थापन तथा नीतिगत निर्देशनको लागि उच्च तहदेखि कार्यान्वयन तहसम्म निम्न बमोजिमको संरचनाहरु रहेको छ ।

### राष्ट्रिय रेडप्लस निर्देशक समिति

रेडप्लससँग सम्बन्धित सरोकारवालाहरुलाई निर्णय प्रक्रियामा समावेश गर्नका लागि उच्च तहमा २५ सदस्यहरु रहने गरी वन तथा वातावरण मन्त्रालयका माननीय मन्त्रीज्यूको अध्यक्षतामा विभिन्न मन्त्रालयका सचिवज्यूहरु (वन तथा वातावरण, अर्थ, जलस्रोत, उर्जा र सिंचाइ, कृषि तथा पशुपन्छी विकास, भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण, उद्योग, वाणिज्य तथा आपूर्ति), राष्ट्रिय योजना आयोग, राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगका सचिवज्यूहरु, सातवटै प्रदेश स्थित वन तथा वातावरण क्षेत्र हेर्ने मन्त्रालयका सचिवहरु, स्थानीय सरकारका प्रतिनिधिमूलक संघ/संस्थाका प्रतिनिधिहरु तथा अन्य साझेदार संघ संस्थाका प्रतिनिधिहरु सदस्य र रेड

कार्यान्वयन केन्द्रका प्रमुख सदस्य सचिव रहने गरी बहुपक्षीय, बहुसरोकारवाला उच्चस्तरीय नीतिगत संरचनाको रुपमा एक राष्ट्रिय रेडप्लस निर्देशक समिति रहेको छ ।

यस संरचनाको मुख्य उद्देश्य रेडप्लस कार्यक्रम कार्यान्वयन गर्नका लागि यससँग सम्बन्धित नीति तथा कार्यक्रमहरुका बीच सामञ्जस्यता कायम गर्न आवश्यक वित्त एवं अन्तर मन्त्रालय समन्वय र सहकार्य जुटाउन सहयोग गर्ने रहेको छ । समग्र नीतिगत मार्गदर्शन गर्नुका साथै रेडप्लस कार्यान्वयन र यसमा विभिन्न क्षेत्र र सरोकारवालाहरुको प्रतिनिधित्व गराउने कुराको रेखदेख गर्ने कार्यक्षेत्र रहेको छ ।

## राष्ट्रिय रेडप्लस समन्वय समिति

दोश्रो तहमा वन तथा वातावरण मन्त्रालयका सचिवज्यूको अध्यक्षतामा वन तथा वातावरण मन्त्रालय अन्तर्गतका विभिन्न महाशाखा (जलवायु परिवर्तन व्यवस्थापन, वन तथा जलाधार, सहभागितामुलक वन, वातावरण तथा जैविक विविधता, प्रशासन, योजना अनुगमन तथा समन्वय) का सहसचिवहरु, विभिन्न विभाग (वातावरण, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण, वन तथा भू संरक्षण, वनस्पति) का महानिर्देशकहरु, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र तथा रेड कार्यान्वयन केन्द्रका प्रमुख तथा अन्य साझेदार संघ संस्थाका प्रतिनिधिहरु समेत गरी २५ सदस्य रहने गरी राष्ट्रिय रेडप्लस समन्वय समिति रहने व्यवस्था छ ।
राष्ट्रिय रेडप्लस समन्वय समितिले रेडप्लस स्थायी समितिको बैठकका लागि विषयवस्तुहरु सिफारिस गर्ने, रेडप्लसको कार्यान्वयन र सोको अनुगमन गर्ने, अध्ययन अनुसन्धान प्रतिवेदनहरु अनुमोदन गर्ने लगायतका प्राविधिक प्रकृतिका कार्यहरु गर्दछ ।

## रेड कार्यान्वयन केन्द्र

रेडप्लस सम्बन्धी दैनिक प्रशासनिक कार्यहरु सञ्चालन गर्नका लागि वन तथा वातावरण मन्त्रालय अन्तर्गत रेड कार्यान्वयन केन्द्रको स्थापना गरिएको छ । यस केन्द्रमा वन सेवा जनरल फरेष्ट्रि सेवाको सह सचिवको नेतृत्वमा बजेट तथा कार्यक्रम शाखा, दूर संवेदन तथा भू-सूचना प्रणाली शाखा, जलवायु व्यवस्थापन शाखा र आर्थिक तथा प्रशासन शाखा रहेका छन् । यस केन्द्रको नियमित कार्य सञ्चालनको लागि १३ जना कर्मचारीहरुको दरबन्दी रहेको छ । यस सम्बन्धी विस्तृत विवरण चित्र नं. ३ र ४ मा दिइएको छ ।

नेपालमा रेडको प्रभावकारी रुपमा तयारी र नतिजामूलक कार्यान्वयनको जिम्मेवारी पाएको रेड कार्यान्वयन केन्द्रको काम, कर्तव्यहरुमा मुख्य गरी रेडप्लसको नतिजामूलक भुक्तानी प्राप्तिका लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय कोषहरु पहिचान गरी पहुँच पुर्याउने, रेडप्लस सम्बन्धी नीति निर्माण र निर्णयका लागि विभिन्न क्षेत्र र सरोकारवालाहरुसँग समन्वय गर्ने, वन क्षेत्रबाट हुने हरितगृह ग्याँस उत्सर्जनको विषयलाई नियमन गर्न समन्वय गर्ने, रेडप्लसबाट प्राप्त लाभको बाँडफाँटका लागि समन्वय गर्ने, रेडप्लसमा सुरक्षा (Safeguard) को कार्यान्वयन र अनुगमनमा समन्वय गर्ने, राष्ट्रिय वन सूचना प्रणालीको स्थापना र सञ्चालन गर्ने, राष्ट्रिय रेडप्लस रणनीति र उत्सर्जन न्यूनीकरण कार्यक्रम कार्यान्वयनका लागि समन्वय गर्ने, रेडप्लस सम्बन्धी अध्ययन अनुसन्धान तथा प्रकाशन र प्रचार प्रसार गर्ने, वन कार्बनको दर्ता, राष्ट्रिय वन अनुगमन प्रणालीको स्थापना र कार्बन मापन, प्रतिवेदन तयारी र प्रमाणीकरणको लागि वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रसँग समन्वय गर्ने, उत्सर्जन न्यूनीकरण कार्यक्रम अनुसार निजी वनलाई प्रोत्साहन गर्नका लागि निजी वन धनीहरुसँग सम्झौता गर्ने व्यवस्थाहरुको विकास गर्ने रहेका छन् ।




चित्र नं. ३: रेड कार्यान्वयन केन्द्रको सँगठन संरचना

## रेडप्लस सम्बन्धी नीतिगत तथा कानुनी व्यवस्था र रेड कार्यान्वयन केन्द्र

कार्बन सेवा, कार्बन सञ्चिति, कार्बन उत्सर्जन न्यूनीकरण, कार्बन व्यापार र सोबाट प्राप्त लाभको बाँडफाँट जस्ता कार्य नेपालको संविधान बमोजिम संघको कार्यक्षेत्रमा पर्ने र नेपाल सरकारले गर्नु पर्ने संबैधानिक, नीतिगत र कानुनी व्यवस्था रहेको छ । नेपालको संबिधान (२०७२) बमोजिम सङ्घिय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने र कार्बन सेवा संघको अधिकार सूचि मा रहेको छ।

वन ऐन, २०७६ मा कार्बन सेवा र सोबाट प्राप्त हुने सेवालाई वातावरणीय सेवाको रुपमा लिईएको (दफा २ (भ)) र कार्बन सञ्चिति तथा उत्सर्जन न्यूनीकरणबाट प्राप्त लाभको व्यवस्थापन, उपयोग तथा लाभांशको बाँडफाँट नेपाल सरकारले निर्धारण गरे बमोजिम हुने (दफा ४४ (क)) उल्लेख छ। त्यसै गरी वातावरण संरक्षण ऐन, २०७६ मा नेपाल सरकारले कार्बन उत्सर्जन न्यूनीकरण र सञ्चितिकरणका लागि अन्तरराष्ट्रिय सन्धिहरूबाट स्थापित संयन्त्र, विदेशी सरकार वा संस्था, व्यावसायिक निकाय वा निजी क्षेत्रसँग हुने कार्बन व्यापारमा भाग लिन सक्ने व्यवस्था (दफा २८ (१)) रहेको छ ।

अतयवः नेपालको प्रचलित संबैधानिक, नीतिगत तथा कानुनी व्यवस्था अनुसार पनि यी सम्बन्धी कार्यहरु संघ वा नेपाल सरकारको तर्फबाट हालसम्म यस केन्द्रले प्रदेश तथा स्थानीय समुदायहरुसँग सहकार्य गर्दै आइरहेको छ ।

वन नीति, २०७५ मा कार्बन उत्सर्जन न्यूनीकरण गर्न काठको उत्पादन र सदुपयोग बढाउने र वन क्षेत्रबाट कार्बन उत्सर्जन न्यूनीकरणमा पुर्याइने योगदान बापत अन्तरराष्ट्रिय संयन्त्रबाट भुक्तानी पाउने अवसरको उपयोग गरिने नीतिगत व्यवस्था रहेको पाइन्छ। राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६ मा दिगो वन व्यवस्थापन अवलम्वन गरी वनको कार्बन सञ्चिति वृद्धि, रेडप्लस मार्फत कार्बन सञ्चिति बढाई प्राप्त आर्थिक लाभको न्यायोचित वितरण, रेडप्लस र कार्बन व्यापार आदिबाट वित्तीय स्रोत प्राप्ति र परिचालन गरिने उल्लेख छ। नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम कार्बन सेवा र कार्बन सञ्चिति नेपाल सरकार, वन तथा वातावरण मन्त्रालयको कार्यक्षेत्रमा रहेकोमा वन विनास र वनको क्षयीकरण रोकी वनको दिगो व्यवस्थापन मार्फत कार्बन सञ्चिति बढाई कार्बन व्यापार गर्ने सम्बन्धी काम यस केन्द्रको कार्य जिम्मेवारीमा पर्दछ।

रेड कार्यान्वयन केन्द्र को कार्यक्रम र कार्य जिम्मेवारी देहाय बमोजिम छन् ।

- नेपालको वन स्रोतलाई कार्बन व्यापारमा लैजान आधारहरू तयार गर्ने ।
- वन कार्बन उत्सर्जन न्यूनीकरण कार्यक्रम लगायत रेडप्लस रणनीतिको कार्यान्वयन तथा अनुगमन।
- वन कार्बन सञ्चिति तथा उत्सर्जन न्यूनीकरणको नतिजामा आधारित भुक्तानीको दावी सम्बन्धी।
- वनस्रोतको दिगो व्यवस्थापन।
- वन विनास तथा वनको क्षयीकरण नियन्त्रणका लागि समन्वय सम्बन्धी ।
- वनस्रोतबाट प्राप्त हुने कार्बन तथा गैरकार्बन लाभहरुको पहिचान गरी तिनको दिगो उपयोगको व्यवस्था।
- रेडप्लससँग सम्बन्धित रणनीति, योजना, कार्यक्रम, संझौता, प्रचारप्रसार तथा क्षमता अभिवृद्धि ।
- रेड प्लसमा कार्यरत संघसंस्था, दातृ निकायसँग समन्वय र सहकार्य गरी नेपालको समग्र रेडप्लस प्रक्रिया र विकासलाई दिशा निर्देश गर्ने सम्बन्धी ।
- रेडप्लससँग सम्बन्धित राष्ट्रिय तथा अन्तराष्ट्रिय समन्वय, वित्त प्रबन्ध, अन्तर्राष्ट्रिय वार्ता, गुनासो व्यवस्थापनको समन्वय, अध्ययन अनुसन्धानको प्रकाशन गर्ने।
- कार्बन तथा गैरकार्बन लाभहरुको न्यायोचित बाँडफाँट गर्ने।
- रेडप्लसको तयारी, कार्यान्वयन, क्षमता अभिवृद्धि, ज्ञानको व्यवस्थापन, नतिजामा आधारित भुक्तानी आदिका लागि प्रस्ताव लेखन, प्रस्तुति तथा पैरवी गर्ने।
- रेडप्लससँग सम्बन्धित अन्तराष्ट्रिय निकायको सम्पर्क विन्दु भई काम गर्ने।
- वन कार्बनको संरक्षण तथा सञ्चिति बढाउने कार्यहरु।
- रेडप्लस वा अन्य कार्बन व्यापार संयन्त्रमा समावेश हुन चाहने निजी वन धनीहरुलाई आवद्ध गराउने।
- रेडप्लस लगायत कार्बन उत्सर्जन न्यूनीकरण तथा कार्बन सञ्चितिसँग सम्बन्धित वातावरणीय तथा सामाजिक सुरक्षा।
- रेडप्लससँग सम्बन्धित जैविक विविधता अनुगमनको तयारी तथा कार्यान्वयन।
- कार्बन रजिष्ट्री, राष्ट्रिय वन सूचना प्रणाली, सुरक्षा सूचना प्रणाली व्यवस्थापन।
- अन्य सम्बन्धित कार्यहरु ।

## बजेट तथा कार्यक्रम शाखा

- रेड कार्यान्वयनको लागि आवश्यक पर्ने नीति तथा रणनीतिको तर्जुमा गर्ने ।
- दीर्घकालीन, अल्पकालीन र आवधिक योजना तथा कार्यक्रमहरु तर्जुमा गरी तोकिएको समयभित्र प्रमुख समक्ष पेश गर्ने ।
- बैठक, सभा, सम्मेलन, अध्ययन भ्रमण आदिबारे कार्यक्रम स्वीकृत गराई कार्यान्वयन गर्ने ।
- कार्यक्रम आयोजनाको मासिक, चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन तयार गरी प्रमुख समक्ष पेश गर्ने ।
- दातृ निकायलाई पठाउनु पर्ने प्रगति विवरणहरु समयमै तयार गरी प्रमुख समक्ष स्वीकृतिको लागि पेश गर्ने ।
- Emission Reduction- Programme Idea Note / Readiness-Package तयारी गर्ने कार्यमा यस केन्द्रबाट सहयोगी निकायसँग समन्वय गर्ने र भए गरेको प्रगतिको जानकारी प्रमुखलाई गराउने ।
- योजना तयारी तथा कार्यक्रम कार्यान्वयनको चरणमा गर्नुपर्ने प्रचार प्रसार एवं क्षमता अभिवृद्धि कार्यक्रमको लागि आवश्यक पर्ने मार्ग चित्र तयार गरी प्रमुख समक्ष पेश गर्ने ।
- रेड नमुना परीक्षण (Piloting) बाट प्राप्त भएका सिकाई र अभ्यासहरुको जानकारी-विवरण सङ्कलन गरी मस्यौदा तयार गरी प्रमुख समक्ष पेश गर्ने ।
- रेडप्लस नमूना परीक्षण (Piloting) सम्बन्धी विवरण अद्यावधिक गरी Website update गर्न सहयोग गर्ने ।
- रेड सम्बन्धी प्रचार प्रसार सामग्री तयारी, उत्पादन गर्न मस्यौदा सहित प्रमुख समक्ष पेश गर्ने ।
- यस केन्द्रको Outreach Plan तयार गरी सो को कार्यान्वयन गर्न आवश्यक पर्ने स्रोत र कार्यान्वयनको रुपरेखा तयार गरी प्रमुख समक्ष पेश गर्ने ।
- रेड कार्य समूह र वहुसरोकारवालाहरुको बैठक-गोष्ठीको लागि आवश्यक तयारी गर्ने र भएका निर्णय एवं छलफलका बुँदाहरु टिपोट गरी प्रमुख समक्ष पेश गर्ने ।
- तोकिएका अन्य कार्यहरु गर्ने ।

## जलवायु व्यवस्थापन शाखा

- जलवायु परिवर्तन समानुकूलन सम्बन्धी आयोजनाको सोचपत्रहरु तयार गरी केन्द्र प्रमुख समक्ष पेश गर्ने ।
- पारिस्थितिक तथा समुदायमा आधारित समानुकूलन सम्बन्धी कार्यक्रम वारे सोचपत्र तयार गरी केन्द्र प्रमुख समक्ष पेश गर्ने ।
- वनमा आधारित समानुकूलन कार्यक्रमको सम्पर्क विन्दु (Focal Point) को रुपमा रही कार्यक्रमहरुको समन्वय गर्ने ।
- नमूना परीक्षणका रुपमा कार्यान्वयन भईरहेका समानुकूलन कार्यक्रमहरुको विवरण अद्यावधिक गरी प्रतिवेदन तयार गर्ने ।
- यस शाखाको कार्यसँग सम्बन्धित विषयमा अध्ययन, तालिम, गोष्ठी, सेमिनार, आदि सञ्चालनको लागि लागत अनुमान सहित कार्यक्रम स्वीकृत गराई कार्यान्वयन गर्ने ।
- आफ्नो शाखाबाट सम्पादित कार्यको मासिक, चौमासिक र वार्षिक प्रगति प्रतिवेदन तयार गरी प्रमुख समक्ष पेश गर्ने ।
- तोकिएका अन्य कार्यहरु गर्ने ।

## दूर संवेदन तथा भू-सूचना प्रणाली शाखा

- यस शाखाबाट मापन, प्रतिवेदन र प्रमाणीकरण (MRV) सँग सम्बन्धित अध्ययन अनुसन्धान सम्बन्धी कार्यहरु गर्ने, सेवा प्रदायकलाई सहजिकरण गर्ने एवं विषयगत प्राविधिक समितिमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।
- रेड कार्यान्वयनको लागि आवश्यक पर्ने कार्बन मापन, अनुगमन प्रतिवेदन प्रमाणीकरणसँग सम्बन्धित विषयवस्तुमा गरिने अध्ययन अनुसन्धान कार्यमा सक्रिय रुपमा सहभागी भई अभिलेख अद्यावधिक गर्ने ।
- कार्बन मापन र आँकलन गर्ने सम्बन्धी सञ्चालित Piloting कार्यलाई रेड कार्यान्वयन केन्द्रको तर्फबाट समन्वय र सहजिकरण गर्ने ।
- यस शाखासँग सम्बन्धित अध्ययनहरुमा संलग्न सेवा प्रदायकसँग सम्पर्क विन्दूको रुपमा रही प्रक्रिया र विधिबारे पूर्ण जानकारी राख्ने ।
- आफ्नो शाखाबाट सम्पादित कार्यको मासिक, चौमासिक र वार्षिक प्रगति प्रतिवेदन तयार गरी प्रमुख समक्ष पेश गर्ने ।

- वन मापन र अनुगमन प्रतिवेदन तयारी सम्बन्धी नविनतम प्राविधिक ज्ञानबारे अध्ययन-अनुसन्धान गरी सहकर्मी बीचमा छलफल-प्रसार गर्ने ।
- यस शाखाको कार्यसँग सम्बन्धित विषयमा तालिम, गोष्ठी, सेमिनार सञ्चालनको लागि कार्यक्रम स्वीकृत गराई कार्यान्वयन गर्ने ।
- तोकिएको अन्य कार्यहरु गर्ने ।

## आर्थिक प्रशासन शाखा

आर्थिक प्रशासन शाखाले परियोजनाको वित्तीय व्यवस्थापन र लेखा प्रक्रियालाई प्रभावकारी बनाउन विभिन्न कार्यहरू सम्पन्न गर्छ। यस शाखाले निम्न जिम्मेवारीहरू निर्वाह गर्दछ:

- आयोजना अन्तर्गत भएका वित्तीय गतिविधिहरूको विस्तृत प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा प्रस्तुत गर्ने।
- खर्चको विवरणको आधारमा समयमै शोधभर्ना (Reimbursement) माग गरी वित्तीय प्रवाहलाई नियमित राख्ने।
- परियोजनाका विभिन्न क्षेत्र वा उपकार्यक्रमहरूमा बजेटको वितरण तथा खर्चको फाँटवारी (Breakdown) तयार गर्ने।
- बजेट, खर्च, तथा वित्तीय विवरणहरूलाई प्रभावकारी रूपमा व्यवस्थापन गर्ने।
- परियोजनाका वित्तीय अभिलेखहरूको लेखापरीक्षण (audit) गराई पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्ने।
- बेरुजु (Unsettled Advances) विवरण राखी त्यसको फछ्र्यौट गर्ने, फछ्र्यौट प्रक्रियाको अनुगमन तथा सम्परीक्षण गर्ने।
- निर्धारित अवधिमा वित्तीय प्रतिवेदनहरू सम्बन्धित निकायहरूमा पेश गर्ने।
- परियोजनाका विभिन्न खर्च केन्द्रहरूको खर्च व्यवस्थापनको नियमित अनुगमन गर्ने र सुधार आवश्यक परेको क्षेत्रमा आवश्यक निर्देशन दिने।
- परियोजनामा संलग्न लेखा कर्मचारीहरू तथा सम्पर्क विन्दुहरूको क्षमता विकासका लागि तालिम तथा कार्यशाला आयोजना गर्ने।
- वार्षिक बजेट तयारी प्रक्रियामा आवश्यक परामर्श तथा सहयोग प्रदान गर्ने।
- कार्यालयका प्राथमिकता तथा आवश्यकताअनुसार अन्य वित्तीय प्रशासनसँग सम्बन्धित कार्यहरू सम्पन्न गर्ने।
- तोकिएका अन्य कार्यहरू गर्ने ।

## प्रदेशस्तरमा प्रदेश वन निर्देशनालय अन्तर्गत रेड फोकल डेस्क

प्रदेश वन निर्देशनालय अन्तर्गत रेड फोकल डेस्कले निम्न जिम्मेवारीहरू वहन गर्दछः

**प्रदेश स्तरमा रेड सम्बन्धी कार्यहरूको समन्वय**

- प्रदेशस्तरमा रेड सम्बन्धी योजनाहरूको समन्वय र कार्यान्वयन सुनिश्चित गर्ने।
- सम्बन्धित सरोकारवालाहरू, सरकारी तथा गैरसरकारी निकायहरूबीच सहकार्यलाई मजबुत बनाउने।

**रेड कार्यान्वयन केन्द्रसँग समन्वय गरी स्वीकृत कार्यक्रम कार्यान्वयन**

- रेड कार्यान्वयन केन्द्रबाट स्वीकृत योजना, नीति, तथा कार्यक्रमहरूको कार्यान्वयनमा सहजीकरण।
- रेड सम्बन्धी अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन तयार पार्न सहयोग।

**स्थानीय तह र समुदायहरूसँग समन्वय**

- रेड सम्बन्धी गतिविधिहरूमा स्थानीय तह र समुदायको सहभागिता सुनिश्चित गर्ने।
- सामुदायिक वन, उपभोक्ता समूहहरू, र सरोकारवाला संस्थाहरूसँग प्रत्यक्ष समन्वय गरी रेड का लक्ष्य प्राप्त गर्ने।

**रेड क्रियाकलापहरूको कार्यान्वयनमा समन्वयको कार्य**

- रेड अन्तर्गत हुने वृक्षरोपण, वन संरक्षण, तथा कार्बन स्टक वृद्धिका गतिविधिहरूमा समन्वय।
- रेड सम्बन्धी जनचेतना अभिवृद्धि कार्यक्रमहरूको सञ्चालन तथा प्रचार-प्रसार।




चित्र नं ४: रेड कार्यान्वयन केन्द्रको दरबन्दी संरचना

## १.४ समृद्धिका लागि वन परियोजनाको परिचयात्मक जानकारी

नेपाल सरकार तथा विश्व बैङ्कको संयुक्त प्रयासबाट नेपालको लुम्बिनी प्रदेश तथा मधेश प्रदेशमा दिगो वन व्यवस्थापन तथा साना तथा मझौला वन उद्यमहरुलाई प्रवर्द्धन तथा विकास गर्नका लागि यो परियोजना वन लगानी कार्यक्रम अन्तर्गत तर्जुमा भएको हो । यस परियोजना विश्व बैङ्कको ऋण तथा अनुदानमा नेपाल सरकार तथा विश्व बैङ्कबीच सन् २०२१ मार्च १९ मा सम्झौता भई वन तथा वातावरण मन्त्रालय, कृषि विकास बैङ्क र विश्व बैङ्कले संयुक्त रुपमा कार्यान्वयन भइरहेको परियोजना हो ।

यो परियोजना प्रदेशस्तरमा मधेश तथा लुम्बिनी प्रदेशमा कार्यान्वयनमा रहेको छ। यस परियोजनाको केन्द्रमा परियोजना व्यवस्थापन इकाइ, रेड कार्यान्वयन केन्द्रमा रहेको छ भने प्रदेशस्तरमा प्रदेश मन्त्रालय अन्तर्गत प्रदेश वन निर्देशनालयमा परियोजना व्यवस्थापन इकाइ रहेका छन् । यसै गरी दुवै प्रदेशका गरी ५० वटा स्थानीय तहहरुको वातावरण तथा विपद् व्यवस्थापनको कार्य गर्ने शाखाले परियोजना समन्वय तथा कार्यान्वयनको लागि कार्य गर्नेछ । यसैगरी कृषि विकास बैङ्कले ऋण परिचालन गर्ने इकाइको रुपमा कार्य गरिरहेको छ ।

यस परियोजनाका लागि विश्व बैङ्कले ३ करोड ६० लाख अमेरीकी डलर करिब ५ अरब नेपाली रुपैयाँ लगानी उपलब्ध गराएको छ । यसमध्ये ५१ प्रतिशत अनुदान १ करोड ८१ लाख अमेरीकी डलर तथा ४९ प्रतिशत ऋण १ करोड ७९ लाख अमेरीकी डलर सहायता रहेको छ ।

यो परियोजना २०७८ श्रावण १ गते (सन् २०२१ को जुलाई १६ तारिख) देखि सञ्चालनमा आएको छ । यस आयोजनाको अवधि आ.व. ०७८/०७९ देखि आ.व. ०८२/०८३ सम्म (सन् २०२१ देखि २०२६) रहनेछ । यस परियोजनाको अवधि थप एक बर्ष गरी सन २०२६ सम्म विस्तार भएको हो ।




चित्र नं. ५: समृद्धिको लागि वन कार्यक्रम लागु भएका प्रदेशहरु तथा जिल्लाहरु

## १.४.१ समृद्धिका लागि वन परियोजनाको लक्ष्य तथा उद्देश्य

**लक्ष्य**

यस परियोजनाको समग्र लक्ष्य दिगो वन व्यवस्थापन (Sustainable Forest Management-SFM) मा सुधार गर्ने, वनबाट प्राप्त हुने फाइदाहरु वृद्धि गर्ने र नेपालको मधेश प्रदेश र लुम्बिनी प्रदेशस्थित छनौट गरिएका पालिकाहरुभित्र खुद हरित ग्याँस उत्सर्जन न्यूनीकरणमा योगदान गर्ने रहेको छ।

**उद्देश्य**

**१. वनको समग्र उत्पादकत्व वृद्धि**

- छोटो र मध्यम अवधिका प्रतिफलहरुलाई प्राथमिकता दिँदै, वन क्षेत्रको दीर्घकालीन उत्पादकत्व सुनिश्चित गर्ने।

- वन व्यवस्थापनमा नवीनतम प्रविधिको प्रयोग, दिगो वन व्यवस्थापन कार्यमा सुधार र जैविक विविधताको संरक्षणमार्फत उत्पादन क्षमता वृद्धि गर्ने।

**२. साना तथा मझौला उद्यमहरुको विकास र सुधार**

- वनमा आधारित उद्यमहरुको आर्थिक सशक्तिकरण, रोजगारी सिर्जना र आर्थिक गतिविधिहरु बढाउन सहयोग गर्ने।
- साना तथा मझौला उद्यमहरुलाई क्षमता अभिवृद्धि, वित्तीय सहायता र बजार पहुँचमा सुधारका लागि नीति निर्माणमा योगदान गर्ने।

**३. कार्बन उत्सर्जन न्यूनीकरण**

- तराई भू-परिधि क्षेत्रभित्र उत्सर्जन न्यूनीकरण कार्यक्रम अन्तर्गत कार्बन उत्सर्जन न्यूनीकरणको लक्ष्यमा योगदान गर्ने।

### १.४.२ परियोजनाको प्रमुख लक्ष्यहरु तथा अपेक्षित उपलब्धि

यस परियोजनाको उद्देश्य पुरा गर्नको लागि निम्न मूख्य लक्ष्य निर्धारण गरिएको छ

तालिका नं १ः समृद्धिको लागि वन परियोजनाको प्रमुख लक्ष्य

| नतिजा सूचकको विवरण | इकाइ | लक्ष्य |
|---|---|---|
| १. लक्षित वन र नजिकका समुदायहरुबाट मौद्रिक वा गैह्रमौद्रिक फाइदा प्राप्त गर्ने जनता | संख्या | १,१०,००० |
| २. हरित ग्यास उत्सर्जन न्यूनीकरण , | मिलियन मेट्रिक टन, $CO_2e$ | १७.७४ |
| ३. परियोजनाका कार्यान्वयनबाट लाभान्वित सन्तुष्ट वा अति सन्तुष्ट जनताहरु | प्रतिशत | ८०.०० |
| ४ व्यवस्थापन योजना अन्तर्गत ल्याइएको वनक्षेत्र | हेक्टर | १,००००० |

### १.४.३ कार्यान्वयन संरचना

परियोजनाको कार्यान्वयनको लागि केन्द्रमा वन तथा वातावरण मन्त्रालयले नेतृत्व लिएको छ । केन्द्रमा वन तथा वातावरण मन्त्रालयका सचिवको अध्यक्षतामा विभिन्न मन्त्रालय, सम्बन्धित विभागहरु, कृषि विकास बैङ्क, वन उद्यमीको संस्था, समुदायमा आधारित सहयोगी

सञ्जालहरु (वन समूह, निजी वन, आदिवासी जनजाति, महिला आदि) सहितको बहुसरोकारवाला परियोजना निर्देशक समिति र प्रदेशमा वन क्षेत्र हेर्ने मन्त्रालयका सचिवको अध्यक्षतामा बहुसरोकारवाला प्रदेशस्तरीय परियोजना निर्देशक समिति रहेको छ ।

### १.४.४ परियोजना व्यवस्थापन इकाइहरु

कार्यक्रम व्यवस्थापनका लागि केन्द्रमा राष्ट्रिय परियोजना निर्देशकको नेतृत्वमा परियोजना व्यवस्थापन इकाइ वन तथा वातावरण मन्त्रालय अन्तर्गत रेड कार्यान्वयन केन्द्रमा रहेको र प्रदेशमा प्रादेशिक परियोजना संयोजकको नेतृत्वमा प्रदेश स्तरीय परियोजना व्यवस्थापन इकाइ वन क्षेत्र हेर्ने मन्त्रालय अन्तर्गत वन निर्देशनालयले व्यवस्थापन गर्ने व्यवस्था रहेको छ ।

| **सङ्घीय तह** | **प्रदेश तह** |
|---|---|
| • रेड कार्यान्वयन केन्द्र, बबरमहल, काठमाडौं, आयोजना व्यवस्थापन इकाइ — १ केन्द्र<br>• सार्वजनिक ऋण व्यवस्थापन कार्यालय, त्रिपुरेश्वर, काठमाडौ<br>• कृषि विकास बैङ्क मुख्य कार्यालय, रामशाहपथ, काठमाडौं | • प्रदेश आयोजना व्यवस्थापन इकाइ — २ प्रदेश (मधेश तथा लुम्बिनी) ।<br>  ○ डिभिजन वन कार्यालयहरु २२ वटा ।<br>• कृषि विकास बैङ्कका शाखा कार्यालयहरु सबै प्रदेशमा ।<br>**स्थानीय तह**<br>• कार्यान्वयन फोकल इकाइ ५० वटा स्थानीय तहहरुका वन तथा वातावरण क्षेत्र हेर्ने शाखा |

डिभिजन वन कार्यालयहरु मार्फत दिगो वन व्यवस्थापन सम्बन्धी कार्यहरु सञ्चालन हुने कार्यक्रम प्रदेश परियोजना व्यवस्थापन इकाइ मार्फत बजेट प्रवाह प्रदेशको बजेट प्रणालीबाट हुने गरी व्यवस्था गरिएको छ । प्रदेशमा वन क्षेत्र हेर्ने मन्त्रालयहरुमा दुबै प्रदेशमा परियोजना व्यवस्थापन एकाइहरु एक एक गरी दुइ वटा खर्च केन्द्र तथा २० जिल्लाका २२ डिभिजन वन कार्यालयहरु रहेका छन् भने स्थानीय तहहरु ५० वटामा नै खर्च केन्द्र रहेका छन् । कृषि विकास बैङ्कले पनि ऋण परिचालन गर्ने तथा यस ऋणको व्यवस्थापन केन्द्रमा सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले गर्ने भएकोले औपचारिक रुपमा यी दुवै निकायहरु पनि खर्च

केन्द्रको रुपमा रहेका छन् ।ऋण परिचालनको कार्य कृषि विकास वैङ्कका शाखाहरु मार्फत मात्र भैरहेको छ ।

यो परियोजनाको कार्यक्षेत्र खासगरी दिगो वन व्यवस्थापन र उद्यम विकास तथा प्रवर्द्धनको कार्यहरू मधेश प्रदेश र लुम्बिनी प्रदेश भित्रका सम्पूर्ण क्षेत्रमा कार्यान्वयन हुनेछन् भने स्थानीय तहहरु मार्फत् कार्यान्वयन हुने कार्यक्रम खासगरी निजी वन विकास तथा व्यवस्थापन र सार्वजनिक जग्गामा वन विकास तथा व्यवस्थापनका कार्यहरू हाललाई मधेश र लुम्बिनी प्रदेशमा २५/२५ वटा स्थानीय तहहरु गरी ५० वटामा काम गर्ने गरी कार्य क्षेत्र रहेको छ ।

तालिका नं २: समृद्धिका लागि वन कार्यक्रम कार्यान्वयन भएका स्थानीय तहहरु

| प्रदेश | जिल्लाहरु | स्थानीय तहहरु |
|---|---|---|
| मधेश प्रदेश | सप्तरी | हनुमाननगर कङ्कालिनी, तिरहुत, महादेवा |
| | सिरहा | नवराजपुर, औरही, बरियारपट्टी |
| | धनुषा | जनकपुरधाम, मिथिला बिहारी, लक्ष्मिनीया |
| | महोत्तरी | जलेश्वर, बर्दिबास, एकडारा |
| | सर्लाही | पर्सा, ब्रम्हपुरी, हरिपुर्वा, हरिवन |
| | रौतहट | दुर्गा भगवती, राजदेवी, माधव नारायण |
| | बारा | पचरौता, देवताल, सुवर्ण |
| | पर्सा | बीरगञ्ज, जगरनाथपुर, पटेर्वा सुगौली |
| लुम्बिनी प्रदेश | नवलपरासी पश्चिम | सुनवल, सरावल |
| | रुपन्देही | सैनामैना, कञ्चन, देवदह, लुम्बिनी सांस्कृतिक |
| | पाल्पा | बगनासकाली, तिनाउ, रैनादेवी छहरा |
| | कपिलवस्तु | शिवराज, बुद्धभूमि, बाणगङ्गा |
| | अर्घाखाँची | शितगङ्गा, पाणिनी |
| | प्यूठान | सरुमारानी |
| | रोल्पा | रुन्टिगढी |
| | दाङ | घोराही, लमही, राप्ती, बंगलाचुली |
| | बाँके | कोहलपुर, बैजनाथ, खजुरा |
| | बर्दिया | बाँसगढी, बढैयाताल |

यो परियोजना सञ्चालनका लागि जिल्लाहरुमा रहेका प्रदेश स्तरका वन क्षेत्रका कार्यालयहरु डिभिजन वन कार्यालय तथा सब डिभिजन वन कार्यालयहरु लगायतको भूमिका तथा प्राविधिक सहयोग यस परियोजनाको मुख्य ज्ञान तथा प्रविधिको स्रोत रहेको छ । धेरै प्राविधिक ज्ञानको आवश्यक पर्ने नर्सरी, दिगो वन व्यवस्थापन तथा वृक्षरोपण लगायतका क्रियाकलापहरुको लागि प्राविधिक व्यवस्थापन यी कार्यालयहरुबाट गर्ने प्रावधान रहेको छ ।

त्यसैगरी परियोजना कार्यान्वयनका लागि परियोजना सञ्चालन निर्देशिका २०७९, वृक्षरोपण अनुदान निर्देशिका २०७९ (परिमार्जन २०८१), समुदायमा आधारित वन व्यवस्थापन अनुदान निर्देशिका २०७९, वातावरणीय तथा सामाजिक प्रतिवद्धता सम्बन्धी योजना तथा वातावरणीय तथा सामाजिक व्यवस्थापनको खाका, आदि प्रमुख दस्तावेजहरू रहेका छन् । त्यसैगरी समुदायमा आधारित वन व्यवस्थापन समूहहरु, निजी कृषकहरू तथा वन पैदावारमा आधारित उद्यमीहरूलाई ऋण परिचालन मार्फत वनको दिगो वन व्यवस्थापन योजना कार्यान्वयन, निजी तथा सार्वजनिक जग्गामा वन विकास, तथा वन पैदावरमा आधारित उद्यम विकास तथा प्रवर्द्धनका कार्यहरू हुने गरी व्यवस्था गरिएको छ ।

### १.४.५ परियोजनाका प्रमुख क्रियाकलापहरु तथा संभागहरु

यस परियोजनाको दस्तावेज बमोजिम ४ वटा संभागहरु रहेका छन् ।

**संभाग १. दिगो वन व्यवस्थापनका लागि नयाँ सरकारी संरचना र प्रक्रियाहरूको लागि नीति र क्षमता विकास**

**संभाग २. समुदायमा आधारित दिगो वन व्यवस्थापन तथा साना किसानका लागि वृक्षरोपण**

क. दिगो वन व्यवस्थापन
ख. समुदायका विपन्न समुदायहरुलाई वनक्षेत्र विनियोजन तथा सहायता
ग. साना किसानका लागि निजी वृक्षरोपण
घ. सार्वजनिक जग्गाहरुमा वृक्षरोपण तथा कृषि वन विकास

**संभाग ३. वन उद्यमहरुको सुधार तथा विकास**

क. वनमा आधारित नीजिक्षेत्रका लागि अनुकूल वातावरण तयार गर्न कार्यक्रमहरु

ख. वनमा आधारित साना तथा मझौला उद्यमहरु स्थापना तथा सुधारका लागि ऋण प्रवाहको डिजाइन तथा परीक्षण

संभाग ३ अन्तर्गत सञ्चालित कार्यक्रम वन उद्यमको सुधार तथा विकासको लागि विशेष कार्यक्रमको रुपमा रहेको छ । कृषि विकास बैङ्क मार्फत छनौट भएको वित्तीय संस्था वा आफैले वन उद्यमहरुलाई माग बमोजिम परियोजनाको उद्देश्य पुरा हुने गरी सहुलियत व्याजदरमा ऋण प्रवाह गर्ने व्यवस्था रहेको छ । यस क्रममा पहिलो चरणमा ६० लाख अमेरीकी डलर पूँजी परिचालन गर्ने कार्यक्रम रहेको थियो भने परियोजना परिमार्जनको शिलशिलामा यो रकम १७.९ मिलियन अमेरिकी डलर बराबरको रकम कृषि विकास वैङ्क मार्फत ऋण परिचालन गर्ने कार्यक्रम रहेको छ ।

यो परियोजना नितान्त नयाँ सोचका साथ सञ्चालन भैरहेको हुँदा यसको सफलता सङ्घीय संरचना पश्चातको संरचनाको सफलतासँग जोडिएकोले सबै क्षेत्र तथा सरोकारवालाहरुको समन्वय तथा सहकार्य अति अपरिहार्य रहेको छ। सिकाइ नै सफलताको लागि सुधार गर्ने मूल आधार भएकोले सबै पक्षहरुको सदभाव तथा शुभेच्छा सहित परियोजना सफल गराउन प्रत्यक्ष अप्रत्यक्ष योगदान गर्ने तथा यस परियोजनाको तयारी चरणमा सबै सरोकारवालाहरुले गरेको गहन योगदानको सदैब कदर गर्दछ। यो आयोजना आ.ब २०७९।०८० देखि पूर्ण कार्यान्वयनमा रहेको छ ।

**संभाग ४. परियोजनाको सुशासन, अनुगमन तथा सिकाई**

यस कार्यक्रम अन्तर्गत व्यवस्थापन खर्चहरु अनुगमन एवं आवधिक मूल्याङ्कनहरु रहेका छन् ।

## १.५ आदिवासी जनजाति र स्थानीय समुदायका लागि समर्पित अनुदान संयन्त्र (Dedicated Grant Mechansm –DGM)

नेपालमा आदिवासी जनजाति र स्थानीय समुदायका लागि समर्पित अनुदान संयन्त्र, DGM नेपाल परियोजना जलवायु लगानी कोष (Climate Investment Fund- CIF) र विश्व बैंकले सन् २०१० मा सुरु गरेको बिश्वव्यापी पहलको एक हिस्सा हो। DGM नेपालले आदिवासी जनजाति र स्थानीय समुदायहरूलाई समृद्धिका लागि वन (FFP), रेडप्लस/ REDD+ (वन विनास र वन क्षयीकरणबाट उत्सर्जन घटाउने), र यस्तै अन्य जलवायु परिवर्तन उन्मुख कार्यक्रमहरूमा क्षमता विकास गरेर आफ्नो संलग्नतालाई सुदृढ पार्दै साथसाथै जीविकोपार्जन,

भूमि प्रयोग, सुधार, वन व्यवस्थापन गर्ने प्रथाजनित अभ्यासको अधिकार सुनिश्चितता गर्ने र मधेश र लुम्बिनी प्रदेशका वनमा निर्भर समुदायको आम्दानी बढाएर आफ्नो क्षेत्रमा दिगो वन व्यवस्थापन गर्न पूर्ण र प्रभावकारी प्रवर्धन गर्दछ ।

DGM नेपालले वन विनाश र वन क्षयिकरणबाट हुने हरितगृह ग्याँस उत्सर्जन कम गर्न र दिगो वन व्यवस्थापन गर्नका लागि सञ्चालित रेडप्लस कार्यक्रममा आदिवासी जनजाति र स्थानीय समुदायहरुको विशेष गरी स्थानीय स्तरमा वन-निर्भर आदिवासी जनजाती र स्थानीय समुदाय (IPLC) का व्यक्ति र प्रतिनिधि संस्थाहरूको संस्थागत र प्राविधिक क्षमताहरूलाई समर्थन गर्नमा केन्द्रित छ र विशेष गरी IPLC हरुका लागि जीविकोपार्जन र हरित रोजगारीहरू सिर्जना गर्नको लागि सुधारका कार्यहरु गर्दछ ।

परियोजना विशेष गरीः

- सामुदायिक वन उपभोक्ता समूह (CFUGs) लगायत स्थानीय स्तरमा विशेष गरी वनमा निर्भर IPLC व्यक्ति र प्रतिनिधि संस्थाहरूको आवाज, शासन, र संस्थागत क्षमतालाई सुदृढ गर्ने;
- वनको उपयोग र व्यवस्थापन अधिकारहरू, र वन सम्बन्धी गतिविधिहरूबाट IPLC हरूका लागि सुधारिएको जीविकोपार्जन र हरित रोजगारीहरू सहित परम्परागत शासन प्रणालीहरू पहिचान गर्न स्थापित प्रक्रियाहरू सुदृढ गर्नको लागि सीपहरू र उनीहरुको क्षमताको विकास सहित सकारात्मक प्रभावहरू बढाउने;
- स्थानीय स्तरका संस्थाहरू (विशेष गरी सामुदायिक वन समूहहरू), स्थानीय सरकारहरू, युवाहरू र अग्रपंक्तिमा रहेका वन श्रमिक कामदारहरू र गैरसरकारी संस्थाहरू सेवा प्रदायकहरूसँग IPLC बीचको कार्य सम्बन्धलाई सुदृढ गर्ने;
- समृद्धिका लागि वन परियोजना (FFP), Emission Reduction Program (ERP) र Enhancing Access to Benefits While Lowering Emissions (EnABLE) सँग समन्वय गरी आयोजनाका गतिविधिहरू एक-अर्काको पूरक र पारस्परिक रूपमा वृद्धि गर्ने कुरा सुनिश्चित गर्ने;
- वनमा आश्रित IPLC हरूलाई उनीहरूको क्षमता वृद्धि गरेर र साना-साना व्यवसायहरू (वन र गैर-वन आधारित) र रोजगारीका अवसरहरू प्रदान गरेर प्रत्यक्ष रूपमा लाभ

पुर्याउने भएकोले, परियोजनाले प्रत्यक्ष रूपमा Green Resilient and Inclusive Development (GRID) Agenda मा योगदान गर्नेछ।

यो कार्यक्रमको सञ्चालन छुट्टै निकायबाट हुने व्यवस्था रहेको छ । यसको लागि ग्रामिण पुनर्स्थापना संस्था Rural Reconstruction Nepal (RRN) ले कार्यान्वयन सहयोगी संस्थाको रुपमा कार्य गरिराखेको छ ।यो कार्यक्रम समेत विश्व बैंकबाट अनुदानमा सञ्चालित कार्यक्रम हो र यो क्रियाकलाप समृद्धिका लागि वन कार्यक्रम कार्यान्वयन हुने लुम्बिनी र मधेश प्रदेशका ५० वटा स्थानीय तहहरूमा केन्द्रित भै कार्यान्वयन हुनेछ । यो कार्यक्रमबाट स्थानीय समुदाय र आदावासी जनाजातिहरुको वन उद्यममा सहभागिता वढाउन उद्यम सञ्चलनका लागि अनुदान रकम उपलव्ध गराउने र क्षमता अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन भईरहेकोछ ।

## १.६ Lowering Emissions by Accelerating Forest Finance (LEAF) Coalition सम्बन्धी जानकारी तथा प्रगति

लिफ कोलिसन नर्वे, बेलायत, अमेरिका र दक्षिण कोरिया सहित चार मुलुक र २० भन्दा बढी प्रमुख निजी क्षेत्रहरुको साझेदारी हो । यो सन २०३० सम्ममा पृथ्वीको उष्ण क्षेत्रमा वन विनास र वन क्षयिकरणको प्रक्रियालाई उल्लेख्य रुपमा कम गर्नको लागि सार्वजनिक र निजी क्षेत्रको साझेदारीमा आधारित एउटा फरक किसिमको साझेदारी गठबन्धन हो । वन संरक्षण गर्ने देशका सरकारहरु, दातृ संस्था, प्रमुख निजी क्षेत्र, आदिवासी जनजाति, स्थानीय जनता र नागरिक समाज सबैसँग हातेमालो गर्दै अघि बढ्ने यस साझेदारीको रणनीति छ । लिफ साझेदारीको प्रमुख उद्देश्य भनेको उष्ण वनको संरक्षण र विकासको लागि ठूलो मात्रामा वनजन्य लगानी सुनिश्चित गर्नु हो । लिफ र लिफमा सहभागी साझेदार बिचको प्रशासनिक समन्वयकर्ताको रुपमा EMERGENT भन्ने संस्थाले काम गरिरहेको छ । वन संरक्षण गर्ने देशहरुले लिफ कोलिसन मार्फत आफुले गरेको उत्सर्जन कटौतिको क्रेडिट उपलव्ध गराउन प्रस्ताव पेश गर्न सक्दछन् । यस कार्यक्रम अन्तर्गत हालसम्म २८ मुलुकका सरकारले प्रस्ताव पेश गरिसकेका छन् भने ५ वटा राष्ट्रले EMERGENT सँग कार्बन खरिद सम्झौता समेत गरिसकेका छन् ।




चित्र नं. ६: लिफ कार्यक्रम लागु भएका प्रदेशहरु

## नेपालमा लिफ गतिविधि

नेपालले सन् २०२१ मा लिफ कोलिसनमा कार्बन व्यापारको लागि प्रस्ताव तयारी गरी पेश गरेको र उक्त प्रस्ताव मूल्याङ्कन गरी लिफ कोलिसनको तर्फबाट प्रारम्भिक चरणमा उक्त प्रस्ताव छनौट भएको थियो । यसरी सन् २०२१ मै नेपाल सरकार र इमर्जेन्ट बिचमा आशयपत्र (Letter of Intent) मा हस्ताक्षर भैसकेको छ । उक्त आशयपत्र अनुसार नेपालको गण्डकी, लुम्बिनी र बागमती प्रदेशलाई कार्यक्षेत्रको रुपमा लिईएको छ र यसको समयावधि सन् २०२२ देखि सन् २०२६ सम्म हुनेछ । आशयपत्रमा हस्ताक्षर भैसके पश्चात नेपाल सरकार र इमर्जेन्ट बिच यस अघिका प्रगति अंगिकार गरी छिट्टै उत्सर्जन न्यूनीकरण खरिद सम्झौता गर्ने गरि सन् २०२२ मा साझेदारी पत्र (Memorandum of Agreement-MoA) मा हस्ताक्षर भएको थियो । यसै गरी सन् २०२६ मा नेपाल सरकार र इमर्जेन्ट विच उत्सर्जन

न्यूनीकरण खरिद सम्झौता भएको छ । यसै क्रियाकलापसँग सम्बन्धित रही रेड कार्यान्वयन केन्द्रले UN REDD को आर्थिक सहयोगमा प्रदेश र क्लस्टर स्तरमा जानकारीमूलक अन्तरक्रिया गोष्ठीहरु सञ्चालन गर्ने कामहरु गरेको छ। प्रदेश स्तरमा हेटौडा, पोखरा र वुटवलमा ३ वटा गोष्ठीहरु संचालन गरिएका छन् भने क्लस्टर स्तरमा तिन वटा प्रदेशका विभिन्न ९ स्थानमा जानकारीमूलक गोष्ठीहरु संचालन गरिएका छन् । नेपालमा लिफ कोलिसनसँग सम्वन्धित क्रियाकलापहरु सम्बन्धमा साझेदार संघ संस्थाहरुलाई जानकारी गराउने उद्धेश्यले रेड कार्यान्वयन केन्द्र र इमर्जेन्टको साझेदारीमा सन् २०२३ को सेप्टेम्वरमा Leaf Information Sharing Event आयोजना गरिएको थियो । यसै क्रममा सन् २०२५ मा दाङ्ग, पोखरा र धुलिखेलमा १-१ वटा डिभिजनल वन अधिकृतहरुसँग गोष्ठी आयोजना गरी लिफ सम्वन्धित प्रदेशका डिभिजनल वन अधिकृतहरु विचमा लिफ कार्यक्रम र लिफ मार्फत हुने कार्बन व्यापारको लागि कार्बन मापन र प्रमाणीकरणका आवश्यकताहरु विषयमा साझा वुझाई गर्ने काम भएको छ। यसै गरी लिफ सम्वन्धित तिनवटै प्रदेशका वन क्षेत्र हेर्ने मन्त्रालयहरु र सङ्घीय वन तथा वातावरण मन्त्रालय विचमा समन्वय बैठक राखी लिफ तर्फको प्रगति, योजना र चुनौतिहरु सम्वन्धमा छलफल गरी यसको सफलताको लागि प्रतिवद्धता समेत जाहेर गरिएको छ । यस्तै पूर्व सुसूचित सहमति (FPIC) सम्वन्धी तथा TREES Monitoring Report (TMR) तयारी सम्वन्धमा क्षमता अभिबृद्धि कृयाकलापहरु संचालन गरिएका छन्। हालसालै ART Secretariate मा नेपालको तर्फबाट सन् २०२२ देखि सन् २०२३ अवधिको TREES Monitoring Report पेश गर्ने काम समेत सम्पन्न भैसकेको छ ।

रेड कार्यान्वयन केन्द्रवाट उत्सर्जन न्यूनीकरणवाट हुने कारोवारको लागि मुख्यगरि निम्न कार्यहरु सम्पन्न भएका छन् ।

१ रेड वातावरणीय उत्कृष्ट मापदण्ड (The REDD Environment Excellence Standard-TREES) रजिस्ट्रेशन दस्तावेज (TREES Registration Document-TRD) तयारी गरी Architect for REDD Transaction-ART मा दर्ताका लागि पेश भएको ।
२ लिफ (LEAF) कार्यक्रमको वारेमा आदिवासी जनजाती तथा स्थानीय समुदाय, सरकारी निकाय र सरोकारवालाहरुसँग जानकारी प्रदान, छलफल र पूर्व सुसूचित सहमती भएको ।
३ लाभांस वितरण योजनाको दस्तावेज निर्माण गरि छलफलको प्रकृयामा रहेको ।
४ गुनासो सुन्ने संयन्त्रको दस्तावेज निर्माण भै छलफलको प्रकृयामा रहेको ।

५ सारांस प्रतिवेदन (Summary of Information on Safeguards-SoI) तयारी भई UNFCCC मा प्रतिवेदन पेश भएको।

६ सन् २०२२ र सन् २०२३ मा भएको कार्बन उत्सर्जन कटौतिको TREES Monitoring Report तयारी गरी पेश गरिएको ।

## वन संरक्षण गर्ने राष्ट्रहरुले पुरा गर्नुपर्ने लिफ सम्बन्धी मापदण्डहरु

लिफ साझेदारितामा सहभागी हुनको लागि नेपाल जस्ता वन संरक्षण गर्ने राष्ट्रहरुले निम्न बमोजिमका शर्तहरु पुरा गरेको हुनु पर्नेछ ।

१. पाँच वर्षमा कम्तिमा पाँच लाख टन कार्बनडाईअक्साइड बरावर उत्सर्जन घटाउनु पर्नेछ ।

२. रेडप्लस कारोवार संरचनाले जारी गरेको रेडको वातावरणीय उत्कृष्ट मापदण्डको परिमाणात्मक योग्यता पुरा गरेको हुनुपर्नेछ । जस अनुसार प्रादेशिक तहका लागि कम्तिमा २५ लाख हेक्टर क्षेत्रमा वन संरक्षित हुनुपर्नेछ भने सङ्घीय सरकारका लागि परिमाणात्मक मापदण्ड तोकिएको छैन ।

३. कार्बन सञ्चितिमा वृद्धि हुनुपर्नेछ, वन विनास र वन क्षयीकरण कम हुनुपर्नेछ र घना वन कायम राख्नुपर्नेछ ।

४. सरकारले निर्धारण गरेको समग्र राष्ट्रिय निर्धारित लक्ष्यमा वन क्षेत्र समावेश भएको हुनुपर्नेछ ।

५. रेडको वातावरणीय उत्कृष्ट मापदण्डसँग मिल्दोजुल्दो राष्ट्रिय वन अनुगमन प्रणाली विकास गरेको हुनुपर्नेछ ।

६. अधिकारहरुको सम्मान र सम्बोधनका लागि सेफगार्ड सूचना प्रणाली विकास गरिएको हुनुपर्नेछ ।

७. जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसंघको कार्ययोजना महासन्धी मा प्रस्तुत प्रतिवेदनसँग मिल्ने गरी सङ्घीय सरकारको हकमा सूचनाको सारांश र प्रादेशिक सरकारको हकमा सेफगार्ड प्रतिवेदन पेश भएको हुनुपर्नेछ ।

## मुख्य प्रगति र उपलब्धिहरू

**ऐतिहासिक सम्झौता:** नेपाल र लिफ कोलिशन बीच २३ जनवरी २०२६ मा ५५ मिलियन अमेरिकी डलर (करिब ७.९ अर्ब रुपैयाँ) सम्मको उत्सर्जन न्यूनीकरण खरिद सम्झौता (ERPA) मा हस्ताक्षर भएको छ ।

**एसियाकै पहिलो राष्ट्र:** यो सम्झौतासँगै नेपाल लिफ कोलिशनसँग सम्झौता गर्ने एसियाकै पहिलो र विश्वको पाँचौं देश बन्न सफल भएको छ ।

**कार्बन क्रेडिटको बिक्री:** वागमती, गण्डकी र लुम्बिनी प्रदेशबाट सन् २०२२ देखि सन् २०२६ सम्मको अवधिमा करिब ४० लाख टन प्रमाणित कार्बन उत्सर्जन न्यूनीकरण बिक्री गर्ने लक्ष्य राखिएको छ ।

## संस्थागत तयारी

परियोजनालाई प्रभावकारी बनाउन नेपाल सरकारले विभिन्न नीतिगत र पूर्वाधारजन्य कार्यहरू सम्पन्न गरेको छ:

- 'कार्बन व्यापार नियमावली २०८२' जारी गरिएको छ, जसले कार्बन व्यापारको प्रक्रियालाई वैधानिकता दिएको छ ।
- प्राप्त हुने रकमको कम्तीमा ८० प्रतिशत हिस्सा स्थानीय समुदाय, आदिवासी जनजाति र वन उपभोक्ता समूहहरूलाई प्रत्यक्ष रूपमा उपलब्ध गराउने नीतिगत सुनिश्चितता गरिएको छ ।
- लाभ बाँडफाँट योजना (Benefit Sharing Plan) लाई स्थानीय तहसम्म पुऱ्याउन ५० भन्दा बढी 'पूर्व सुसूचित परामर्श' (Free, Prior and Informed Consent - FPIC) कार्यक्रमहरू सम्पन्न भएका छन् ।
- नेपालले पहिलो पटक सामाजिक र वातावरणीय सुरक्षा सम्बन्धी 'Summary of Information on Safeguards' तयार गरी UNFCCC मा पेश गरेको छ । साथै TREES Registration Documents र TREES Monitoring Report पनि ART सचिवालयमा पेश गरिएको छ ।

लिफ कार्यक्रमले नेपालको वन व्यवस्थापनलाई अन्तर्राष्ट्रिय स्तरमा प्रमाणित मात्र नगरी स्थानीय समुदायको जीविकोपार्जनमा पनि केही हदसम्म सुधार ल्याउने अपेक्षा गरिएको छ ।

यसले कार्बन उत्सर्जन न्यूनीकरण मार्फत विश्वव्यापी जलवायु परिवर्तनको असर कम गर्न नेपालको तर्फबाट महत्वपूर्ण योगदान पुऱ्याउनेछ ।

## १.७ नेपालमा UN REDD कार्यक्रमको प्राविधिक सहयोग सम्वन्धी जानकारी

विकासशील देशहरूलाई वन फँडानी र वन क्षयीकरणबाट हुने उत्सर्जन घटाउन सहयोग गर्ने लक्ष्य सहित संयुक्त राष्ट्र विकास कार्यक्रम (UNDP), संयुक्त राष्ट्र वातावरण कार्यक्रम (UNEP) र खाद्य तथा कृषि संगठन (FAO) द्वारा सन् २००८ मा UN-REDD कार्यक्रमको सुरु गरिएको थियो । नेपालमा लिफ (Lowering Emission by Accelerating forest Finance LEAF) साझेदारी अन्तर्गत कार्बन व्यापारको तयारीका लागि संयुक्त राष्ट्र वातावरण कार्यक्रम (UNEP) र खाद्य तथा कृषि संगठन (FAO) मार्फत प्राविधिक सहयोग गरिरहेको छ ।

UN REDD बाट LEAF Coalition अन्तर्गत कार्बन व्यापारका लागि निम्न क्रियाकलापहरुमा प्राविधिक सहयोग भएको छ ।

### १. TREES Registration Document (TRD) तयारी

लिफ कोलिसन अन्तर्गत गरिने कार्बन व्यापारको लागि आवश्यक कार्यक्रम दस्तावेज रेडप्लसका लागि बातावरणीय उत्कृष्टता मानक (The REDD+ Environmental Excellence Standard: TREES) अनुसार तयार गरिन्छ । यसले कार्यक्रम लागु हुने क्षेत्रमा रहेको वनको अवस्था, सामाजिक र आर्थिक अवस्था, लागु गरिने कार्यक्रमहरु, वनबाट हुने कार्बन उत्सर्जनको आधार तह, कार्बन मापन विधि लगायतका विषयहरुको विस्तृत विवरण समेटेको हुन्छ । लिफ कार्यक्रमको दस्तावेजमा उत्सर्जनको आधार सन् २०१७ देखि २०२१ सम्मको पाँच वर्षमा बागमती, गण्डकी र लुम्बिनी प्रदेशमा भए गरिएको औसत उत्सर्जन निकालेर गरिएको छ । हाल TRD दस्तावेज तयार भई Architect for REDD Transaction -ART मा दर्ताका लागि पेश भएको छ ।

### २. पूर्व सुचित सहमति (Free Prior and Informed Consent - FPIC) प्रक्रिया

रेड प्लस कार्यकमको लागि क्यान्कुन सुरक्षा सम्बन्धि सिद्धान्तहरु तथा लिफ साझेदारीको वातावरणीय तथा सामाजिक सुरक्षा मापदण्डहरु; The REDD+ Environmental Excellence Standards (TREES) का साथै नेपाल सरकारबाट तयार गरी स्विकृत गरिएको रेड प्लस

अन्तर्गत उत्सर्जन न्यूनिकरण कार्यक्रमका लागि स्वतन्त्र पूर्वसूचित सहमति प्रकृया सम्बन्धि मार्गदर्शन २०८१ अनुसार लिफ साझेदारी अन्तर्गत नेपालको बागमती, गण्डकी र लुम्बिनी प्रदेशमा कार्यान्वयन भइरहेको उत्सर्जन न्यूनिकरण कार्यक्रमका लागि स्वतन्त्र पूर्वसूचित सहमति प्रकृया रिकफ्ट नेपालको प्राविधिक सहजिकरणमा सम्पन्न भएको छ ।

## ३. राष्ट्रिय रेड रणनीति सन् २०१८-२०२२ कार्यन्वयन समीक्षा

नेपालमा रेडप्लस कार्यान्वयनको लागि मार्गदर्शक रूपरेखाको रूपमा नेपाल सरकारले सन् २०१८ मा राष्ट्रिय रेडप्लस रणनीति (२०१८-२०२२) तर्जुमा गरेको थियो । UN-REDD को सहयोगमा रेड कार्यान्वयन केन्द्रले विभिन्न अन्तर्राष्ट्रिय र राष्ट्रिय सन्दर्भहरूलाई समेत मध्यनजर गर्दै राष्ट्रिय रेड रणनीतिको कार्यान्वयनको स्थिति, चुनौती र कमिकमजोरीहरूको मूल्याङ्कन गर्दै नयाँ रणनीति विकास गर्ने अवसरको खोजी गरेको थियो। राष्ट्रिय रेडप्लस रणनीति, २०१८ कार्यान्वयनको मूल्याङ्कन गर्दा राष्ट्रिय रेडप्लस रणनीति, २०१८ मा उल्लेखित अधिकांश रणनीतिहरू र तिनीहरूका प्राथमिकता प्राप्त कार्यहरूको कार्यान्वयन सुरु गरिएको र केही हदसम्म प्रगति भएको पाइयो । यद्यपि समीक्षाले विभिन्न क्षेत्र र स्तरहरूमा अपर्याप्त समन्वय र सहयोग, दक्ष मानव संशाधनको अभाव, सरकारी अधिकारीहरू, आदिवासी जनजाति र स्थानीय समुदायहरू बिच रेडप्लसको बारेमा अपर्याप्त ज्ञान तथा क्षमता र समान बुझाईमा कमी, र सीमित वित्तीय स्रोतहरूका कारण केही रणनीतिहरू र तिनीहका प्राथमिकता प्राप्त कार्यहरूको समग्र कार्यान्वयनको कमजोर प्रदर्शन भएको पाईएको छ। उक्त रणनीतिले वन कार्वन संरक्षण, कार्बन सञ्चिति वृद्धि, र दिगो वन व्यवस्थापनमा रहेका अवरोधहरूको विश्लेषणलाई समेटेको देखिँदैन । स्थानीय समुदायलाई राष्ट्रिय वन हस्तान्तरणको सुस्त गति, ठूलो संख्यामा सामुदायिक वनका कार्ययोजनाहरूको संशोधनको अनुपलब्धता, दिगो वन व्यवस्थापनको लागि राष्ट्रिय मापदण्डको अभाव जस्ता कुराहरुले रेडप्लस गतिविधिहरूलाई सहयोग गर्ने दिगो वन व्यवस्थापनको लागि प्रमुख चुनौतीका रुपमा देखिएका थिए। अपर्याप्त अन्तर तह समन्वय र सहयोग र विरोधाभाषी नीतिगत प्रावधानहरू (जस्तै भूमि प्रयोग र वन नीति) नेपालमा रेडप्लस कार्यक्रम कार्यान्वयनमा थप चुनौतीका रुपमा रहेको देखिएको छ।

## ४. राष्ट्रिय रेड रणनीति सन् २०२५-२०३४ को दस्तावेज तयारी

UN-REDD को सहयोजमा रेड कार्यान्वयन कन्द्रले विभिन्न अन्तर्राष्ट्रिय र राष्ट्रिय सन्दर्भहरूलाई समेत मध्यनजर गर्दै राष्ट्रिय रेड रणनीतिको कार्यान्वयनको स्थिति, चुनौती र कमीकमजोरीहरुको

मूल्याङ्कन गर्दै नया रणनीति विकास गर्ने अवसरको खोजी गरेको थियो। विगतको रणनीतिको मूल्याङ्कन गर्दा सम्भवतः तीन तहका सरकारहरू र स्थानीय समुदायहरय बीच अपर्याप्त समन्वय र सहयोगको कमीका कारणले गर्दा उक्त रणनीति पूर्णरूपमा कार्यान्वयन नभएको र परिणाममा आधारित रेडप्लसको लक्ष्यहरू प्राप्त गर्न कम प्रभावकारी रहेको देखिएको थियो । विगतको रणनीति (२०१८-२०२२) को समीक्षाबाट सिकेका पाठहरूको आधारमा, यो राष्ट्रिय रेडप्लस रणनीति (२०२५- २०३४) विद्यमान अन्तर्राष्ट्रिय र राष्ट्रिय सन्दर्भमा जारी परिणाममा आधारित रेडप्लस र भविष्यमा वनमा आधारित उत्सर्जन न्यूनीकरण कार्यक्रमको कार्यान्वयनको लागि मार्गदर्शक रुपरेखा प्रदान गर्न तयार गरिएको छ । पेरिस सम्झौता अन्तर्गत अपनाइएका बजार र गैर-बजार संरचनाहरू भित्र रेडप्लस र यस्तै उत्सर्जन न्यूनीकरण कार्यक्रमहरूको दायरा फराकिलो बनाएर विश्वव्यापी जलवायु न्यूनीकरण लक्ष्यमा नेपालको वन क्षेत्रको योगदानलाई पूँजीकृत गर्न यो रणनीतिले महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ ।

यो रणनीति राष्ट्रिय रेडप्लस रणनीति (२०१८-२०२२) को कार्यान्वयनबाट प्राप्त सिकाई र अनुभवहरूका साथै विभिन्न दस्तावेजहरुको विस्तृत समीक्षा, सरोकारवालाहरूसँगको परामर्श र विशेषज्ञ राय मार्फत सङ्कलन गरिएका थप प्रमाण र अवलोकनहरूमा आधारित छ । नेपालका वन क्षेत्रका विशिष्ट र सान्दर्भिक अन्तर-क्षेत्रीय नीतिहरू र विधायिकी दस्तावेजहरू, वन क्षेत्र परिवर्तनसँग सम्बन्धित कागजातहरू, अन्य देशहरूको रणनीतिहरू, सान्दर्भिक कागजातहरू र प्रकाशित कागजातहरू सहित विस्तृत समीक्षा गरियो । यस क्रममा प्रदेशमा सात वटा र काठमाडौमा चार वटा गरी जम्मा ११ वटा परामर्श कार्यशालाहरू आयोजना गरिएको थियो ।यसका साथै, रेड कार्यान्वयन केन्द्रका पूर्व प्रमुखहरू र वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रका अधिकारीहरू लगायत विज्ञहरू तथा प्रमुखहरूसँग अन्तरवार्ता लिइएको थियो ।

यस रणनीतिको मुख्य दूरदृष्टि "राष्ट्रिय समृद्धिमा योगदानका लागि वनजन्य पारिस्थितिक प्रणालीबाट दिगो रुपमा प्राप्त कार्बन तथा गैर-कार्बन लाभहरू अभिवृद्धि" गर्ने रहेको छ । यस रणनीतिको उद्देश्य भनेको सुधारिएको नीतिगत उपायहरू र क्षमता अभिवृद्धि एवं समावेशीता सहितका प्रभावकारी संस्थाहरु मार्फत उत्सर्जन घटाउन र कार्बन तथा गैर-कार्बन लाभहरू बढाउन वनजन्य पारिस्थितिक प्रणालीलाई सुदृढ गर्नु रहेको छ। यस रणनीतिमा अन्तरसम्बन्धित ६ वटा उद्देश्यहरू, १० वटा रणनीतिहरू, र त्यस अन्तर्गत कुल ६९ बटा प्राथमिकता प्राप्त कार्यहरू समावेश छन् । यसका साथै, रेडप्लससँग सम्बन्धित कार्यक्रम र गतिविधिहरूको कार्यान्वयन र समन्वयको लागि राष्ट्रिय तथा प्रदेशस्तरमा संस्थागत व्यवस्था प्रस्ताव गरिएको छ । राष्ट्रिय वन अनुगमन प्रणालीसँगै सुरक्षा मापदण्डका उपायहरू पनि

रणनीतिमा समावेश गरिएका छन् । रणनीतिको एक भागको रूपमा विस्तृत कार्यान्वयन योजना र अनुगमन तथा मुल्याङ्कन ढाँचा पनि विकास गरिएको छ।

यो रणनीतिले आदिवासी जनजाति, स्थानीय समुदाय र सरकारी निकायहरूलाई स्पष्ट भूमिका र जिम्मेवारीसहित कार्यान्वयन व्यवस्थामा संलग्न गराउन रणनीतिक दृष्टिकोण प्रदान गर्दछ भन्ने विश्वास लिईएको छ। यसले वन विनास र वन क्षयीकरणका कारक तत्वहरू र अवरोधहरूलाई सम्बोधन गर्न र वनको दिगो व्यवस्थापनलाई प्रवर्द्धन गर्न सरकारका तीन तहहरू बीच समन्वय र सहयोगको रणनीति पनि प्रदान गर्दछ जसले गर्दा कार्बन उत्सर्जन घट्छ, कार्बन सञ्चिति गर्ने कार्य बढ्छ र साथसाथै गैर-कार्बन लाभहरू पनि बढ्छ भन्ने अपेक्षा गरिएको छ ।

## ५. सूचनाको सारांश (Summary of Information on Safeguards-SOI) तयारी

यु एन रेडको प्राबिधिक सहयोग अन्तर्गत भैरहेको अर्को महत्वपूर्ण कार्य सूचनाको सारांश (SOI) तयारी हो । UNFCCC को निर्णय २/CP 17 अनुसार परिणाममा आधारित भुक्तानी प्राप्त गर्न वा प्राप्त गर्ने उद्देश्यका लागि सुरक्षा मापदण्डको सूचनासम्बन्धी संक्षिप्त प्रतिवेदन तयार गर्नुपर्ने हुन्छ । हाल भएको सुरक्षा मापदण्डको सूचना नेपालको पहिलो संक्षिप्त प्रतिवेदन (SOI) हो र यसले सन् २०१८ देखि २०२३ को अवधिको सूचनाको सारांश प्रस्तुत गरेको छ । यसको मुख्य उद्देश्य UNFCCC निर्णय ९/CP १९ मा उल्लेखित निर्णयको आवश्यकता अनुसार सन् २०१८ देखि सन् २०२३ सम्मको अवधिमा नेपालमा REDD+ को कार्यान्वयन गरिदा क्यानकुन सुरक्षा मापदण्डहरूलाई कसरी सम्बोधन र सम्मान गरिएको छ भन्ने जानकारी प्रदान गर्नु रहेको छ।

सूचनाको सारांशका अन्य केही विशिष्ट उद्देश्यहरू निम्न अनुसार रहेका छन्:

- REDD+ का कार्यहरु कार्यान्वयन गर्दा क्यानकुन सुरक्षा मापदण्डहरूलाई सम्बोधन र सम्मान गर्नका लागि विद्यमान रहेको सान्दर्भिक राष्ट्रिय परिस्थितिहरूको बारेमा जानकारी प्रदान गर्नु ।
- राष्ट्रिय परिस्थिति अनुसार प्रत्येक सुरक्षा मापदण्डको विवरण प्रदान गर्नु ।
- राष्ट्रिय परिस्थिति अनुसार नेपालको SIS लगायत सुरक्षा मापदण्डहरूलाई सम्बोधन र सम्मान गर्ने गरी बनाइएका सान्दर्भिक संस्थागत व्यवस्था, प्रणाली र प्रक्रियाहरूको विवरण उपलब्ध गराउने।
- राष्ट्रिय परिस्थिति अनुसार प्रत्येक सुरक्षा मापदण्डहरुलाई कसरी सम्बोधन र सम्मान गरिएको छ भन्ने बारेमा जानकारी प्रदान गर्ने ।

यो सूचनाको मस्यौदा सारांशले समग्र राष्ट्रिय REDD+ सुरक्षा ढाँचा वा प्रणालीमा रहेका केही कमीकमजोरीहरू पहिचान गरेको छ र यी कमीकमजोरीहरूलाई सम्बोधन गर्ने उपायहरू पनि सुझाएको छ।

## ६. क्षमता विकास लगायत अन्य कियाकलापहरु

यु एन रेडको प्राविधिक सहयोग अन्तर्गतको प्रमुख कार्यक्रम क्षमता विकास हो । वन तथा वातावरण मन्त्रालय अन्तर्गतका रेड कार्यान्वयन केन्द्र, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, प्रदेश सरकारका वन प्राविधिकहरु, स्थानीय वन समूह र आदिवासी जनजातीहरुको क्षमता विकासमा काम गर्दै आएको छ । वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको खासगरी कार्बन उत्सर्जन कटौतीको अनुगमन, मापन र रिपोर्टिङ्गको काममा खटिने विज्ञहरुको क्षमता विकासका तालिमहरु गरिएको छ । Safeguard Information System -SIS, सामाजिक र वातावरणीय सुरक्षा (Social & Environmental Safeguards) सम्बन्धि तालिमहरु संचालन भएका छन् ।

# भाग-२

# सम्पन्न क्रियाकलापहरुको विवरण

## २.१ रेड फरेष्ट्री तथा जलवायु परिवर्तन कार्यक्रम

### १. रेडप्लस सम्बन्धी सरोकारवालाहरुसँग अन्तरक्रिया, छलफल, गोष्ठी

रेडप्लससँग सम्बन्धित सरकारी निकायका कर्मचारीहरु तथा सरोकारवाला संघ संस्थाका रेडप्लस फोकल व्यक्तिहरुलाई रेडप्लस तथा कार्बन व्यापार सम्वन्धमा भए गरेका कार्यक्रम तथा कृयाकलापको बारेमा जानकारी गराउँदै रेडप्लस तथा कार्बन व्यापारको क्षेत्रमा भैरहेको तथ्यहरु अध्यावधिक गराउँने तथा नयाँ उपलब्धिहरूको बारेमा जानकारी प्रदान गरी क्षमता अभिवृद्धि गर्ने साथै रेडप्लस कार्यक्रमले पारेका प्रभाव सम्वन्धमा अन्तरक्रिया गर्ने उद्देश्यले यस कार्यक्रम आयोजना गरिएको हो। सरोकारवाला संस्थाका प्रतिनिधिहरुलाई रेडप्लस कार्यक्रम तथा कार्बन व्यापारको बारेमा जानकारी गराउने, कार्यक्रम कार्यान्वयनमा सरोकारवाला संस्थालाई सहभागी गराई अपनत्व बढाउँदै रेडप्लस कार्यक्रमको प्रभावकारिता वढाउन तथा रेडप्लस कार्यक्रमलाई समन्वयात्मक ढंगले अघि बढाउन यस प्रकारको कार्यक्रमले ठूलो महत्व राख्दछ। यस प्रकारको कार्यक्रमहरु ३ वटा सञ्चालन गर्नको लागि आ.ब. २०८१।०८२ मा रु ९,००,०००। बजेट व्यवस्था भएकोमा लुम्बिनी प्रदेश अन्तर्गत सुर्खेत र दाङ्गमा तथा कोशी प्रदेश स्थित धरानमा गरी ३ वटा यस प्रकारका गोष्ठीहरु सञ्चालन गर्दा कूल रु ७,९३,५००। खर्च हुन गएको छ । रेडप्लससँग सम्बन्धित सराकारवालाहरुसँगको अन्तरक्रिया गोष्ठी का सहभागीहरु सम्बन्धी विस्तृत विवरण अनुसूची ४ मा प्रस्तुत गरिएको छ ।

### २. राष्ट्रिय रेड निर्देशक समितिको बैठक

रेडप्लस कार्यक्रम कार्यान्वयन गर्नका लागि यससँग सम्बन्धित नीति तथा कार्यक्रमहरुका बीच सामञ्जस्यता कायम गर्न आवश्यक वित्त एवं अन्तर मन्त्रालय समन्वय र सहकार्य जुटाउन सहयोग गर्ने उद्देश्यले वन तथा वातावरण मन्त्रालयका माननीय मन्त्रीज्यूको अध्यक्षतामा २५ सदस्यीय राष्ट्रिय रेडप्लस निर्देशक समिति रहने व्यवस्था छ । राष्ट्रिय रेडप्लस निर्देशक समितिको कार्यक्षेत्र समग्र नीतिगत मार्गदर्शन गर्नुका साथै रेडप्लस कार्यान्वयन र यसमा विभिन्न क्षेत्र र सरोकारवालाहरुको प्रतिनिधित्व गराउने कुराको रेखदेख गर्ने रहेको छ । आ.व.

२०८१।०८२ मा यस निर्देशक समितिको बैठक १ वटा सञ्चालन गर्नको लागि रु १,५०,०००। बजेट व्यवस्था भएकोमा १ वटा बैठक सञ्चालन गरिएको र सो को लागि कूल १,३०,७००। खर्च हुन गएको छ । राष्ट्रिय रेडप्लस निर्देशक समितिको बैठकका सहभागीहरु सम्बन्धी विस्तृत विवरण अनुसूची ४ मा प्रस्तुत गरिएको छ ।

## ३. राष्ट्रिय रेड समन्वय समितिको बैठक तथा गोष्ठी

रेडप्लससँग सम्बन्धित सरकारी निकायका प्राविधिक कर्मचारीहरु तथा सरोकारवाला संघ संस्थाका रेडप्लस फोकल व्यक्तिहरुलाई रेडप्लस कार्यक्रमको बारेमा जानकारी गराउँदै रेडप्लस कार्यमा भैरहेको तथ्यहरु अध्यावधिक गराउने तथा नयाँ उपलब्धिहरूको बारेमा जानकारी प्रदान गरी क्षमता अभिवृद्धि गर्ने साथै रेडप्लस कार्यक्रमले पारेका प्रभाव सम्बन्धमा अन्तरक्रिया गर्ने उद्देश्यले यस प्रकारको कार्यक्रम आयोजना गरिएको हो। सरोकारवाला संस्थाका प्रतिनिधिहरुलाई रेडप्लस कार्यक्रमको बारेमा जानकारी गराउने, कार्यक्रम कार्यान्वयनमा सरोकारवाला संस्थालाई सहभागी गराई अपनत्व वढाउँदै रेडप्लस कार्यक्रमको प्रभावकारिता बढाउन तथा रेडप्लस कार्यक्रमलाई समन्वयात्मक ढङ्गले अघि बढाउन यस प्रकारको कार्यक्रमले ठूलो महत्व राख्दछ। यस प्रकारको कार्यक्रम एकवटा सञ्चालन गर्नको लागि आ.ब. २०८१।०८२ मा रु ३,००,०००। बजेट व्यवस्था भएकोमा वन तथा वातावरण मन्त्रालयका सचिव डा राजेन्द्र प्रसाद मिश्रज्यूको अध्यक्षतामा १ वटा बैठक सञ्चालन गरिएको र सो को लागि कूल २,९९,१००। खर्च हुन गएको छ । राष्ट्रिय रेड समन्वय समितिको बैठकका सहभागीहरु सम्बन्धी विस्तृत विवरण अनुसूची ४ मा प्रस्तुत गरिएको छ ।

## ४. कोशी /मधेश/ कर्णाली प्रदेशको कार्बन संचिति आँकलन अध्ययन

रेड कार्यान्वयन केन्द्रले कोशी, मधेश र कर्णाली प्रदेशमा रेड प्लस कार्यान्वयनको सम्भाव्यता अध्ययन सम्पन्न गरेको छ। राष्ट्रिय रेडप्लस रणनीति (२०२५-२०३४) सँग सामञ्जस्य कायम गरी प्राविधिक आधार (Baseline) तयार गर्नका लागि सन् २०१४ देखि २०२२ सम्मको Satellite Imagery को Remote Sensing र GIS विश्लेषण सहितको पद्धति अवलम्बन गरी कार्बन मौज्दातको गणना IPCC 2006 को निर्देशिका बमोजिम गरिएको थियो। यसमा वनका विभिन्न प्रकार र व्यवस्थापन प्रणालीहरूमा Above-Ground Biomass, Below-Ground Biomass र Soil Organic Carbon को मापन गर्न वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको तथ्याङ्क र स्थलगत इन्भेन्टरी (Field Inventory) लाई एकिकृत गरिएको थियो।

अध्ययनको नतिजाले प्रदेशगत रूपमा हेर्दा फरक फरक अवस्था देखाएको छः कोशी प्रदेशको चुरे क्षेत्रमा केही क्षय भएता पनि समग्रमा उच्च कार्बन मौज्दात कायम राखेको छ भने कर्णाली प्रदेश भविष्यमा कार्बन क्रेडिट उत्पादनका लागि राम्रो सम्भावना भएको एक महत्वपूर्ण र स्थिर कार्बन सिङ्क (Carbon Sink) को रूपमा देखिएको छ। यसको विपरित, मधेश प्रदेशले भू-उपयोग परिवर्तनको उच्च चाप झेलिरहेको छ, जहाँ प्राकृतिक वन क्षेत्रमा आएको कमीलाई वन बाहिरका रुखहरू (Trees Outside Forests) र कृषि वनले केही हदसम्म पूर्ति गरेको पाइन्छ। सामुदायिक वन व्यवस्थापन प्रणालीले सरकारी व्यवस्थापनको तुलनामा Carbon Additionality र पुनरुत्पादन दरमा राम्रो नतिजा देखाएको छ। यसले दीर्घकालीन कार्बन सञ्चिति र वन व्यवस्थापनमा सामाजिक न्याय सुनिश्चित गर्न स्थानीय समुदायको नेतृत्व नै सबैभन्दा प्रभावकारी मोडल रहेको पुष्टि गरेको छ।

यस प्रकारको अध्ययन कार्यक्रम एकवटा सञ्चालन गर्नको लागि आ.ब. २०८१।०८२ मा रु ५,००,०००। बजेट व्यवस्था भएकोमा सेवा प्रदायक संस्था मार्फत उक्त अध्ययन सञ्चालन गरिएको र सो को लागि कूल ३,७५,०००।खर्च हुन गएको छ ।

## ५. रेड फोकल पर्सन तथा सरोकारवालाहरुको रेड कार्यान्वयन तालिम

रेडप्लससँग सम्बन्धित सरकारी निकायका प्राविधिक कर्मचारीहरु तथा सरोकारवाला संघ संस्थाका रेडप्लस फोकल व्यक्तिहरुलाई रेडप्लस कार्यक्रमको बारेमा जानकारी गराउँदै रेडप्लस कार्यमा भैरहेको तथ्यहरु अध्यावधिक गराउने तथा नयाँ उपलब्धिहरूको बारेमा जानकारी प्रदान गरी क्षमता अभिवृद्धि गर्ने साथै रेडप्लस कार्यक्रमले पारेका प्रभाव सम्बन्धमा अन्तरक्रिया गर्ने उद्देश्यले यस प्रकारको कार्यक्रम आयोजना गरिएको हो । सरोकारवाला संस्थाका प्रतिनिधिहरुलाई रेडप्लस कार्यक्रमको बारेमा जानकारी गराउने, कार्यक्रम कार्यान्वयनमा सरोकारवाला संस्थालाई सहभागी गराई अपनत्व वढाउँदै रेडप्लस कार्यक्रमको प्रभावकारिता वढाउन तथा रेडप्लस कार्यक्रमलाई समन्वयात्मक ढङ्गले अघि बढाउन यस प्रकारको कार्यक्रमले ठूलो महत्व राख्दछ। यस प्रकारको कार्यक्रम ७ वटा सञ्चालन गर्नको लागि आ.व. २०८१।०८२ मा रु १४,००,०००।- बजेट व्यवस्था भएकोमा कर्णाली प्रदेशको सुर्खेत र कोशी प्रदेशको धरानमा १-१ वटा गरी २ वटा यस प्रकारको गोष्ठी तथा यसै कार्यक्रमवाट उत्सर्जन न्यूनीकरण अनुगमन प्रतिवेदन (ERMR Report) लाई अन्तिम रुप दिनको लागि समेत १ गोष्ठी संचालन गरिएको थियो उपरोक्त ३ वटै गोष्ठीहरु संचालन गर्दा कूल ३,६८,७००।-

खर्च हुन गएको छ । रेड फोकल पर्सन तथा सरोकारवालाहरुको रेड कार्यान्वयन तालिमका सहभागीहरु सम्बन्धी विस्तृत विवरण अनुसूची ४ मा प्रस्तुत गरिएको छ ।

## २.२ समृद्धिको लागि वन कार्यक्रम

### क। समृद्धिका लागि वन कार्यक्रमको प्रगति प्रतिवेदन

समृद्धिका लागि वन परियोजनाको सुरुवात २०७८ साल श्रावण १ गते भएको थियो । यस परियोजनाले वन व्यवस्थापनका लागि नयाँ सरकारी संरचना तथा प्रक्रियामा नीतिगत र क्षमता विकास सहयोग, सामुदायमा आधारित वन व्यवस्थापन र निजी तथा सार्वजनिक जग्गामा साना किसानहरुको लागि वृक्षारोपण कार्यमा सहयोग तथा  प्रवर्धन, वन उद्यमको सुधार तथा विकास र परियोजना सुशासन तथा अनुगमन कार्यहरू समेटेको छ।

हालसम्मको मुख्य उपलब्धिहरूमा ५५५ वटा  समुदायमा आधारित वन व्यवस्थापन समूहहरुको विधान तथा कार्ययोजना नवीकरण भएको छ । यस कार्यक्रमबाट १८ लाख ८० हजार ५१६ भन्दा बढी प्रत्यक्ष लाभ प्राप्त गरेका छन् ।

तालिका नं ३: समृद्धिको लागि वन कार्यक्रमको आ.व. २०८१।०८२ को वित्तीय प्रगति

| आर्थिक वर्ष | वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र सहित परियोजना व्यवस्थापन इकाइ | मधेश प्रदेश | लुम्बिनी प्रदेश | मधेशका स्थानीय तहहरू | लुम्बिनीका स्थानीय तहहरू | कृषि विकास बैंक | नेपाल सरकार | जम्मा रु लाखमा |
|---|---|---|---|---|---|---|---|---|
| | खर्च | | | | | | | |
| २०८१-८२ | १,०८३.५२ | १,५०२.९८ | १,९२६.७८ | ६९५.२५ | ४७८.९९ | ५६४ | १०.१० | ६,२६१.६२ |

### ख।समृद्धिका लागि वन परियोजना अन्तर्गत सञ्चालित क्रियाकलापहरु

यस प्रतिवेदनले रेड कार्यान्वयन केन्द्र अन्तर्गत "समृद्धिका लागि वन परियोजना" (FFPP) अन्तर्गत २०८१/०८२ मा सञ्चालित सम्पूर्ण कार्यक्रमहरूको प्रगतिलाई समेटेको छ। परियोजनाका गतिविधिहरूले वन क्षेत्रको सुशासन सुदृढीकरण, वन संरक्षण, उद्यम विकास तथा सुधार, जलवायु अनुकूलन र सामुदायिक सहभागिता प्रवर्द्धनमा महत्त्वपूर्ण योगदान पुर्याएका छन्। यस कार्यक्रमले सङ्घीयता कार्यान्वयनको लागि सबै तहमा वन क्षेत्रको कार्यक्रमलाई समन्वय गर्ने गराउने कार्य गरेको छ ।

## १. परामर्शदाताको नियुक्ति

समृद्धिका लागि वन कार्यक्रम तर्फका क्रियाकलापहरु सञ्चालनको लागि विशिष्ट किसिमका काम तथा विषयगत विज्ञता आवश्यकता पर्ने कामहरु कार्यालयका उपलब्ध कर्मचारीले मात्र गर्न सम्भव नभएकोले विज्ञहरु तथा थप कर्मचारी मार्फत गर्नुपर्ने कामहरुको लागि आ. व. २०८१।०८२ मा विभिन्न विषयमा विषयगत विज्ञहरु तथा कर्मचारीहरु नियुक्त गर्ने काम गरिएको थियो । यस कार्यक्रम अन्तर्गत आ. व. २०८१।०८२ मा वरिष्ठ वित्तीय व्यवस्थापन परामर्शदाता, वरिष्ठ वन तथा उद्यम परामर्शदाता, वरिष्ठ सामाजिक सेफगार्ड तथा जेण्डर परामर्शदाता, वरिष्ठ वातावरणीय सेफगार्ड परामर्शदाता, वरिष्ठ अनुगमन तथा मूल्यांकन विज्ञ, वरिष्ठ खरिद विज्ञ, संचार अधिकृत, डेस्क सहायक, सूचना प्रविधि विज्ञ, Analytical Reviewer, सामाजिक सुरक्षा विज्ञ , वातावरणीय सुरक्षा विज्ञ र ड्राईभर गरी १३ जना विज्ञ तथा कर्मचारीहरु नियूक्त गरिएको थियो । यसरी विभिन्न तेह्रजना विज्ञ तथा कर्मचारीहरु नियूक्ति गर्नको लागि तिनवटा शिर्षकमा कूल रु २,१०,००,०००।- बजेट व्यवस्था भएकोमा आ.ब. २०८१।०८२ मा उपरोक्त वमोजिमका विज्ञहरुको सेवा खरिदमा रु १,२८,३६,९५२।- र व्यवस्थापन तथा विविध खर्चमा रु ८,५१,०४८।- गरी कूल रु १,३६,८८,०००।- खर्च हुन गएको छ । विज्ञ तथा थप कर्मचारीहरुको खर्च सम्बन्धी विस्तृत विवरण निम्न वमोजिम प्रस्तुत गरिएको छ ।

**तालिका ४: परामर्शदाताको खर्चको विस्तृत विवरण**

| बजेट क्र.सं. | परामर्शदाता /कर्मचारी | स्वीकृत बजेट | वास्तविक खर्च | कैफियत |
|---|---|---|---|---|
| २.५.२.५४ | वरिष्ठ वित्तीय व्यवस्थापन विज्ञ | १,७५,००,००० | २४,४०,८०० | |
| | वरिष्ठ अनुगमन तथा मूल्यांकन विज्ञ | | १८,३२,२७६ | |
| | वरिष्ठ खरिद विज्ञ | | १८,६६,०१९ | |
| | वरिष्ठ वन तथा उद्यम विज्ञ | | २४,५४,३२५ | |
| | वरिष्ठ सामाजिक सुरक्षा तथा जेण्डर विज्ञ | | १३,५८,२५० | |
| | वरिष्ठ वातावरणीय सुरक्षा विज्ञ | | ८,१३,६०० | |
| | सामाजिक सुरक्षा विज्ञ | | २,६५,३५८ | |

| | | | | |
|---|---|---|---|---|
| | वातावरणीय सुरक्षा विज्ञ | | ३,०१,४४८ | |
| २.५.२.५५ | Knowledge Documentation and Communication Officer | १०,००,००० | ४,६४,१६६ | |
| | IT Expert | | २,४०,००० | |
| | Analytical Reviewer | | ३,००,००० | |
| २.५.७.५६ | Desk Assistant | २५,००,००० | ३,३८,०३८ | |
| | Driver | | १,६२,६७२ | |
| व्यवस्थापन तथा विविध खर्च | | | ८,५१,०४८ | |
| **जम्मा** | | **२,१०,००,०००** | **१,३६,८८,०००** | |

## २. Electronic Tree Registration System को विकास

रेड कार्यान्वयन केन्द्रले नेपालमा कार्बन व्यापारको काम सुरु गरिरहेको तथा विश्व बैंक लाई तराई भू-परिधि क्षेत्रका १३ जिल्लाको राष्ट्रिय वनमा उत्सर्जन न्यूनीकरण वापत पहिलो चरण (जुन २०१८ देखि डिसेम्वर २०२२ सम्म) को नतिजामा आधारित भुक्तानी वापत करिव १ अर्व ३० करोड रुपैया भुक्तानी प्राप्त भैसकेको छ । त्यसैगरी नेपाल सरकारले कार्बन व्यापार नियमावली पनि स्वीकृत गरी निजी क्षेत्रलाई समेत कार्बन व्यापारमा सहभागी हुन सक्ने व्यवस्था गरेको छ । यसरी कार्बन व्यापारबाट प्राप्त लाभलाई निजी तथा पारिवारिक निजी वनहरु सम्म पुर्याउनको लागि देशभरिका निजी वनहरुमा छरिएर रहेका रुखहरुको तथ्याङ्क आवश्यक पर्ने भएको तथा निजी क्षेत्र मार्फत हुने स-साना स्केलका कार्बन मापनहरुको Verification & Validation गर्नको लागि समेत निजी तथा पारिवारिक निजी वनमा रहेका रुखहरुको तथ्याङ्क अद्यावधिक गर्न आवश्यक भएकोले रेड कार्यान्वयन केन्द्रले आ.व. २०८१।०८२ को वार्षिक कार्यक्रममा बजेट व्यवस्था गरी Electronic Tree Registration System को लागि Software विकास गरी संचालनमा ल्याएको छ । यस प्रकारको Electronic Tree Registration System को विकासको लागि कूल रु ५,००,०००।- बजेट व्यवस्था रहेकोमा उक्त काम सम्पन्न गर्दा जम्मा रु ४,७१,०००।- खर्च हुन गएको छ ।

## ३. वन क्षेत्र सम्वन्धित नीतिगत कानूनी तथा प्राविधिक निर्देशिका मार्गदर्शन कार्यविधि मापदण्डहरुको परिमार्जन एवं तर्जुमा

रेड कार्यान्वयन केन्द्रसँग सम्वन्धित विभिन्न नीतिगत तथा प्राविधिक दस्तावेजहरुको तर्जुमा एवं परिमार्जनको लागि यस प्रकारको कार्यक्रम राखिएको हो । आ.व. २०८१।०८२ मा यस कार्यक्रम अन्तर्गत लिफ तर्फको लाभ बाँडफाँट योजना तयारी तथा FCPF तर्फको लाभ बाँडफाँट योजनाको समिक्षा, राष्ट्रिय रेड प्लस रणनीति तयारी, TREE Monitoring Report को CEO सम्बन्धी बैठक आयोजना, लिफ तर्फको उत्सर्जन न्यूनीकरण खरिद सम्झौता को मस्यौदा तयारी तथा वन पैदावारमा आधारित उद्यम प्रवर्धनका लगि वन उद्यम सामाजिक तथा वातावरणीय सुरक्षा सम्बन्धी गोष्ठी आयोजना गरिएको थियो । यस शिर्षकमा कूल रु २५,००,०००।- बजेट व्यवस्था रहेकोमा उपरोक्त क्रियाकलापहरु सञ्चालन गर्दा कूल रु १३,६०,०००।- खर्च भएको छ ।

## ४. वातावरणीय तथा सामाजिक सुरक्षा सम्बन्धी अनुगमन प्रतिवेदन तयारी

समृद्धिको लागि वन परियोजना विश्व बैंकको ऋण तथा अनुदान सहयोगमा सञ्चालित परियोजना हो । यस परियोजनामा हरेक गतिविधिहरुमा वातावरणीय तथा सामाजिक सुरक्षा सम्बन्धी विषयवस्तुहरु सम्वोधन गरिएको हुनुपर्दछ । यसै शिलशिलामा परियोजना मार्फत सञ्चालित क्रियाकलापहरुमा वातावरणीय तथा सामाजिक सेफगार्ड सम्बन्धी कृयाकलापहरु के कसरी सम्वोधन गरिएका छन् वा छैनन् भन्ने सम्वन्धमा नियमित अनुगमन मूल्याङ्कन गर्नु पर्ने हुन्छ । यसै सिलसिलामा रेड कार्यान्वयन केन्द्रका कर्मचारीहरु तथा विज्ञहरुको समूहले मधेश प्रदेश तथा लुम्बिनी प्रदेशमा पटक पटक भ्रमण गरी कार्यक्रमको अनुगमन गर्ने काम भएको थियो । यसरी तयार गरिएको E & S Report बिश्व बैंकमा समेत पठाईएको छ । यसरी अनुगमन तथा मूल्याङ्कन सम्बन्धी काममा जाने कर्मचारी तथा विज्ञको दैनिक तथा भ्रमण भत्ता, सहभागीहरुको वैठक भत्ता, खाजा खर्च, मसलन्द तथा गाडी भाडामा गरेर आ.व. २०८१।०८२ मा कूल १,९९,०००।- खर्च हुन गएको छ ।

## ५. परियोजनाको लेखा व्यवस्थापन सम्बन्धी अभिमुखिकरण तालिम

समृद्धिको लागि वन परियोजना लागु भएका प्रदेश स्थित वन निर्देशनालय तथा डिभिजन वन कार्यालयहरु तथा परियोजना लागु भएका स्थानीय तहहरुका आर्थिक तथा लेखा शाखा हेर्ने कर्मचारीहरुलाई परियोजनाका विभिन्न संभागहरु तथा वित्तीय व्यवस्थापन सम्वन्धमा जानकारी

गराउने साथै विश्व बैंकको खरिद प्रकृया सम्बन्धमा कर्मचारीहरुलाई अभिमुखिकरण गर्ने उद्देश्यले यस प्रकारको कार्यक्रम आवश्यक परेको हो । यी तालिमहरुमा प्रशासनिक, लेखा, खरिद, जिन्सी व्यवस्थापन तथा ऋण प्रवाह सम्बन्धमा परियोजना व्यवस्थापन इकाईका कर्मचारी तथा वरिष्ठ विज्ञहरुले प्रदेश परियोजना व्यवस्थापन इकाइ, डिभिजन वन कार्यालय तथा परियोजना लागु भएका स्थानीय तहहरुका लेखा तथा प्रशासन हेर्ने कर्मचारीहरुलाई जानकारी प्रदान गर्ने कार्यक्रम राखिएको थियो । आ.व. २०८१।०८२ मा २ वटा यस प्रकारका तालिम आयोजना गर्न रु १०,००,०००।- बजेट व्यवस्था गरिएकोमा निम्न बमोजिम ४ वटा यस प्रकारका कार्यक्रम आयोजना गरी कूल रु ९,८९,०००।- खर्च हुन गएको थियो ।

तालिका नं ५: समृद्धिको लागि वन परियोजनाको वित्तीय व्यवस्थापन सम्बन्धी अभिमुखिकरण तालिम सञ्चालन गरिएको विवरण

| सि नं | कार्यक्रम को नाम | मिति | स्थान | सहभागी संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | Financial Management Orientation Program of Forestry for Prosperity Project | २०८१।०८।०४ | विनायक होटल, वर्दिवास | ३३ | |
| २ | | २०८१।०८।०५ | होटल सिमरा ईन, सिमरा | ३२ | |
| ३ | | २०८१।०८।२५ | मदानी होटल, रुपन्देही | ४६ | |
| ४ | | २०८१।०८।२६ | होटल पौवा, भालुवाङ्ग | ३३ | |

## ६. वातावरणीय तथा सामाजिक सुरक्षा जोखिम न्यूनीकरण सम्बन्धी तालिम

रेड कार्यान्वयनसँग सरोकार राख्ने सरोकारवाला स्थानीय समुदाय र वन प्राविधिकहरूलाई वनमा आधारित आर्थिक गतिविधिहरूसँग जोडिएका सम्भावित वातावरणीय र सामाजिक जोखिमहरू पहिचान गर्न, व्यवस्थापन गर्न र न्यूनीकरण गर्न आवश्यक ज्ञान र सीपहरू प्रदान गर्नको लागि यस प्रकारका कार्यक्रमहरु आयोजना गर्ने गरिन्छ । विश्व बैंक जस्ता दातृ निकायका परियोजनाहरूमा वातावरणीय तथा सामाजिक सुरक्षाको अवधारणा धेरै महत्त्वपूर्ण हुन्छ। यस शिर्षकले समग्रमा विकास वा वन व्यवस्थापनका कामहरू गर्दा प्रकृति र स्थानीय समुदायलाई पर्न सक्ने सम्भावित नकारात्मक असरहरूलाई कसरी कम गर्ने (न्यूनीकरण गर्ने) भनेर सिकाउने विषयलाई जनाउँछ। आ.व. २०८१।०८२ मा दुई वटा यस प्रकारको गोष्ठी

आयोजना गर्न रु १०,००,०००।- बजेट विनियोजन गरिएकोमा भालुवाङ्ग, बुटवल र बर्दिवासमा गरी विभिन्न तीनवटा यस प्रकारको गोष्ठीहरु आयोजना गरी रु ७,९८,०००।- खर्च हुन गएको छ । गोष्ठीका सहभागी सम्बन्धी विस्तृत विवरण अनुसूची ४ मा प्रस्तुत गरिएको छ ।

## ७. रेड प्लस कार्यक्रममा लैङ्गिक नेतृत्व क्षमता सम्बन्धी अन्तरक्रिया

नेपाल सरकारद्वारा सञ्चालित समृद्धिका लागि वन परियोजनाले दिगो वन व्यवस्थापन र रेडप्लस मार्फत कार्बन उत्सर्जन न्यूनीकरण गर्दै वन क्षेत्रबाट प्राप्त हुने लाभलाई समतामूलक रूपमा बाँडफाँट गर्ने लक्ष्य राखेको छ। वन संरक्षण र व्यवस्थापनमा महिलाहरूको भूमिका अहम् भए तापनि नीतिगत निर्णय र नेतृत्व तहमा उनीहरूको उपस्थिति न्यून रहेको सन्दर्भमा लैङ्गिक नेतृत्व क्षमता सम्बन्धी गोष्ठीको आयोजना गर्न परेको हो। यस गोष्ठीको मुख्य उद्देश्य रेड प्लस प्रक्रिया, कार्बन व्यापार र लाभ बाँडफाँटको संयन्त्रमा महिलाहरूको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न उनीहरूको नेतृत्वदायी क्षमता, निर्णय प्रक्रियामा हस्तक्षेपकारी भूमिका र पैरवी गर्ने सीप अभिवृद्धि गर्नु हो। यस कार्यक्रमले वन उपभोक्ता समूह र सरोकारवाला निकायहरूमा महिला नेतृत्वलाई स्थापित गर्दै आयोजनाको लैङ्गिक तथा सामाजिक समावेशीकरण रणनीतिलाई मूर्तरूप दिन र वनबाट प्राप्त हुने समृद्धिमा महिलाको समान पहुँच सुनिश्चित गर्न ठोस योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।आ.व. २०८१।०८२ मा दुईवटा यस प्रकारको गोष्ठी आयोजना गर्न रु १०,००,०००।- बजेट विनियोजन गरिएकोमा पोखरा, हेटौडा र बर्दिवासमा गरी विभिन्न तीन वटा यस प्रकारको गोष्ठीहरु आयोजना गरी रु ९,११,०००।- खर्च हुन गएको छ ।गोष्ठीका सहभागी सम्बन्धी विस्तृत विवरण अनुसूची ४ मा प्रस्तुत गरिएको छ ।

## ८. वन क्षेत्रमा सुशासन अभिवृद्धि तालिम गोष्ठी

विशेष गरी वन क्षेत्रको संरक्षण तथा व्यवस्थापनको कामलाई दिगो शासन प्रणाली सहित बलियो बनाउने उद्देश्यले यस प्रकारको कार्यक्रम आवश्यकता परेको हो। यस प्रकारका कार्यक्रमहरुले सहभागीहरूको शासन सम्बन्धी ज्ञान र दक्षता अभिवृद्धि गर्दै वन क्षेत्रमा सरोकारवालाहरूको प्रभावकारी भूमिकाहरु विशेष गरी वनको संरक्षण, व्यवस्थापनको लागि सुनिश्चित गर्न योगदान पुर्याउदछन् । यसबाट परियोजनाले राखेको लक्ष्य विशेषतः दिगो वन व्यवस्थापन तथा वृक्षारोपणको व्यवस्थापनको लागि टेवा पुग्ने आशा गर्न सकिन्छ । यस कार्यक्रम अन्तर्गत सुशासन सम्बन्धी गोष्ठीहरु, प्रविधिजन्य नियन्त्रण प्रणालीहरु र दिगो वन

व्यवस्थापनको लागि वन डढेलो नियन्त्रण गोष्ठी जस्ता क्रियाकलापहरु सञ्चालन गरिएका थिए । यस कार्यक्रम अन्तर्गत ५ वटा क्रियाकलापहरु सञ्चालन गर्न रु २०,००,०००।बजेट व्यवस्था रहेकोमा निम्न मिति र स्थानमा विभिन्न ४ वटा तालिम तथा गोष्ठीहरु सञ्चालन गरिएका छन् ।

तालिका नं ६: वन क्षेत्रमा सुशासन अभिवृद्धि तालिम, गोष्ठी, सेमिनार कार्यक्रम अन्तर्गत संचालित तालिम तथा गोष्ठीहरु

| सि नं | कार्यक्रम को नाम | मिति | स्थान | कैफियत |
|---|---|---|---|---|
| १ | Interaction workshop with local municipalities representative and stakeholders about climate change and emission reduction | २०८१।०७।१० | होटल भ्यू भृकुटी, गोदावरी | |
| २ | Workshop on forest fire behaviour and fire supression tools | २०८१।०८।०६ | कार्की ब्याङ्केट, बबरमहल | |
| ३ | Geo Enabling Monitoring and Supervision Training | २०८१।०८।२७ | लुम्बिनी प्रदेश भालुवाङ्ग | |
| ४ | Geo Enabling Monitoring and Supervision Training | २०८१।०८।२८ | भालुवाङ्ग | |

उपरोक्त ४ वटा तालिम तथा गोष्ठीहरु सञ्चालन गर्दाको कूल रु १८,६६,०००। खर्च हुन गएको देखिन्छ । उपरोक्त तालिम तथा गोष्ठीका सहभागी सम्बन्धी विस्तृत विवरण अनुसूची ४ मा प्रस्तुत गरिएको छ ।

## ९. वन प्राविधिक क्षमता विकास तालिम

नेपाल सरकारको सङ्घीय वन तथा वातावरण मन्त्रालय तथा सात वटै प्रदेश स्थित वन तथा वातावरण हेर्ने मन्त्रालय अन्तर्गतका विभिन्न विभागहरु तथा निकायमा कार्यरत वन प्राविधिकहरुलाई वन व्यवस्थापन तथा अनुगमनका लागि आवश्यक प्राविधिक दक्षता विकास गर्न यस प्रकारको कार्यक्रम आवश्यक पर्दछ । आ.व. २०८१।०८२ मा यस कार्यक्रम अन्तर्गत ३ वटा क्रियाकलाप सञ्चालन गर्न रु ३०,००,०००। बजेट व्यवस्था रहेकोमा दुईवटा क्षमता अभिवृद्धि कार्यक्रमहरु सञ्चालन भएका छन् । यसरी सञ्चालित कृयाकलापहरुमा मिति २०८१ असोज ०९ देखि ११ सम्म मिरावेल होटल, धुलिखेलमा Drone Handling Training for Carbon Accounting तालिम र मिति २०८१ चैत्र ११ देखि १४ सम्म होटल सारथी, धुलिखेलमा संचालित Advanced Drone Handling, Image Processing and

Interpretation Training for Forest Technician तालिमहरु पर्दछन् । मिरावेल होटलमा संचालित तालिममा वन तथा भू संरक्षण विभाग, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, राष्ट्रपति चुरे तराई मधेश संरक्षण कार्यक्रम, रेड कार्यान्वयन केन्द्र, प्रदेश वन तथा वातावरण हेर्ने मन्त्रालय, वन निर्देशनालयहरु, डिभिजन वन कार्यालयहरु समेतबाट कूल २७ जना प्राविधिक कर्मचारीहरु सहभागी भएका थिए तथा सारथी होटलमा संचालित तालिममा वन तथा वातावरण मन्त्रालय, वन तथा भू संरक्षण विभाग, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, रेड कार्यान्वयन केन्द्र, प्रदेश स्थित वन तथा वातावरण हेर्ने मन्त्रालय, वन निर्देशनालयहरु तथा डिभिजन वन कार्यालयहरुका गरी कूल २९ जना प्राविधिक कर्मचारीहरुको सहभागिता रहेको थियो । क्षमता अभिवृद्धि तालिमका सहभागीहरूले वन व्यवस्थापनको क्षेत्रमा देखा परेका नयाँ प्रविधि र उपकरण प्रयोग गर्ने ज्ञान हासिल गरेका छन्। यसै कार्यक्रमबाट प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयका सहसचिव श्री प्रेम प्रसाद आचार्य, वन तथा वातावरण मन्त्रालयका उपसचिव श्री सुमन सुवेदी र रेड कार्यान्वयन केन्द्रका उप सचिव श्री प्रकाश थापाले अजरवैजानमा भएको जलवायु परिवर्तन सम्बन्धी कोप सम्मेलनमा सहभागी हुँदाको कूल खर्च मध्ये करिब १२ लाख रुपैया व्यहोर्ने काम भएको छ । उपरोक्त सबै क्रियाकलापहरु सञ्चालन गर्दा यस शिर्षकबाट कूल रु २७,८६,०००। खर्च हुन गएको छ ।

## १०. वन क्षेत्र, वन उद्यम एवं वनको विकास, विस्तार र व्यवस्थापन सम्बन्धी तालिम गोष्ठी

वन पैदावारमा आधारित उद्यम सञ्चालन गरिरहेका उद्यमीहरुलाई वनको विकास तथा विस्तार र वन पैदावारको समुचित उपयोग गर्ने तौर तरिका सम्बन्धमा जानकारी गराउने साथै समृद्धिको लागि वन कार्यक्रम द्धारा कृषि विकास बैंक मार्फत प्रदान गरिने सहुलियतपूर्ण ऋणको बारेमा जानकारी गराउँदै वन पैदावारमा आधारित उद्यमहरुको विकासमा सहयोग पुर्याउने उद्देश्यले यस प्रकारको कार्यक्रम आवश्यकता परेको हो। यस कार्यक्रम अन्तर्गत २ वटा क्रियाकलाप सञ्चालन गर्न रु १४,००,०००। बजेट व्यवस्था रहेकोमा निम्न मिति र स्थानमा विभिन्न ८ वटा तालिम तथा गोष्ठीहरु सञ्चालन गरिएका छन् ।

तालिका नं ७: वन क्षेत्र, वन उद्यम एवं वनको विकास, विस्तार र व्यवस्थापन कार्यक्रम अन्तर्गत संचालित तालिम तथा गोष्ठीहरु

| सि नं | कार्यक्रम को नाम | मिति | स्थान | कैफियत |
|---|---|---|---|---|
| १ | वनमा आधारित उद्योगहरुको सुधार र विकासको लागि अभिमुखिकरण कार्यक्रम | २०८१।०८।०६ | मन्त्र गेष्ट हाउस, लमही, दाङ्ग | |
| २ | वनमा आधारित उद्योगहरुको सुधार र विकासको लागि अभिमुखिकरण कार्यक्रम | २०८१।०८।०७ | सन्धिखर्क, अर्घाखाँची | |
| ३ | वनमा आधारित उद्योगहरुको सुधार र विकासको लागि अभिमुखिकरण कार्यक्रम | २०८१।०८।०९ | बुटवल | |
| ४ | वनमा आधारित उद्योगहरुको सुधार र विकासको लागि अभिमुखिकरण कार्यक्रम | २०८१।०८।१८ देखि १९ सम्म | होटल सारथी, धुलिखेल | |
| ५ | वन उद्यम, वन व्यवस्थापन र वनको विकास विस्तार सम्बन्धी अभिमुखिकरण गोष्ठी तथा अन्तरक्रिया | २०८१।०९।०८ | गौतम होटल, लालगढ | |
| ६ | वन उद्यम, वन व्यवस्थापन र वनको विकास विस्तार सम्बन्धी अभिमुखिकरण गोष्ठी तथा अन्तरक्रिया | २०८१।०९।०९ | होटल ईच्छा, सिमरा | |
| ७ | वन उद्यम एवं वनको विकास र व्यवस्थापन सम्बन्धी गोष्ठी | २०८२।०२।०९ | रेड कार्यान्वयन केन्द्र | |
| ८ | वन पैदावारमा आधारित उद्यम प्रवर्धनका लागि  वन उद्यम, सामाजिक तथा वातावरणीय सुरक्षा सम्बन्धी अभिमुखिकरण गोष्ठी | २०८२।०३।१२ देखि १३ सम्म | होटल भ्यु भृकुटी, गोदावरी | |

उपरोक्त गोष्ठीहरु सञ्चालन गर्दाको कूल रु १३,८०,०००। खर्च हुन गएको छ । तालिम तथा गोष्ठीका सहभागीहरुको विस्तृत विवरण अनुसूचि ४ मा प्रस्तुत गरिएको छ ।

## ११. कार्यक्रम सम्बन्धित अन्तर्राष्ट्रिय तालिम, गोष्ठी, सभा सम्मेलनमा सहभागिता

रेड कार्यान्वयन, वन व्यवस्थापन तथा वन उद्यमको क्षेत्रमा अन्य देशका अनुभवबाट लाभ लिन सकियोस् र वैदेशिक अध्ययन तथा अवलोकनबाट नेपाली कर्मचारीहरुको क्षमता अभिवृद्धि हुन सकोस भनी यस प्रकारको कार्यक्रमको आवश्यकता महशुस गरिएको हो । यस कार्यक्रम

अन्तर्गत आ.व. २०८१/०८२ मा कर्मचारीहरुलाई ७ दिन अवधिको थाईल्याण्ड भ्रमणको अवसर प्रदान गरिएको थियो । ७ दिन अवधिको "An Exposure and Learning Visit to the Kingdom of Thailand" नामक थाईल्याण्ड भ्रमणमा वन तथा वातावरण मन्त्रालयबाट दुई जना उपसचिव र एक जना शाखा अधिकृत, रेड कार्यान्वयन केन्द्र बाट एकजना उपसचिव, एकजना लेखा अधिकृत तथा एकजना लेखापाल, अर्थ मन्त्रालयबाट दुईजना शाखा अधिकृत र कोष तथा लेखा नियन्त्रण कार्यालयबाट एकजना लेखा अधिकृत तथा राष्ट्रपति चुरे–तराई मधेश संरक्षण विकास समिति कार्यक्रम कार्यान्वयन ईकाई चितवनबाट एकजना वन अधिकृत समेत गरी जम्मा १० जना कर्मचारीलाई सहभागिताको अवसर प्रदान गरिएको थियो । यसै कार्यक्रमबाट प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयका सहसचिव श्री प्रेम प्रसाद आचार्य, वन तथा वातावरण मन्त्रालयका उपसचिव श्री सुमन सुवेदी र रेड कार्यान्वयन केन्द्रका उपसचिव श्री प्रकाश थापाले अजरवैजानमा भएको जलवायु परिवर्तन सम्बन्धी कोप सम्मेलनमा सहभागी हुँदाको कूल खर्च मध्ये करिव २८ लाख रुपैया व्यहोर्ने काम भएको छ । यसरी कार्यक्रम सम्बन्धी अन्तर्राष्ट्रिय तालिम गोष्ठी सभा सम्मेलनमा सहभागिता शीर्षकमा रू. ४०,००,०००। बजेट व्यवस्था रहेकोमा सबै कार्यक्रम सम्पन्न गर्दा रु ३७,११,०००। खर्च भएको थियो । यस कार्यक्रम मार्फत An Exposure and Learning Visit to the Kingdom of Thailand कार्यक्रममा विदेश भ्रमणमा जाने कर्मचारीहरुको नामावली अनुसूची ११ मा दिईएको छ ।

## १२. वन पैदावारमा आधारित उद्यम प्रवर्द्धनको लागि सामाजिक तथा वातावरणीय सुरक्षा सम्बन्धी अभिमुखिकरण

यस अभिमुखीकरण कार्यक्रमको मुख्य उद्देश्य वन स्रोतको उपयोग गरी व्यवसाय सञ्चालन वा विस्तार गर्दा कसरी वातावरणीय दिगोपन र सामाजिक उत्तरदायित्व कायम गर्ने भन्ने बारेमा सरोकारवालाहरूलाई सुसूचित गराउनु हो। वनजन्य उद्यमहरूको प्रवर्धन गर्दा प्रकृतिको अत्यधिक दोहन नहुने र स्थानीय समुदायको हितलाई पनि सँगसँगै कसरी अगाडि बढाउने भन्ने विश्व बैंकको सुरक्षा मापदण्डबारे कार्यक्रममा छलफल गरिएको थियो । यस शीर्षकले वनजंगलका स्रोतसाधन प्रयोग गरेर उद्योगव्यवसाय खोल्ने र चलाउने क्रममा प्रकृति र मानव समाजलाई कुनै नोक्सान नहोस् भनेर सरोकारवालाहरूलाई प्रारम्भिक रुपमा सचेत गराउने काम गरिन्छ । यस्ता उद्योग वा व्यवसाय सञ्चालन गर्दा वन विनास, प्रदूषण वा जैविक विविधताको ह्रास नहोस् (वातावरणीय सुरक्षा) र सँगसँगै स्थानीय समुदाय, गरिब तथा सीमान्तकृत वर्गको स्रोतमाथिको पहुँच वा जीविकोपार्जनमा कुनै नकारात्मक असर नपरोस् (सामाजिक सुरक्षा) भनी

अपनाउनुपर्ने अनिवार्य मापदण्डहरू विषयमा छलफल गरिएको थियो । यस कार्यक्रम अन्तर्गत २ वटा क्रियाकलापको लागि रु १०,००,०००।- बजेट विनियोजन भएकोमा अर्घाखाँची, दाङ्ग, रुपन्देही र हेटौडामा गरी ४ वटा क्रियाकलाप सञ्चालन गरिएको र सो को लागि रु १०,००,०००।- खर्च हुन गएको छ ।

## १३. आयोजनाको सङ्घीय प्रदेश र स्थानिय तहको समन्वय बैठक

समृद्धिको लागि वन परियोजना संघ, प्रदेश र स्थानीय तहहरुवीच समन्वय गरी सञ्चालन गर्नुपर्ने नेपालकै एकमात्र विशिष्ट प्रकारको परियोजना हो। यस परियोजनाको कार्यक्रम विशेष गरी स्थानीय तहमा वृक्षरोपण तथा निजी वन धनीहरुलाई वृक्षारोपणको लागि अनुदान उपलब्ध गराउनुको साथै डिभिजन वन कार्यालयहरुबाट दिगो वन व्यवस्थापनको लागि समुदायमा आधारित वन व्यवस्थापन समूहहरुलाई दिगो वन व्यवस्थापनका क्रियाकलापहरु कार्यान्वयन गर्न सहयोग गर्ने कार्यहरु रहेको छ । यस परियोजनाको संघमा सङ्घीय परियोजना व्यवस्थापन इकाई र मधेश तथा लुम्बिनी प्रदेशमा प्रदेश परियोजना व्यवस्थापन एकाइहरुको व्यवस्था गरिएको छ । ती कार्यहरु कार्यान्वयनको लागि के कस्तो समन्वय आवश्यक पर्दछ त्यसै विषयमा आधारित रहेर प्रदेश र स्थानीय तहवीचको समन्वय सुदृढ गर्दै वन व्यवस्थापनका लागि साझेदारी प्रवर्द्धन गर्न मधेश प्रदेशको बर्दिवास मा ३ वटा, हेटौडामा १ वटा र काभ्रेपलाञ्चोकको पनौतीमा १ वटा यस प्रकारको कार्यक्रम आयोजना गरिएको थियो। उक्त कार्यक्रमहरुमा वन तथा वातावरण मन्त्रालय, सङ्घीय परियोजना व्वस्थापन इकाई, प्रदेश परियोजना व्यवस्थापन इकाई, प्रदेश सरकारमा कार्यरत वन कर्मचारीहरु, सरोकारवाला विभिन्न संघ संस्थाका प्रतिनिधिहरु लगायतको सहभागिता रहेको थियो । यस प्रकारको कार्यक्रमको लागि कूल रु २५,००,०००।- बजेट व्यवस्था रहेकोमा सवै ५ वटा कार्यक्रमहरु सम्पन्न गर्दा २३,१८,०००।- खर्च हुन गएको छ ।

## १४. आयोजना निर्देशक समितिको बैठक

समृद्धिको लागि वन परियोजनाको कार्यान्वयनको लागि केन्द्रमा वन तथा वातावरण मन्त्रालयले नेतृत्व लिएको छ । केन्द्रमा वन तथा वातावरण मन्त्रालयका सचिवको अध्यक्षतामा विभिन्न मन्त्रालय, सम्बन्धित विभागहरु, कृषि विकास बैङ्क, वन उद्यमीको संस्था, समुदायमा आधारित सहयोगी सञ्जालहरु (वन समूह, निजी वन, आदिवासी जनजाति, महिला आदि) सहितको बहुसरोकारवाला परियोजना निर्देशक समितिको व्यवस्था रहेको छ । यसै परियोजना निर्देशक

समितिको बैठक एभरेष्ट होटल नयाँ बानेश्वरमा मिति २०८२।०३।२७ मा वन तथा वातावरण मन्त्रालयका सचिव डा. श्री राजेन्द्र प्रसाद मिश्रको अध्यक्षतामा बसेको थियो। यस प्रकारको २ वटा बैठकको लागि कूल रु ६,००,०००।- बजेट व्यवस्था रहेकोमा १ वटा बैठक सञ्चालन गर्दा जम्मा रु २,४०,०००।- खर्च हुन गएको छ ।

## १५. पेशागत स्वास्थ्य तथा सुरक्षा एवं लैङ्गिक हिंसा जोखिम न्यूनीकरण सम्बन्धी गोष्ठी

यस कार्यक्रमको मूल उद्देश्य कार्यस्थलमा सुरक्षित, स्वस्थ र मर्यादित वातावरण सिर्जना गर्नु हो, जहाँ पेशागत स्वास्थ्य तथा सुरक्षाका मापदण्डहरूको पूर्ण पालना गर्दै सम्भावित दुर्घटनाहरू न्यूनीकरण गरिन्छ र साथसाथै लैङ्गिक हिंसा जस्ता संवेदनशील जोखिमहरूलाई शून्य सहनशीलताको नीति अनुरुप सम्बोधन गरिन्छ। कर्मचारीहरूको शारीरिक सुरक्षा र मानसिक आत्मसम्मानलाई एकसाथ सबल बनाउँदै, विद्यमान कानुनी प्रावधानबारे सचेतना जगाउने र भयमुक्त एवं उच्च उत्पादकत्व सहितको कार्यशैली विकास गर्ने हेतुले यो कार्यक्रम आयोजना गर्नु परेको हो। यस कार्यक्रम अन्तर्गत २ वटा गोष्ठीहरु सञ्चालन गर्न आ.व. २०८१।०८२ मा रु १०,००,०००।- बजेट व्यवस्था भएकोमा निम्न बमोजिमका ३ वटा कार्यक्रमहरु सञ्चालन गरिएका थिए ।

तालिका नं ८: पेशागत स्वास्थ्य तथा सुरक्षा एवं लैङ्गिक हिंसा जोखिम न्यूनीकरण सम्बन्धी गोष्ठीहरु

| सि नं | कार्यक्रम को नाम | मिति | स्थान | कैफियत |
|---|---|---|---|---|
| १ | Seminar on Occupational Health, Safety and Risk Management on Gender Based Violence. | २०८१।०९।२५ | बबरमहल, काठमाडौं | |
| २ | पेशागत स्वास्थ्य तथा सुरक्षा एवम लैङ्गिक हिंसा जोखिम न्यूनीकरण सम्बन्धी अन्तरक्रिया | २०८१।११।११ देखि १२ सम्म | बर्दिवास | |
| ३ | कृषि वनमा आधारित महिला उद्यमी अनुभव र सिकाई सँगालो विभाजन र अन्तरक्रिया | २०८१।११।२३ | नयाँ बानेश्वर | |

उपरोक्त कार्यक्रमहरु सञ्चालन गर्दा कूल रु ९,८६,०००। खर्च हुन गएको छ । तालिम गोष्ठीका सहभागीहरुको विस्तृत विवरण अनुसूची ४ मा प्रस्तुत गरिएको छ ।

## १६. वन अधिकृतहरुको राष्ट्रिय कार्यशाला

वन अधिकृतहरूको दोश्रो राष्ट्रिय कार्यशाला मिति २०८२ वैशाख २९ र ३० मा पार्क भिलेज रिसोर्ट वुढानिलकण्ठमा आवासीय कार्यक्रमको रुपमा आयोजना गरिएको थियो । यो कार्यशाला नेपालमा सङ्घीय शासन प्रणाली लागू भएपछि वन प्रशासन र व्यवस्थापन क्षेत्रमा देखा परेका संरचनागत, कानुनी, प्रशासनिक तथा कार्यान्वयनगत जटिलतालाई सम्बोधन गर्ने प्रमुख राष्ट्रिय मञ्चका रूपमा आयोजना गरिएको थियो। संघ, प्रदेश र स्थानीय तहको पुनर्संरचनासँगै डिभिजन वन कार्यालयहरूको भूमिका स्पष्ट नहुनु, नीति निर्माण र कार्यान्वयनवीच दुरी बढ्नु, तथा बहु-कानुनी व्यवस्था (वन ऐन, भूमि ऐन, स्थानीय ऐनहरू) का कारण उत्पन्न अन्योल यस कार्यशालाको केन्द्रीय मुद्दा रह्यो।

कार्यशालामा वन अतिक्रमण, नदीजन्य पदार्थ (ढुंगा/गिट्टी/बालुवा) व्यवस्थापन, मानव-वन्यजन्तु द्वन्द्व, वन अपराध नियन्त्रण, वन क्षेत्रभित्र पूर्वाधार विकास र राजनीतिक हस्तक्षेपका कारण कमजोर बन्दै गएको कानुन कार्यान्वयन माथि गहिरो छलफल भयो। विशेष रूपमा, सङ्घीय संरचनामा वन अधिकृतहरुले प्रशासक र प्राविधिक दुबै भूमिका एकैसाथ निर्वाह गर्नुपर्दा देखिएको कार्यगत द्वन्द्व, समुदायसँगको विश्वास कमजोर हुनु, तथा जवाफदेहिताको अस्पष्टता प्रमुख चुनौतीका रूपमा पहिचान गरियो।

कार्यशालाले वन अधिकृतहरुलाई केवल नियामक निकायका रूपमा नभई समन्वयकर्ता, सहजकर्ता र प्राविधिक नेतृत्वकर्ताको भूमिकामा रूपान्तरण गर्नुपर्ने आवश्यकता औंल्यायो। प्रशासनिक र प्राविधिक कार्यको पृथकीकरण, स्पष्ट कार्यादेश, संघ-प्रदेश-स्थानीय तहबीच संस्थागत समन्वय संयन्त्र सुदृढीकरण, राष्ट्रिय वन सूचना प्रणाली (NFIS) को विकास, विश्वसनीय डाटा र अनुगमन-मूल्याङ्कन प्रणाली स्थापना, तथा मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापनका लागि छरितो राहत, बीमा र जोखिम व्यवस्थापन प्रणाली आवश्यक रहेको निष्कर्ष निकालियो।

२४३ जना सहभागीले भाग लिएको यस कार्यशालामा वन तथा वातावरण मन्त्रालय, वन तथा भू-संरक्षण विभाग, सातै प्रदेशका डिभिजन वन कार्यालयहरू, नेपाल वन प्राविधिक संघ, नेपाल वन परिषद्, प्रदेश मन्त्रालयहरू, स्थानीय सरकारका प्रतिनिधि, महिला वन अधिकृतहरू, पूर्व तथा वर्तमान वन अधिकृतहरु, कानून कार्यान्वयन निकाय, अनुसन्धानकर्ता तथा प्राविधिक विज्ञहरू प्रमुख सरोकारवालाका रूपमा सहभागी थिए। समग्रमा, कार्यशालाले सङ्घीय सन्दर्भ अनुसार कानुनी स्पष्टता, संस्थागत क्षमता अभिवृद्धि, नियमित द्वि वार्षिक कार्यशाला आयोजना र उत्पादनमुखी तथा उत्तरदायी वन प्रशासनतर्फ स्पष्ट मार्गनिर्देशन प्रदान गरेको छ । यस

कार्यक्रमको लागि कूल रु १५,००,०००।- बजेट व्यवस्था रहेकोमा कार्यक्रम सम्पन्न गर्दा उक्त सबै बजेट खर्च हुन गएको छ। रेड कार्यान्वयन केन्द्रले वन अधिकृतहरूको दोश्रो राष्ट्रिय कार्यशाला गोष्ठी सम्बन्धी छुट्टै प्रतिवेदन तयार गरी प्रकाशन गर्ने क्रममा रहेको छ ।सातौं राष्ट्रिय डिभिजनल वन अधिकृतहरुको कार्यशाला गोष्ठीको सम्वन्धीत बुढानिलकण्ठ घोषणा पत्र अनुसूची ६ मा दिइएको छ ।

## १७. दिगो वन व्यवस्थापन सम्बन्धी राष्ट्रिय कार्यशाला गोष्ठी

दिगो वन व्यवस्थापन सम्बन्धी सातौं राष्ट्रिय कार्यशाला मिति २०८२ वैशाख २७ र २८ मा पार्क भिलेज रिसोर्ट बुढानिलकण्ठमा आवासीय कार्यक्रमको रुपमा आयोजना गरिएको थियो । यो कार्यशाला नेपालमा सिल्भीकल्चरमा आधारित दिगो, समावेशी र उत्पादनशील वन व्यवस्थापनलाई राष्ट्रिय विकास एजेन्डासँग जोड्ने उद्देश्यले आयोजना गरिएको उच्चस्तरीय बहु-सरोकारवाला मञ्च हो। कार्यशालाले विगतका वन व्यवस्थापन अभ्यासहरूको समिक्षा गर्दै वन-समुदाय सम्बन्ध कमजोर बन्दै गएको, नीति र अभ्यास वीच गहिरो खाडल रहेको, तथा वैज्ञानिक र दिगो वन व्यवस्थापन अवधारणा वीच भ्रम सिर्जना भएको यथार्थलाई स्वीकार गर्दै समाधान खोज्ने प्रयास गर्‍यो।

कार्यशालामा वनलाई केवल संरक्षणको विषयका रूपमा नभई आर्थिक समृद्धि, रोजगारी सिर्जना, निजी क्षेत्रको लगानी, सामुदायिक वन उपभोक्ता समूहको सशक्तिकरण, मूल्य शृंखला विकास, र कार्बन व्यापारसँग जोडेर हेर्नुपर्ने स्पष्ट सन्देश दिइयो। सिल्भीकल्चर अभ्यासमार्फत वन उत्पादनशीलता वृद्धि, बजारमुखी व्यवस्थापन, वनमा आधारित उद्यम प्रवर्द्धन तथा आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनको सम्भावना माथि विस्तृत छलफल भयो।

कार्यशालाले समावेशी सिल्भीकल्चरलाई विशेष प्राथमिकता दिँदै लैङ्गिक समानता, सामाजिक समावेशिता, आदिवासी तथा स्थानीय ज्ञानको मान्यता, र कम प्रयोग भएका वन प्रजातिहरू (Lesser-used species) को प्रवर्द्धनलाई दिगो वन व्यवस्थापनको अनिवार्य अङ्गका रूपमा स्थापित गर्‍यो। साथै, सङ्घीय संरचनामा वन शासन, सुशासन, निजी क्षेत्र र Parastatal संस्थाहरू (जस्तैः नेपाल वन निगम) को भूमिका, सार्वजनिक-निजी साझेदारी, लगानी सहजीकरण, तथा नीति-विज्ञान अन्तरसम्वन्धलाई सम्बोधन गर्ने विषयहरू पनि केन्द्रीय बहस बने।

कूल ४७३ जना सहभागीले भाग लिएको यस कार्यशालामा सम्माननीय प्रधानमन्त्रीज्यू तथा सङ्घीय सरकारका उच्च पदाधिकारीज्यूहरु, प्रदेश सरकारहरू, वन तथा वातावरण मन्त्रालय,

वन विभागहरू, सामुदायिक वन उपभोक्ता महासंघ नेपाल, साझेदारी वन उपभोक्ता महासंघ, नेपाल वन प्राविधिक संघ, सामुदायिक वन उपभोक्ता समूहहरु, निजी क्षेत्रका प्रतिनिधिहरु, वनजन्य उद्योग क्षेत्रका प्रतिनिधिहरु तथा Parastatal संस्थाहरू, शैक्षिक तथा अनुसन्धान संस्थाहरु, विकास साझेदारहरु (FAO, World Bank आदि), वन विज्ञ, सञ्चारकर्मी र नागरिक समाज प्रमुख सरोकारवालाका रूपमा सहभागी थिए। समग्रमा, कार्यशालाले नेपालका वनहरूलाई दिगो, समावेशी र उत्पादनशील आर्थिक सम्पदाका रूपमा रूपान्तरण गर्ने दीर्घकालीन राष्ट्रिय दृष्टिकोण, स्पष्ट रणनीतिक दिशा र साझा प्रतिबद्धता निर्माण गरेको निष्कर्ष निकालेको छ। यस कार्यक्रमको लागि कूल रु १५,००,०००।- बजेट व्यवस्था रहेकोमा कार्यक्रम सम्पन्न गर्दा उक्त सबै बजेट खर्च हुन गएको छ। रेड कार्यान्वयन केन्द्रले दिगो वन व्यवस्थापन सम्बन्धी सातौ राष्ट्रिय कार्यशाला गोष्ठी सम्बन्धी छुट्टै प्रतिवेदन तयार गरी प्रकाशन गर्ने क्रममा रहेको छ ।दोश्रो राष्ट्रिय वन संवर्द्धन गोष्ठीको प्रतिवद्धता पत्र अनुसूची ७ मा दिइएको छ ।

## १८. समिक्षा तथा योजना तर्जुमा गोष्ठी

विगतमा भए गरेका क्रियाकलापहरुको सिंहावलोकन गरी आगामी दिनको लागि योजना बनाउनको लागि समिक्षा तथा योजना तर्जुमा गोष्ठी अति महत्वपूर्ण हुन्छ । आ.व. २०८१।०८२ मा यस प्रकारका गोष्ठीहरु ४ वटा आयोजना गर्नको लागि रु २०,००,०००।- बजेट व्यवस्था भएकोमा काभ्रेपलाञ्चोकको धुलिखेलमा मिति २०८१।१२।०६ देखि ०८ सम्म योजना तर्जुमा गोष्ठी र मिति २०८२।०३।०६ देखि ०८ सम्म मोनालिसा होटल, तारकेश्वरमा बार्षिक समिक्षा गोष्ठी आयोजना गरिएको थियो । यसरी २ वटा गोष्ठी आयोजना गर्दा कूल रु १७,५४,०००।- खर्च हुन गएको छ ।

## १९. विकास साझेदार संस्थाहरुसँग मिसन/छलफल/अन्तरक्रिया

समृद्धिका लागि वन परियोजनाको प्रभावकारिता अभिवृद्धि गर्ने उद्देश्यले विश्व बैंकका विभिन्न मिसनहरू, विशेषतः मध्यावधि समीक्षाबाट प्राप्त सिफारिसका आधारमा परियोजनाको पुनर्संरचना सफलतापूर्वक सम्पन्न गरिएको छ। यस पुनर्संरचना प्रक्रियामा केन्द्र तथा प्रदेश तहमा सञ्चालित क्रियाकलापहरूको सन्तुष्टि सर्वेक्षणबाट प्राप्त नतिजालाई आधार बनाइएको थियो, जसले परियोजनाको कार्यान्वयनमा देखिएका चुनौति, सिकाई र सुधारका क्षेत्रहरू पहिचान गर्न सहयोग

पुऱ्याएको छ। परियोजनाको साविक २४ मिलियन अमेरिकी डलर बजेटमा PROGREEN कोषबाट थप १२ मिलियन अमेरिकी डलर अनुदान समावेश गरिएपछि खर्चका प्राथमिकता र क्रियाकलापहरूमा आवश्यक परिमार्जन गरिएको छ।

उक्त परिमार्जन १४ जनवरी २०२५ मा अर्थ मन्त्रालय र विश्व बैंकवीच पून: सम्झौता भई परियोजनाको कार्यान्वयन नयाँ चरणमा प्रवेश गरेको छ। PROGREEN सहायता सम्झौता (TF0C5346) अन्तर्गत नेपाल सरकार र विश्व बैंकवीच १२ मिलियन अमेरिकी डलर बराबरको थप अनुदान उपलब्ध गराउने सहमति भएको हो, जसमा १६ जनवरी २०२५ मा हस्ताक्षर गरिएको थियो । परिमार्जित संरचना अन्तर्गत वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रमार्फत Allometric Equation विकास, डिभिजन वन कार्यालयहरु मार्फत जलवायुमैत्री नर्सरी (Climate Resilient Nursery) स्थापना तथा वन डढेलो व्यवस्थापन प्रणालीको विकास जस्ता रणनीतिक कार्यहरूलाई प्राथमिकतामा राखिएको छ।

समृद्धिको लागि वन परियोजनाको कार्यावधि १६ जुलाई २०२६ सम्म निर्धारण गरिएको छ र कार्यान्वयनका क्रममा वातावरणीय तथा सामाजिक मापदण्डहरूको पूर्ण पालना सुनिश्चित गरिनेछ, जसले परियोजनाको दिगोपना तथा समावेशी प्रभावलाई थप सुदृढ बनाउने अपेक्षा गरिएको छ । विकास साझेदारसँग संस्थाहरुसँग मिसन छलफल अन्तरक्रिया गोष्ठीको लागि रु ५,००,०००।- बजेट व्यवस्था रहेकोमा रु ४,६२,०००।- खर्च हुन गएको छ ।

## २०. काष्ठ प्रविधिको विकास, विस्तार र उपयोग सम्बन्धी प्रोत्साहन, प्रचार, प्रसार

यस कार्यक्रम अनुसार समृद्धिका लागि वन परियोजना सँग सम्बन्धित प्रचार प्रसार गर्नको लागि रेडियो सगरमाथा मार्फत वातावरण डवली कार्यक्रम तयार गरी प्रसारण गरिएको थियो। त्यसै गरी समृद्धिका लागि वन परियोजनाको संभाग ३ मा वन उद्यमको विकास तथा सुधार गर्ने कार्यक्रम रहेको र त्यस अन्तर्गत प्राविधिक क्षमता विकासको लागि विभिन्न कार्यक्रमहरु रहेकामा वन उद्यमको प्रवर्धनको लागि कसरी कम भन्दा कम कच्चा पदार्थ प्रयोग गरी काष्ठ जन्य सामाग्रीहरु तयार गर्न सकिन्छ साथै सफल वन उद्यमहरुले सञ्चालन गरेका कामहरुको बारेमा छायाङ्कन गरी एक डकुमेन्ट्री तयार गर्ने कार्य गरिएको थियो । साथै यसै सम्बन्धी लेख समेत प्रकाशन गर्ने काम भएको थियो । यस कार्यको लागि सोझै खरिद विधि मार्फत श्री गंगादेवी फिल्म एवं एडभरटाइजिङ प्रा. लि. ले सेवा प्रदायकको कार्य गरेको थियो ।यस शिर्षकमा कूल रु

५,००,०००।- बजेट व्यवस्था रहेकोमा उपरोक्त क्रियाकलाप सम्पन्न गर्दा रु ४,३६,०००।- खर्च हुन गएको छ ।

## २१. पुस्तक, सामग्री, डायरी छपाई तथा प्रकाशन

यस कार्यक्रम अन्तर्गत आ.ब. २०८१।०८२ मा ५०० थान वार्षिक प्रगति पुस्तिका छपाई गर्ने काम गरिएको छ । पुस्तक, सामग्री, डायरी छपाई तथा प्रकाशन को लागि रु ५,००,०००।- बजेट व्यवस्था भएकोमा उपरोक्त छपाई काम पुरा गर्दा रु २,७३,०००।- खर्च हुन गएको छ ।

## २२. परियोजनाको कार्यसम्पादन मूल्याङ्कन, अनुगमन तथा पुरस्कार वितरण

आर्थिक वर्ष २०८०/८१ को स्थानीय स्तरीय वार्षिक कार्य सम्पादन मूल्याङ्कन प्रतिवेदन अनुसार उत्कृष्ट ६ वटा स्थानीय तहहरुको विवरण र उनीहरूको सूचकगत प्रदर्शन तल प्रस्तुत गरिएको छः

तालिका नं ९: मधेश प्रदेशका उत्कृष्ट ६ स्थानीय तहहरूको कार्य सम्पादन प्रतिवेदन
(आ.व. २०८०/०८१)

| क्रम संख्या | स्थानीय तहको नाम | श्रेणी (Rank) |
|---|---|---|
| १ | जगरनाथपुर | प्रथम |
| २ | हरिवन | द्वितीय |
| ३ | पटेर्वा सुगौली | तृतीय |
| ४ | औरही | चौथो |
| ५ | वीरगंज | पाँचौ |
| ६ | बर्दिबास | छैठौं |

### सूचकगत कार्य सम्पादन विश्लेषण

**१. भौतिक प्रगतिः**

- हरिवन नगरपालिका ६.५५ अंकका साथ भौतिक प्रगतिमा अग्रणी देखिएको छ।
- बर्दिबास नगरपालिकाको भौतिक प्रगति १.६९ मात्र रहेको छ, जुन उत्कृष्ट ६ मध्ये सबैभन्दा कम हो।

२. **वित्तीय प्रगतिः**

- जगरनाथपुरले सबैभन्दा बढी १२.६४ अंक प्राप्त गर्दै उत्कृष्ट वित्तीय प्रगति हासिल गरेको छ।
- हरिवन र पटेर्वा सुगौलीले पनि १० भन्दा माथि अंक प्राप्त गरी सबल उपस्थिति जनाएका छन्।

३. **वृक्षारोपणः**

- उत्कृष्ट सबै स्थानीय तहहरूले सार्वजनिक वृक्षारोपण (क्षेत्रफल र समूह दर्ता) मा राम्रो अंक प्राप्त गरेका छन्।
- जगरनाथपुरले निजी र सार्वजनिक दुबै क्षेत्रमा उल्लेख्य प्रगति गर्दै यस सूचकमा अधिकतम अंक प्राप्त गरेको छ।

४. **रिपोर्टिङ्ग र सुशासनः**

- हरिवन, पटेर्वा सुगौली, र वीरगंजले त्रैमासिक तथा वार्षिक प्रतिवेदन र गुनासो निवारण संयन्त्रमा उत्कृष्ट प्रदर्शन गरेका छन्।
- नविनता र अतिरिक्त बजेट परिचालनमा हरिवन र पटेर्वा सुगौलीले अधिकतम (क्रमशः २ र ३ अंक) प्राप्त गरेका छन्।

५. **दिगो वन व्यवस्थापन र भू-उपयोगिताः**

- हरिवनले दिगो वन व्यवस्थापनमा ३ अंक प्राप्त गरेको छ भने पटेर्वा सुगौली र वीरगंजले भू-उपयोगिता योजना तर्जुमामा १ अंक प्राप्त गरेका छन्।

समग्रमा हरिवन नगरपालिका ६४.६६ अंकका साथ पहिलो स्थानमा रहेको छ। भौतिक प्रगति, रिपोर्टिङ्ग, र अतिरिक्त बजेट परिचालनमा देखाएको उत्कृष्टताले गर्दा यो पालिका पहिलो हुन सफल भएको हो। जगरनाथपुरले वित्तीय प्रगतिमा उत्कृष्ट नतिजा सहित प्रथम भएको र अन्य प्राविधिक सूचकमा हरिवन केही पछि परेको देखिन्छ।

तालिका नं १०: लुम्बिनी प्रदेशका उत्कृष्ट ६ स्थानीय तहहरूको कार्य सम्पादन प्रतिवेदन (आ.व. २०८०-८१)

| क्रम संख्या | स्थानीय तहको नाम | श्रेणी |
|---|---|---|
| १ | बगनासकाली, पाल्पा | द्वितीय |
| २ | राप्ती, दाङ | प्रथम |
| ३ | बंगलाचुली, दाङ | तृतीय |
| ४ | रैनादेवी, पाल्पा | चौथो |
| ५ | तिनाउ, पाल्पा | पाँचौ |
| ६ | बैजनाथ, बाँके | छैठौं |

## सूचकगत कार्य सम्पादन विश्लेषण

### १. भौतिक र वित्तीय प्रगतिः

- राप्ती गाँउपालिकाले भौतिक प्रगतिमा १० मा १० अंक र वित्तीय प्रगतिमा १४.५० अंक प्राप्त गरी उत्कृष्ट प्रदर्शन गरेको छ।
- बैजनाथ गाँउपालिकाको भौतिक प्रगति (३ अंक) र तिनाउ गा.पा को वित्तीय प्रगति (६.६७ अंक) तुलनात्मक रूपमा न्यून देखिएको छ।

### २. वृक्षारोपणः

- राप्ती गाँउपालिका र वगनासकाली गाँउपालिकाले वृक्षरोपण सूचकमा करिब १५ अंक प्राप्त गर्दै सबल उपस्थिति जनाएका छन्।
- बैजनाथ गाँउपालिकामा वृक्षरोपण कार्यमा ३.७५ अंकका साथ पछि परेको देखिन्छ।

### ३. प्रतिवेदन र सुशासनः

- उत्कृष्ट ६ वटै स्थानीय तहहरूले वित्तीय र प्रगति प्रतिवेदन (Reporting) मा पूर्णांक (५ अंक) प्राप्त गरेका छन्।
- राप्ती गाँउपालिका र रैनादेवी गाँउपालिकाले  गुनासो निवारण, नवीनता र अतिरिक्त बजेट परिचालनमा उच्च अंक हासिल गरेका छन्।

४. **नवीनता र अतिरिक्त बजेटः**

- बगनासकाली गाँउपालिकाले नवीनता (Innovation) सूचकमा ५ अंक प्राप्त गरी सबैभन्दा सिर्जनशील कार्य गरेको देखिएको छ।
- राप्ती, बंगालचुली, रैनादेवी र तिनाउ गाँउपालिकाले परियोजना बाहेकको अतिरिक्त बजेट परिचालनमा पूर्ण अंक (३ अंक) प्राप्त गरेका छन्।

समग्र मूल्याङ्कनमा बगनासकाली गाउँपालिका पहिलो स्थानमा रहन सफल भएको छ। भौतिक र वित्तीय लक्ष्य प्राप्तिमा यो पालिका अन्य भन्दा निकै अगाडि देखिएको छ। राप्ती गाउँपालिकाले नवीनतामा उत्कृष्ट कार्य गरे पनि वित्तीय प्रगति र अतिरिक्त बजेटमा केही पछि पर्दा दोस्रो स्थानमा सीमित भएको छ।

यस कार्यक्रममा प्रथम पुरस्कार प्राप्त गर्नेले रु १ लाख २५ हजार तथा द्वितीय पुरस्कार प्राप्त गर्ने स्थानीय तहले रु १ लाख नगद पुरस्कार प्राप्त गरेका थिए । यस कार्यक्रम अन्तर्गत रु ४ लाख विनियोजन भएकोमा रु ३,३७,५००।- पुरस्कार र बाँकी रकम कर कट्टी गरी कूल ४ लाख नै खर्च भएको थियो ।

## २३. वनको प्रविधि विकास काष्ठ प्रविधि र दिगो व्यवस्थापन नवप्रवर्तन कार्यक्रम

रेड कार्यान्वयन केन्द्रको स्वीकृत वार्षिक कार्यक्रम आ.व. २०८१/०८२ अन्तर्गत 'वन प्रविधि विकास, काष्ठ प्रविधि तथा दिगो वन व्यवस्थापन सम्बन्धी नवप्रवर्तन कार्यक्रम' सञ्चालनका लागि रु. १,००,००,०००।- (एक करोड) बजेट विनियोजन गरिएको थियो। यस कार्यक्रमको उद्देश्य वन क्षेत्रमा प्रविधि आधारित नवप्रवर्तन प्रवर्द्धन, वन उद्यम विकास, रोजगारी सिर्जना, दिगो वन व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन सम्बन्धी कार्यहरूलाई प्रोत्साहन गर्नु हो।

तालिका नं ११: नवप्रवर्तन कार्यक्रम अन्तर्गत सम्पादित कार्यहरुको विवरण

| क्र.सं. | प्रस्तावक निकाय | कार्यको प्रकृति | लागत अनुमान (रु.) | स्वीकृत रकम (रु.) |
|---|---|---|---|---|
| १ | भू तथा जलाधार व्यवस्थापन कार्यालय, तुल्सीपुर दाङ | नर्सरी निर्माण, बाँसको कलमी उत्पादन तथा वितरण | २१,७९,७२८ | २१,७९,७२८ |

| | | | | |
|---|---|---|---|---|
| २ | डिभिजन वन कार्यालय रुपन्देही (चितवन, नवलपरासी पश्चिम र नवलपुरका युवालाई समावेश गरी) | काठदाउरा सङ्कलन तथा व्यवस्थापन सम्बन्धी सिपमूलक तालिम | ७,००,००० | ६,५०,००० |
| ३ | डिभिजन वन कार्यालय, कपिलवस्तु | काठदाउरा सङ्कलन तथा व्यवस्थापन सम्बन्धी सिपमूलक तालिम | ७,००,००० | ६,५०,००० |
| ४ | भू तथा जलाधार व्यवस्थापन कार्यालय महोत्तरी | Sub-surface water harvesting तथा संरक्षण पोखरी | २०,००,००० | २०,००,००० |
| ५ | वन बिउ प्रयोगशाला तथा भण्डारण केन्द्र, बाँके | विजयसाल लगायतका प्रजातिको वृक्षरोपण प्रदर्शनी स्थल निर्माण तथा संरक्षण | २१,००,००० | ९,००,००० |
| ६ | वन बिउ प्रयोगशाला तथा भण्डारण केन्द्र, काठमाडौं | Seed Stand तथा नर्सरीहरूको अभिलेख पोर्टल निर्माण | ५,००,००० | ५,००,००० |
| ७ | डिभिजन वन कार्यालय, महोत्तरी | पत्कर सङ्कलनबाट मल उत्पादन तथा वन डढेलो नियन्त्रण | १५,००,००० | १२,५०,००० |
| ८ | डिभिजन वन कार्यालय, काठमाडौं | पत्कर सङ्कलनबाट मल उत्पादन (नमुना परीक्षण) | ५,००,००० | ४,००,००० |
| ९ | डिभिजन वन कार्यालय, भक्तपुर | पत्कर सङ्कलनबाट मल उत्पादन (नमुना परीक्षण) | ५,००,००० | ४,००,००० |
| १० | डिभिजन वन कार्यालय, ललितपुर | पत्कर सङ्कलनबाट मल उत्पादन (नमुना परीक्षण) | ५,००,००० | ४,००,००० |

नवप्रवर्तन कार्यक्रम अन्तर्गत विभिन्न निकायहरूबाट प्राप्त प्रस्तावहरूको मूल्याङ्कन उपलब्ध बजेट, कार्यक्रमको प्राथमिकता तथा सम्भावित प्रभावलाई आधार मानी गरिएको थियो। प्राप्त प्रस्तावहरूको समग्र लागत अनुमान रु. ३,५०,५५,७४५।- रहेकोमा उपलब्ध बजेटको सीमालाई ध्यानमा राखी कूल रु. ९९,७९,७२८।- बराबरका कार्यक्रमहरू स्वीकृत गरिएको थियो।

उपलब्ध स्रोत तथा कार्यक्रमको प्राथमिकताका आधारमा प्राप्त प्रस्तावहरूको मूल्याङ्कन गरी कूल १५ वटा प्रस्तावमध्ये ११ वटा कार्यक्रम स्वीकृत गरिएको थियो । स्वीकृत कार्यक्रमहरू मुख्यतः वन व्यवस्थापन सुधार, रोजगारीमूलक तालिम, वन बिउ तथा बिरुवा व्यवस्थापन, जल संरक्षण तथा वन डढेलो नियन्त्रण जस्ता प्राथमिक क्षेत्रमा केन्द्रित थिए।

यस कार्यक्रमबाट वन क्षेत्रमा प्रविधि प्रयोग, स्थानीय रोजगारी सिर्जना, वन उद्यम प्रवर्द्धन तथा जलवायु अनुकूल व्यवस्थापन सम्बन्धी नवप्रवर्तनात्मक गतिविधिहरू कार्यान्वयन भएको अपेक्षा गरिएको छ। यस कार्यक्रम अन्तर्गत रु १ करोड रुपैया विनियोजन गरिएको थियो । सो मध्ये रु ९६,०८,०८४।- रकम खर्च भएको थियो ।

## २४. वन डढेलो नियन्त्रणमा दस्ता परिचालन र डढेलो व्यवस्थापन परिचालन

यस कार्यक्रमको लागि रु १ करोड ५४ लाख विनियोजन भएको थियो । यस मध्ये निम्न जिल्लाहरुमा डिभिजन वन कार्यालयहरु मार्फत कार्यहरु भएको थियो ।यस मध्ये रु १ करोड ४१ लाख ९९ हजार ८४ रुपैया खर्च भएको थियो ।

यसै सन्दर्भमा, मधेश र लुम्बिनी प्रदेशका संवेदनशील जिल्लाहरूलाई लक्षित गरी यो कार्यविधि तथा कार्यक्रम तर्जुमा गरिएको थियो ।

### कार्यक्रमको उद्देश्य

- वन डढेलोको जोखिम न्यूनीकरण गरी जैविक विविधता र वन क्षेत्रको संरक्षण गर्ने ।
- दक्ष वन दस्ता र 'फायर फाइटर' हरू परिचालन गरी डढेलो नियन्त्रण कार्यलाई प्रभावकारी बनाउने ।
- स्थानीय समुदाय, सुरक्षा निकाय र सरोकारवालाहरूवीच समन्वय सुदृढ गर्ने ।
- सूचना प्रविधिको प्रयोग गरी डढेलोको पूर्व सूचना र जोखिम नक्सांकन गर्ने ।

तालिका नं १२: वन डढेलो नियन्त्रणमा दस्ता परिचालन र डढेलो व्यवस्थापन परिचालन सम्बन्धी मुख्य क्रियाकलापहरू

| सि.नं. | कार्यक्रमको विवरण | परिमाण (इकाइ) | प्रमुख विशेषताहरू |
|---|---|---|---|
| १ | वन डढेलो नियन्त्रण तालिम | २२ पटक | वन दस्ता, वन रक्षक र सुरक्षा निकायलाई 'Field Demo' सहितको तालिम । |
| २ | वन दस्ता तथा Rapid Response Team परिचालन | २२ डिभिजन वन कार्यालय मार्फत | आकस्मिक इन्धन, प्राथमिक उपचार र सञ्चार खर्चको व्यवस्था । |
| ३ | फायर फाइटर पारिश्रमिक | ११० जना | २.५ महिनाका लागि न्यूनतम ज्यालादरमा आधारित पारिश्रमिक । |
| ४ | सुरक्षा उपकरण (PPE) खरिद | २२० सेट | हेलमेट, जुत्ता, पञ्जा र ज्याकेट जस्ता अग्नि नियन्त्रक सामग्री । |
| ५ | जीवन तथा स्वास्थ्य बीमा | ५०० जना | दस्तामा खटिने कर्मचारी र उपभोक्ताहरूको सामूहिक बीमा । |

जीवन बीमा देश भरीकै वन डढेलो नियन्त्रणमा सहभागी हुने कर्मचारीहरु तथा उपभोक्ताहरु ४९६ जनाको लागि रु ५,००,०००।- सम्मको दुर्घटना बिमा रेड कार्यान्वयन केन्द्रबाट गरिएको थियो ।

**दस्ता परिचालन विधि (Operational Strategy)**

- **टोली संरचना:** प्रत्येक दस्तामा कम्तिमा १ जना फोकल पर्सन (वन अधिकृत), २ जना वन रक्षक, ३ जना सशस्त्र वन रक्षक र ५ जना दक्ष फायर फाइटर रहने व्यवस्था गरिएको थियो ।
- **छनौट प्रक्रिया:** भूतपूर्व सैनिक, प्रहरी वा योग्य युवाहरूलाई पारदर्शी प्रक्रियाबाट छनौट गरिएको ।
- **परिचालन अवधि:** फागुन तेस्रो हप्तादेखि जेठ पहिलो हप्तासम्म (करिब २ महिना २१ दिन) ।

- **सञ्चार र समन्वयः** मोबाइल एप्स र सफ्टवेयरको प्रयोग गरी 'रियल-टाइम' सूचना पहुँच सुनिश्चित गरिएको ।

**उपलब्धिहरू**

- करीब **२ लाख हेक्टर** वन क्षेत्रमा डढेलो नियन्त्रण तथा व्यवस्थापन भएको।
- स्थानीय समुदायमा आधारित डढेलो नियन्त्रण प्रणाली सुदृढ भई मानवीय र धनजनको क्षति न्यूनीकरण भएको ।
- जलवायु परिवर्तन अनुकूलन र कार्बन उत्सर्जन न्यूनीकरणमा टेवा पुगेको ।

यस कार्यक्रमले 'समृद्धिका लागि वन' परियोजनाको लक्ष्य प्राप्तिमा महत्त्वपूर्ण भूमिका खेल्ने र नेपालको वन व्यवस्थापनलाई थप दिगो बनाउने अपेक्षा गरिएको छ।

## २५. आल्मुनियम र फलाम विस्थापनका लागि काष्ठ प्रविधि विकास

यस कार्यक्रम अन्तर्गत रु ५०,००,०००।- विनियोजन भएकोमा सो सवै रकम खर्च भई सागरनाथ वन विकास परियोजनासँग सम्झौता गरी कार्यक्रम कार्यान्वयन गरिएको थियो । यस कार्यक्रमबाट एक वटा स मिल तथा एक वटा Wood Treatment Plant स्थापना गरिएको थियो। जुन सागरनाथ वन विकास परियोजनाले सञ्चालनमा ल्याएको छ । यसबाट काठको गुणस्तर अभिवृद्धि गर्ने कार्यमा सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

## २६. M. Sc. Thesis सहयोग कार्यक्रम

नेपालका विभिन्न विश्वविद्यालय अन्तर्गतका विभिन्न शैक्षिक संस्थामा स्नातकोत्तर तहमा अध्ययनरत इच्छुक विद्यार्थीबाट वन संरक्षण तथा व्यवस्थापनमा सहयोग पुग्ने विषयमा शोधपत्र तयार गर्नका लागि अनुसन्धान सहयोग उपलब्ध गराउने उद्देश्यले समृद्धिका लागि वन कार्यक्रमको परियोजना सञ्चालन म्यानुअलले दिएको अधिकार प्रयोग गरी रेड कार्यान्वयन केन्द्रले एक कार्यविधि निर्माण गरी आ.व. २०८१।०८२ मा M.Sc. Thesis सहयोग कार्यक्रम सञ्चालन गरिएको थियो । यस कार्यक्रम संचालनको लागि गोरखापत्र राष्ट्रिय दैनिकमा एक सूचना जारी गरी प्रस्ताव आव्हान गरिएको थियो । यस प्रस्ताव अनुसार कूल ४४ जनाले शोध प्रस्ताव पेश गरेका थिए तथा उपरोक्त प्रस्तावहरुको स्वीकृत मूल्याङ्कनका आधारहरु बमोजिम मूल्याङ्कन गरी विभिन्न ११ जना विद्यार्थीहरुलाई प्रति विद्यार्थी रु ७५,०००।- का दरले

शोधपत्र तयार गर्नका लागि अनुसन्धान सहयोग उपलव्ध गराउने कार्य गरिएको छ। M. Sc. Thesis सहयोग कार्यक्रम अन्तर्गत आ.व. २०८१।०८२ मा कूल रु १०,००,०००।- बजेट व्यवस्था रहेकोमा यस कार्यक्रम सम्पन्न गर्दा कूल रु ९,७४,०००।- खर्च हुन गएको छ । M. Sc. Thesis सहयोग कार्यक्रम अन्तर्गत आ.व. २०८१।०८२ मा शोधपत्र अनुसन्धान सहयोग पाउने विद्यार्थीहरुको नामावलि अनुसूची १२ मा प्रस्तुत गरिएको छ ।

## २७. समृद्धिका लागि वन परियोजनाको क्रियाकलापहरु अनुगमन

समृद्धिका लागि वन परियोजनाको कार्यक्रम अन्तर्गत स्थानीय तह र प्रदेश स्तरका इकाईहरुको नियमित अनुगमन गर्दै कार्यान्वयनको प्रभावकारिता बढाउने प्रयास गरिएको छ। मधेश प्रदेशमा वन व्यवस्थापन सम्बन्धित नियमहरुको तयारीमा पनि सहयोग पुर्याइएको छ। प्रदेश परियोजना व्यवस्थापन इकाइ (PPMU) र स्थानीय तहसँग नियमित समन्वय गरेर FFPP कार्यान्वयनलाई सहज बनाउने पहल गरिएका छन्। यी सम्पादित क्रियाकलापहरुले वन क्षेत्रको व्यवस्थित विकास र दिगो व्यवस्थापनको दिशामा ठोस योगदान दिने अपेक्षा गरिएको छ।

तालिका नं १३: समृद्धिका लागि वन परियोजना मधेश प्रदेश ईकाइको वित्तीय प्रगति

| सि.नं. | विवरण | विनियोजित बजेट | प्रगति | | कैफियत |
|---|---|---|---|---|---|
| | | | रकम | प्रतिशत | |
| १. | प्रदेश परियोजना व्यवस्थापन इकाइ | ५०२.४ | ३१९.८ | ६३.६५ | |
| २. | डिभिजन वन कार्यालय | १,४८५.०० | १,१८४.३ | ७९.७५ | |
| ३. | स्थानीय तहहरु | १,४४५.०० | ६९५.३० | ४८.१२ | |

यस प्रतिवेदनमा प्रदेश परियोजना कार्यान्वयन इकाइ, डिभिजन वन कार्यालय, र स्थानीय पालिकाहरुको बजेट विनियोजन र प्रगतिलाई संक्षेपमा प्रस्तुत गरिएको छ। प्रदेश परियोजना कार्यान्वयन इकाईको लागि रू. ५०२.४ लाख बजेट विनियोजन गरिएकोमा ६४% अर्थात् रू. ३१९.८ लाख खर्च भइसकेको छ। डिभिजन वन कार्यालयले कूल रू. १,४८५ लाख बजेट विनियोजन भएकोमा ८०% अर्थात् रू. १,१८४.३० लाख उपयोग गरेको देखिन्छ।

यसैगरी, स्थानीय तहहरुले रू. १,४४५ लाख बजेट विनियोजन गरेकोमा केवल ४८% मात्र खर्च भएको छ, जुन रकम रू. ६९५.३० लाख बराबर छ। यस विवरणले प्रदेश परियोजना कार्यान्वयन इकाइ र डिभिजन वन कार्यालयले अपेक्षाकृत उच्च प्रगति हासिल गरेको देखाउँछ भने स्थानीय पालिकाहरुको बजेट उपयोगमा अपेक्षाकृत कम प्रगति भएको छ। यो भिन्नता सुधार गर्न, विशेष गरी स्थानीय तहमा बजेट कार्यान्वयनको प्रभावकारिता बढाउन थप व्यवस्थापन र अनुगमन आवश्यक देखिन्छ।

तालिका नं १४: समृद्धिका लागि वन परियोजना लुम्बिनी प्रदेश ईकाइको वित्तीय प्रगति

| सि.नं | विवरण | विनियोजित बजेट लाखमा | प्रगति | | कैफियत |
|---|---|---|---|---|---|
| | | | रकम | प्रतिशत | |
| १. | प्रदेश परियोजना व्यवस्थापन इकाइ/डिभिजनल वन कार्यालय | २,६००.४ | १,९३५.७८ | ७४.४४ | |
| २. | स्थानीय तहहरु | १,०००.०० | ४७८.९९ | ४७.९ | |

यस विवरणले प्रदेश परियोजना कार्यान्वयन इकाइ/डिभिजन वन कार्यालय र स्थानीय पालिकाहरुको बजेट विनियोजन र प्रगतिको संक्षिप्त जानकारी दिन्छ। प्रदेश परियोजना कार्यान्वयन इकाइ/डिभिजन वन कार्यालयको लागि रू. २,६००.४ लाख बजेट विनियोजन गरिएकोमा, त्यसको ७४% अर्थात् रू. १,९३५.७८ लाख खर्च भइसकेको छ। स्थानीय पालिकाहरुको हकमा, कूल रू. १,००० लाख विनियोजित बजेटमध्ये ४८% मात्र, अर्थात् रू. ४७८.९९ लाख खर्च भएको छ। यस तथ्यांक अनुसार प्रदेश परियोजना कार्यान्वयन इकाइ/डिभिजन वन कार्यालयले अपेक्षाकृत राम्रो प्रगति गरेको छ भने स्थानीय पालिकाहरुमा बजेट खर्चको प्रगति तुलनात्मक रूपमा कम छ।

प्रदेश परियोजना र स्थानीय पालिकाहरुले निम्न मुख्य क्रियाकलापहरुमा ध्यान केन्द्रित गरेका छन्, जसले वनको दीगो व्यवस्थापनमा टेवा पुर्याउने उद्देश्य राख्दछ।

- **दिगो वन व्यवस्थापन कार्य योजना तयार**: स्थानीय वन स्रोतहरूको संरक्षण र प्रवर्द्धन सुनिश्चित गर्न दिगो वन व्यवस्थापन कार्य योजना तयार पारिएको छ। यसले वन क्षेत्रको दिगो उपयोग र संरक्षणमार्फत वनको दीर्घकालीन उपयोग सुनिश्चित गर्न मद्दत गर्दछ।

- **नर्सरी मर्मत तथा बिरुवा उत्पादन कार्यः** वृक्षरोपणका लागि आवश्यक पर्ने बीउ र बिरुवा उपलब्ध गराउन नर्सरीहरूको मर्मत तथा व्यवस्थापन गरिनुका साथै नयाँ बिरुवा उत्पादनमा जोड दिइएको छ। यसले भविष्यमा वृक्षरोपण कार्यक्रमहरूलाई सहज बनाएको छ।
- **सामुदायिक/कबुलियती वन कार्य योजना नवीकरणः** पुराना कार्य योजनाहरूलाई अद्यावधिक गर्दै सामुदायिक वन तथा कबुलियती वनहरूको दिगो व्यवस्थापनका लागि नयाँ र सान्दर्भिक कार्य योजना तयार गरिएका छन्। यसले वनको दीर्घकालीन विकासमा योगदान पुर्‍याएको छ।
- **निजी तथा सार्वजनिक जग्गामा वृक्षरोपण कार्यक्रम सञ्चालनः** निजी र सार्वजनिक क्षेत्रका जग्गाहरूमा वृक्षरोपण गरी हरित आवरणको विस्तार गरिएको छ। यो कार्यक्रमले वन क्षेत्रको संरक्षण मात्र नभई जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण गर्न पनि महत्वपूर्ण योगदान पुर्‍याएको छ।
- **दिगो वन व्यवस्थापन सम्बन्धी अन्तरक्रिया गोष्ठीको आयोजनाः** वन क्षेत्रसँग सम्बन्धित सरोकारवालाहरूबीच अन्तरक्रिया तथा छलफल गर्न गोष्ठीहरू आयोजना गरिएको छ। यसले ज्ञान आदानप्रदान र अनुभव साटासाट गर्न तथा वन व्यवस्थापन प्रक्रियामा सरोकारवालाहरूको सहभागिता सुनिश्चित गर्न मद्दत गरेको छ।

यी क्रियाकलापहरुले प्रदेश र स्थानीय तहमा वन क्षेत्रको दिगो व्यवस्थापनमा महत्वपूर्ण योगदान दिने अपेक्षा गरिएको छ।

तालिका नं १५: समृद्धिका लागि वन कार्यक्रम कार्यान्वयन भएका स्थानीय तहहरुको अवस्था

| क्रियाकलाप | मधेश प्रदेश | लुम्बिनी प्रदेश | कूल पालिकाहरु |
|---|---|---|---|
| फोकल पर्सन तोकेका स्थानीय तहहरु | २५ | २५ | ५० |
| खरिद योजना स्वीकृत भएका स्थानीय तहहरु | २५ | २५ | ५० |
| बार्षिक कार्ययोजना र बजेट तयार पार्न सफल स्थानीय तहहरु | २५ | २५ | ५० |
| वन प्राविधिक नियुक्त गरेका स्थानीय तहहरु | २३ | २४ | ४७ |
| संघ तथा प्रादेशिक निकायबाट सञ्चालित परियोजनाको अभिमुखिकरण गोष्ठीमा भाग लिएका स्थानीय तहहरु | २५ | २५ | ५० |

## २८. नेपालका प्रमुख रूख प्रजातिहरूको एलोमेट्रिक समीकरण तयारी

समृद्धिका लागि वन परियोजना अन्तर्गत वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले नेपालका विभिन्न ७ वटा प्रजातिको Allometric Equation तयार पारेको छ । नेपालको वन नीति जैविक विविधता र पारिस्थितिकीय प्रणालीको स्वास्थ्यका निश्चित वन क्षेत्र कायम राख्ने कुरामा केन्द्रित छ। यी स्रोतहरूको दिगो व्यवस्थापन गर्न र REDD+ तथा UNFCCC जस्ता विश्वव्यापी जलवायु संयन्त्रहरूमा रिपोर्टिङ गर्न काठको आयतन (Volume) र बायोमासको सही तथ्याङ्क आवश्यक हुन्छ । नेपालले सामान्यीकृत मोडेल वा अन्तर्राष्ट्रिय मानकहरू (IPCC Tier 1) मा भर पर्दै आएको थियो, जसले तथ्याङ्कमा कतिपय अवस्थामा कठिनाइहरु भैरहेको छ । यस अध्ययनको मुख्य उद्देश्य नेपालका प्रमुख रूख प्रजातिहरूका लागि Country specific आफ्नै एलोमेट्रिक समीकरणहरू विकास गर्नु हो, जसले राष्ट्रलाई थप सटीक Tier 2 वा Tier 3 रिपोर्टिङ मापदण्डमा लैजानेछ।यसरी हालसम्म कुल वन क्षेत्रको ४० प्रतिशत काठको आयतनको हिस्सा ओगटने ७ वटा प्रमुख रुख प्रजातिको Allometric Equation तयार पार्ने काम सम्पन्न गरिसकिएको छ । उक्त ७ वटा प्रजातिहरु निम्न अनुसार छन् ।

१. **साल** (*Shorea robusta*)
२. **अस्ना / साज** (*Terminalia alata*)
३. **चिलाउने** (*Schima wallichii*)
४. **उत्तिस** (*Alnus nepalensis*)
५. **खोटे सल्ला** (*Pinus roxburghii*)
६. **कटुस** (*Castanopsis spp.*)
७. **बोट धँगेरो** (*Lagerstroemia parviflora*)

एलोमेट्रिक समिकरण तयारी गर्दा विनासकारी नमूना (Destructive Sampling) र विस्तृत क्षेत्रीय मापन समेतका वैज्ञानिक विधि अपनाई काम गरिएको थियो । यसै गरी समृद्धिका लागि वन परियोजना अन्तर्गत वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र वाट थप ९ वटा रुख प्रजातिको Allometric Equation तयार पार्न तथ्याङ्क संकलनको काम भैरहेको छ ।

यी समीकरणहरूको विकासले कार्बन स्टक अनुमानसँग सम्बन्धित अनिश्चिततालाई उल्लेखनीय रूपमा कम गर्छ, जसले गर्दा अन्तर्राष्ट्रिय बजारमा नेपालको वन कार्बनको मूल्य बढ्न सक्छ। यसले वन व्यवस्थापक र नीति निर्माताहरूलाई तथ्यमा आधारित निर्णय लिन सक्षम बनाउँछ।

यसै गरी वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले काठको घनत्व र 'बायोमास एक्सपान्सन फ्याक्टर' सम्बन्धी प्राविधिक पत्रहरू प्रकाशन गर्ने योजना बनाएको छ भने थप नौवटा रूख प्रजातिहरू समेटिएको दोस्रो खण्ड (Volume 2) प्रकाशन गरिनेछ।

## २.३ मधेश प्रदेश अन्तर्गतको प्रगति

मधेश प्रदेश परियोजना व्यवस्थापन इकाई अन्तर्गत ८ जिल्लास्थित डिभिजन वन कार्यालयहरु एवं २५ स्थानीय तहहरु मार्फत समृद्धिका लागि वन परियोजना कार्यक्रम सञ्चालनमा रहेको छ। ती निकायहरुबाट निम्न अनुसारको क्रियाकलापहरुको प्रगति तल वर्णन गरिएको छ

### क. प्रादेशिक परियोजना व्यवस्थापन इकाई

प्रादेशिक परियोजना व्यवस्थापन एकाइद्वारा चार मुख्य संभागमा आधारित गतिविधिहरू सञ्चालन भएका छन्।

**संभाग-१ः नीति र क्षमता विकास**

यस संभाग अन्तर्गत विभिन्न तालिम, छलफल, र योजनाहरू तयार गर्ने कार्यहरू भएका छन् । उदाहरणका लागि वन नियम र नीति सम्बन्धी अभिमुखीकरण तालिमहरू सम्पन्न भएका छन् ।

**संभाग-२ः समुदायमा आधारित वन व्यवस्थापन र साना किसानहरु मार्फत वृक्षारोपण**

यस संभागमा कबुलियती वन कार्ययोजना कार्यान्वयन कार्यशाला सम्पन्न भएको छ ।

**संभाग-३ः वन उद्यमको सुधार र विकास**

यस संभाग अन्तर्गत वन पैदावार सङ्कलन योजना कार्यान्वयनका लागि आवश्यक साना औजार र व्यक्तिगत सुरक्षा उपकरण (PPE) वितरण, वनमा आधारित उद्योगका संघसंस्थाहरूसँग उद्यम प्रवर्द्धन सम्बन्धी अन्तरक्रिया कार्यशाला, वनमा आधारित उद्योगका कामदारहरूका लागि व्यावसायिक स्वास्थ्य र सुरक्षा सम्बन्धी क्षमता विकास कार्यक्रम कार्य पूरा भएको छ ।

**संभाग-४ः परियोजना सुशासन, अनुगमन र अध्ययनः**

यस संभाग अन्तर्गत उच्च प्रगति देखिएको छ। परियोजना निर्देशक समिति बैठक, अभिलेख व्यवस्थापन र अनुगमन तथा मूल्याङ्कन कार्यशाला, वनमा आधारित उद्योग र मूल्य श्रृंखलासँग

सम्बन्धित वित्तीय संस्थाहरूका लागि अभिमुखीकरण र क्षमता अभिवृद्धि कार्यक्रम, वन सम्बन्धी सूचना तथा सञ्चार सामग्रीहरूको तयारी, दिवस मनाउने कार्यक्रम, सर्वेक्षण तथा तथ्याङ्क सङ्कलन, अध्ययन भ्रमण जस्ता कार्यक्रमहरु भएका छन्। समग्रमा प्रदेश परियोजना व्यवस्थापन एकाइको गतिविधिहरूमा राम्रो प्रगति हासिल भएको छ।

संभाग अनुसारको क्रियाकलापहरुको प्रगति तलको तालिकामा देखाइएको छ ।

## संभाग-१ः नीति

| क्र.सं. | क्रियाकलापहरू | लक्ष्य | प्रगति |
|---|---|---|---|
| १ | वन प्राविधिक / सम्पर्क व्यक्तिहरूका लागि वन नियमावली र नीति सम्बन्धी अभिमुखीकरण | २ कार्यक्रम | २ कार्यक्रम |
| २ | वन र वातावरण सम्बन्धी योजनाहरूको तयारी/कार्यान्वयन (प्रादेशिक वन ऐन नियमहरूको संशोधन र मस्यौदा तयारी बारे छलफल/अन्तरक्रिया) | प्याकेज-१ | ० |
| ३ | कार्यसम्पादनमा आधारित वृक्षरोपण अनुदान कार्यक्रमको कार्यान्वयनका लागि नगरपालिकाका पदाधिकारी/कर्मचारीहरूका लागि अभिमुखीकरण तथा अन्तरक्रिया कार्यशाला | २ कार्यक्रम | २ कार्यक्रम |
| ४ | प्रदेश स्तरीय सरोकारवालाको सहभागिता योजना तयारी तथा कार्यान्वयन कार्यशाला | ३ कार्यक्रम | ३ कार्यक्रम |
| ५ | वन र वातावरणसँग सम्बन्धित सरोकारवालाहरूसँग अन्तरक्रिया | २ कार्यक्रम | १ कार्यक्रम |
| ६ | E&S Due Diligence (वातावरणीय र सामाजिक उचित तत्परता) र ESRMP तयारी कार्यशाला | १ कार्यक्रम | १ कार्यक्रम |
| ७ | टिम निर्माण कार्यशाला | २ कार्यक्रम | २ कार्यक्रम |
| ८ | फर्निचर र फिक्स्चर (फिक्सिङ) | प्याकेज-१ | १ |
| ९ | कलर प्रिन्टर खरिद | २ | २ |
| १० | डेस्कटप खरिद | २ | २ |
| ११ | सवारी साधन खरिद (चार पाङ्ग्रे) | ३ | ४ |
| १२ | ल्यापटप कम्प्युटर | ३ | ३ |
| १३ | क्यामेरा, मोबाइल र ट्याब्लेट खरिद | १ | २ |
| १४ | नर्सरी नाइके तालिम | १ | १ |
| १५ | आयोजनाका कर्मचारीहरूका लागि E&S सुरक्षण र OHS (व्यावसायिक स्वास्थ्य र सुरक्षा) सम्बन्धी क्षमता अभिवृद्धि कार्यशाला | १ | १ |
| १६ | मन्त्रालय स्तरको दिगो वन व्यवस्थापन अभिमुखीकरण | १ | ० |
| १७ | नगरपालिकाका पदाधिकारी, अधिकृत र कर्मचारीहरूका लागि कृषि-वन प्रणाली र भूमिगत जल व्यवस्थापन भित्रका गतिविधिहरूको कार्यान्वयन सम्बन्धी तालिम | २ | २ |

**संभाग-२: समुदायमा आधारित दिगो वन व्यवस्थापन र साना किसान वृक्षरोपण**

| क्र.सं. | क्रियाकलापहरू | लक्ष्य | प्रगति |
|---|---|---|---|
| १ | कबुलियती वन कार्ययोजना कार्यान्वयन कार्यशाला | १ | १ |
| २ | वन्यजन्तु उद्धार र व्यवस्थापन | १ | ० |

**संभाग-३: वन उद्यम सुधार र विकास**

| क्र.सं. | क्रियाकलापहरू | लक्ष्य | प्रगति |
|---|---|---|---|
| १ | वन पैदावार सङ्कलन योजना कार्यान्वयनका लागि आवश्यक साना औजार र व्यक्तिगत सुरक्षा उपकरण (PPE) वितरण | प्याकेज-१ | प्याकेज-१ |
| २ | ड्रोन खरिद | २ | ३ |
| ३ | वनमा आधारित उद्योगका संघसंस्थाहरूसँग उद्यम प्रवर्द्धन सम्बन्धी अन्तरक्रिया कार्यशाला | १ | १ |
| ४ | वनमा आधारित उद्योगका कामदारहरूका लागि व्यावसायिक स्वास्थ्य र सुरक्षा सम्बन्धी क्षमता विकास कार्यक्रम | २ | १ |
| ५ | वन पैदावार सङ्कलन (कटान) योजना | १ | ० |

**संभाग-४: परियोजना सुशासन, अनुगमन र अध्ययन**

| क्र.सं. | क्रियाकलापहरू | लक्ष्य | प्रगति |
|---|---|---|---|
| १ | प्रादेशिक आयोजना निर्देशक/समन्वय समिति बैठक | ३ कार्यक्रम | ३ कार्यक्रम |
| २ | अभिलेख व्यवस्थापन र अनुगमन तथा मूल्याङ्कन कार्यशाला | २ कार्यक्रम | २ कार्यक्रम |
| ३ | वनमा आधारित उद्योग र मूल्य श्रृंखलासँग सम्बन्धित वित्तीय संस्थाहरूका लागि अभिमुखीकरण र क्षमता अभिवृद्धि कार्यक्रम | १ | १ |
| ४ | वन सम्बन्धी IEC (सूचना, शिक्षा र सञ्चार) सामग्रीहरू | प्याकेज १ | १ |
| ५ | अन्तर-प्रादेशिक अध्ययन भ्रमण | १ | १ |
| ६ | दिवस मनाउने कार्यक्रम | २ | २ |
| ७ | सर्वेक्षण, तथ्याङ्क सङ्कलन र अध्ययन (लाभग्राही सन्तुष्टि सर्वेक्षण) | १ | १ |

## ख. डिभिजन वन कार्यालय

मधेश प्रदेशका ८ डिभिजन वन कार्यालयहरूले मुख्यतया तीन संभागमा आधारित गतिविधिहरू सञ्चालन गरेका छन्।

**संभाग-१: नीति र क्षमता विकास:** यस संभाग अन्तर्गत टिम बिल्डिङ वर्कशप र कार्यालय भवन निर्माण र मर्मत सम्भार सम्पन्न भएका छन् ।

**संभाग-२: समुदायमा आधारित वन व्यवस्थापन र साना किसानहरु मार्फत वृक्षरोपण:** यस संभाग अन्तर्गत नर्सरी व्यवस्थापन, बिरुवा उत्पादन र वितरण सम्पन्न भएका छन् । सामुदायिक वन र वन सम्बर्द्धन प्रणालीबाट दिगो वन व्यवस्थापनका लागि अन्तरक्रिया, समन्वय बैठक र तालिमहरू सम्पन्न भएका छन्। नयाँ सामुदायिक वन उपभोक्ता समूह तथा कबुलियती वन उपभोक्ता समूह गठन र हस्तान्तरण, सामुदायिक वन, साझेदारी वन तथा कबुलियती वनको कार्ययोजना नविकरण तथा कार्यान्वयनमा प्रगति भएको छ। उत्सर्जन न्यूनीकरणका लागि डढेलो नियन्त्रण कार्यक्रम, सुधारिएको घाटगद्दी र डिपो निर्माण, झाडी सफाई, बायोमास व्यवस्थापन र प्राङ्गारिक मल उत्पादन, रुख मापन औजार खरिद, ड्रोन खरिद, डढेलो नियन्त्रणका लागि एयर ब्लोअर खरिद, डढेलो नियन्त्रणका लागि पम्प सहितको पानी टयाङ्कर खरिद, निजी घरधुरी र सार्वजनिक समूह र सम्बन्धित वडा अध्यक्ष/प्रतिनिधिका लागि वृक्षारोपण अभिमुखीकरण, दिगो वन व्यवस्थापनका लागि नवप्रवर्तन कार्यक्रम सम्पन्न भएका छन् । तर कबुलियती वन उपभोक्ता समूहको कार्ययोजना कार्यान्वयन हुन सकेन ।

**संभाग-४: परियोजना शासन, अनुगमन र अध्ययन**

यस संभाग अन्तर्गत कार्यान्वयन अनुगमन र सुपरिवेक्षण, रेकर्ड व्यवस्थापन तालिम, सरोकारवालाहरूसँग समन्वय बैठक, कार्यालय सञ्चालन जस्ता गतिविधिहरूमा प्रगति हासिल गरिएको छ।

संभाग अनुसारको क्रियाकलापहरुको प्रगति तलको तालिकामा देखाइएको छ ।

**संभाग-१: नीति र क्षमता विकास**

| क्र.सं. | क्रियाकलापहरू | लक्ष्य | प्रगति |
|---|---|---|---|
| १ | टिम बिल्डिङ वर्कशप | ८ | ९ |
| २ | कार्यालय भवन निर्माण तथा मर्मत सम्भार | ८ | ८ |

**संभाग-२: समुदायमा आधारित दिगो वन व्यवस्थापन र साना किसान वृक्षरोपण**

| क्र.सं. | क्रियाकलापहरू | लक्ष्य | प्रगति |
|---|---|---|---|
| १ | नर्सरी मर्मत सम्भार/व्यवस्थापन | १७ | १५ |
| २ | समुदायमा आधारित वन व्यवस्थापनका वन कर्मचारीहरु र पदाधिकरीहरूका लागि क्षमता अभिवृद्धि तालिम | ३८ | ३६ |
| ३ | दिगो वन व्यवस्थापन र वन संवर्धन प्रणाली कार्यान्वयन तालिम/कार्यशाला | १६ | १६ |
| ४ | वन उपभोक्ता समूहका लागि वन संवर्धन प्रणाली/दिगो वन व्यवस्थापन तालिम | ९ | ११ |
| ५ | डिभिजन/सब-डिभिजन र स्थानीय तह बीचको अन्तरक्रिया र समन्वय बैठक | १६ | १३ |
| ६ | निजी वन संस्थाहरूका लागि क्षमता अभिवृद्धि तालिम | ८ | ८ |
| ७ | सामुदायिक वन उपभोक्ता समूहमा कार्ययोजना कार्यान्वयन (समुदायमा आधारित वन व्यवस्थापन अनुदान) | १७ | ११ |
| ८ | सामुदायिक वन उपभोक्ता समूह गठन र हस्तान्तरण, विधान र कार्ययोजना तयारी | ५ | १ |
| ९ | उत्सर्जन न्यूनीकरणका लागि डढेलो नियन्त्रण कार्यक्रम | ८ | ७ |
| १० | दिगो वन व्यवस्थापन कार्ययोजना कार्यान्वयन, अनुगमन र निरीक्षण | १५ | ३ |
| ११ | दुई वर्षे वनका बिरुवा उत्पादन र वितरण (हजारमा) | १२०० | १०५१ |
| १२ | सुधारिएको घाटगद्दी र डिपो निर्माण | १६ | १० |
| १३ | सामुदायिक वन उपभोक्ता समूह अन्तर्गत कबुलियती वन उपभोक्ता समूहको कार्ययोजना नवीकरण | ८ | १ |
| १४ | साझेदारी वन दिगो वन व्यवस्थापन कार्ययोजना तयारी र नविकरण | ७ | २ |
| १५ | सामुदायिक वन उपभोक्ता समूहको दिगो वन व्यवस्थापन कार्ययोजना तयारी | ३७ | १० |

| क्र.सं. | क्रियाकलापहरू | लक्ष्य | प्रगति |
|---|---|---|---|
| १६ | सामुदायिक वन उपभोक्ता समूह अन्तर्गत कबुलियती वन उपभोक्ता समूहको कार्ययोजना कार्यान्वयन | ८ | ० |
| १७ | साझेदारी वन कार्ययोजना कार्यान्वयन (समुदायमा आधारित वन व्यवस्थापन अनुदान) | १४ | ९ |
| १८ | सामुदायिक वन उपभोक्ता समूह अन्तर्गत कबुलियती वन उपभोक्ता समूहका लागि क्षमता अभिवृद्धि कार्यक्रम | ८ | १ |
| २१ | झाडी सफाई, बायोमास व्यवस्थापन र प्राङ्गारिक मल उत्पादन | ३ | ३ |
| २२ | रुख मापन औजार (रेन्ज फाइन्डर, डिजिटल क्यापिलरी) खरिद | २ | २ |
| २३ | वन संरक्षण, व्यवस्थापन र निरीक्षणका लागि ड्रोन खरिद | १ | १ |
| २५ | डढेलो नियन्त्रणका लागि एयर ब्लोअर खरिद | १ | १ |
| २६ | डढेलो नियन्त्रणका लागि पम्पसहितको पानी ट्याङ्कर खरिद | ८ | ११ |
| २८ | निजी घरधुरी, सार्वजनिक समूह र सम्बन्धित वडा अध्यक्ष/प्रतिनिधिका लागि वृक्षारोपण अभिमुखीकरण | १९ | २१ |
| २९ | दिगो वन व्यवस्थापनका लागि नवप्रवर्तन कार्यक्रम | ७ | ६ |
| ३० | निजी र सार्वजनिक समूहहरूलाई जग्गा विकास र व्यवस्थापन तथा कृषि-वन तालिम | ४ | २ |

**संभाग-४: परियोजना सुशासन, अनुगमन र अध्ययन**

| क्र.सं. | क्रियाकलापहरू | लक्ष्य | प्रगति |
|---|---|---|---|
| १ | सब-डिभिजन स्तरमा उपभोक्ता समूहहरूका लागि अभिलेख व्यवस्थापन/लेखा व्यवस्थापन र सुशासन तालिम | २७ | ३४ |
| २ | कार्यालय सञ्चालन खर्च | ८ | ८ |
| ३ | सङ्घीय, प्रादेशिक र जिल्ला स्तरीय तथ्याङ्क सङ्कलन र व्यवस्थापन | ८ | ६ |
| ४ | सरोकारवालाहरूसँग समन्वय बैठक | २४ | २० |

## ग. स्थानीय तहहरूको गतिविधि र प्रगति

मधेश प्रदेशका २५ स्थानीय तहहरूले मुख्यतया तीन संभागमा आधारित गतिविधिहरू सञ्चालन गरेका छन् ।

**संभाग-१: नीति र क्षमता विकासः**

यस संभाग अन्तर्गत १० क्रियाकलापहरु मध्ये सबैमा प्रगति भएको छ। जस्तै, केही स्थानीय तहको जैविक विविधता र प्राकृतिक स्रोत सम्बन्धी जानकारीको प्रोफाइल (पार्श्वचित्र) तयारी, भूउपयोग, वन नीति, वातावरण र वनमा आधारित उद्यमका लागि कार्यशालाहरू तथा बैठक, वातावरणीय तथा सामाजिक सुरक्षा व्यवस्थापनबारे न्यायिक समितिहरूका लागि अभिमुखीकरण र पालिकास्तरीय क्षमता विकास कार्यक्रमहरू तथा विपद् व्यवस्थापन समितिको बैठक प्रभावकारी रूपमा सम्पन्न भएका छन्। निजी क्षेत्रका पोल र रुखको विद्युतीय प्रणालीमा अभिलेखीकरण, सार्वजनिक र निजी वन दर्ताका लागि कार्यशाला र अभिमुखीकरण तथा विद्यालयहरूमा वन, वातावरण र जैविक विविधता सम्बन्धी अभियान सम्पन्न भएका छन् ।

**संभाग-२: समुदायमा आधारित वन व्यवस्थापन र साना किसानहरु मार्फत वृक्षारोपण**

यस संभाग नै स्थानीय तहहरुले कार्यान्वयन गर्ने मूख्य कार्यक्रम रहेको छ । यस अन्तर्गत सार्वजनिक र निजी जमिन व्यवस्थापन, वृक्षारोपण, र सम्वर्द्धन सम्बन्धी कार्यक्रमहरूमा प्रगति भएको छ। उदाहरणका लागि, ५० लक्ष्य मध्ये २९ वटा सार्वजनिक जग्गा व्यवस्थापनको लागि तयारी भएको छ । ३६ हेक्टर निजी वन र ५७ हेक्टर सार्वजनिक वनमा वृक्षरोपण गरिएको छ, जसले यो क्षेत्रमा थप ध्यान दिन आवश्यक रहेको देखिन्छ। ५ वटा स्थानीय तहहरू (हनुमाननगर कंकालिनी न.पा., तिरहुत गा.पा., बरियारपट्टी गा.पा., एकडारा गा.पा. र देवताल गा.पा.) ले परियोजना अवधिभर हालसम्म वृक्षारोपण कार्य गरेका छैनन्।

**संभाग-३: परियोजना सुशासन, अनुगमन र अध्ययन**

यस संभाग अन्तर्गत वार्षिक योजना तर्जुमा र समिक्षा बैठक जस्ता गतिविधिहरू भएका छन्। वन र वातावरणसँग सम्बन्धित सूचना तथा सञ्चार सामग्रीहरूको उत्पादन र वितरण आंशिक प्रगित भएको छ । आगामी बर्षमा सुधारका लागि धेरै कार्य गर्न आवश्यक रहेको छ ।

संभाग अनुसारको क्रियाकलापहरुको प्रगति तलको तालिकामा देखाइएको छ ।

### संभाग-१: नीति र क्षमता विकास

| क्र.सं. | क्रियाकलापहरू | लक्ष्य | प्रगति |
|---|---|---|---|
| १ | स्थानीय तहको जैविक विविधता र प्राकृतिक स्रोत सम्बन्धी जानकारीको प्रोफाइल (पार्श्वचित्र) तयारी | २५ | ५ |
| २ | भूउपयोगका लागि डिभिजन वन कार्यालय, वन प्राविधिक र किसान/समूहहरू बीचको बैठक | ५० | ३० |
| ३ | निर्वाचित निकायहरूका लागि वन नीति, वातावरण र वनमा आधारित उद्यम सम्बन्धी कार्यशाला | २५ | १८ |
| ४ | वातावरणीय र सामाजिक सुरक्षण सम्बन्धी गुनासो सुनुवाइ संयन्त्रका बारेमा नगरपालिका स्तर र न्यायिक समितिमा अभिमुखीकरण कार्यशाला | २५ | २० |
| ५ | नगरपालिका वन, वातावरण र विपद् व्यवस्थापन समितिको बैठक | ५० | ४२ |
| ६ | कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन | २५ | १६ |
| ७ | निजी क्षेत्रका पोल र रुखको विद्युतीय प्रणालीमा अभिलेखीकरण | २५ | ५ |
| ८ | सार्वजनिक र निजी वन दर्ताका लागि कार्यशाला र अभिमुखीकरण | ५० | २४ |
| ९ | विद्यालयहरूमा वन, वातावरण र जैविक विविधता सम्बन्धी अभियान | १२५ | ९१ |
| १० | वन प्राविधिकहरूको तलब | २५ | २४ |

### संभाग-२: समुदायमा आधारित दिगो वन व्यवस्थापन र साना किसान वृक्षरोपण

| क्र.सं. | क्रियाकलापहरू | लक्ष्य | प्रगति |
|---|---|---|---|
| १ | निजी र सार्वजनिक जग्गामा वृक्षारोपणका विधि र प्रक्रिया सम्बन्धी अभिमुखीकरण | १६४ | ६७ |
| २ | निजी र सार्वजनिक जग्गामा वृक्षारोपण गर्ने किसानहरूका लागि वातावरणीय र सामाजिक, लैङ्गिक समानता र सामाजिक समावेशीकरण) र वन व्यवस्थापन सम्बन्धी तालिम | ५६ | २७ |
| ३ | सम्भावित निजी, सार्वजनिक र सरकारी जग्गाको पहिचान र वातावरणीय र सामाजिक स्क्रिनिङ सहितको वृक्षारोपण कार्ययोजना तयारी | ५० | २९ |

| क्र.सं. | क्रियाकलापहरू | लक्ष्य | प्रगति |
|---|---|---|---|
| ४ | सार्वजनिक जग्गा विकास र व्यवस्थापनका लागि महिला, सीमान्तकृत, दलित किसानहरूको पहिचान र अभिलेखीकरण | २५ | १९ |
| ५ | सार्वजनिक जग्गा संरक्षण, जग्गा तयारी, र बायो-इन्जिनियरिङ तथा कृषि-वन प्रणाली कार्यान्वयन सहयोग | २५ | १४ |
| ६ | बिरुवा उत्पादन र खरिद, डिभिजन वन कार्यालयसँगको समन्वय | २२ | १३ |
| ७ | वृक्षरोपणका लागि निजी र सार्वजनिक जग्गाको पहिचान, अभिलेख र GPS स्थान निर्धारण | २५ | १८ |
| ८ | निजी वृक्षारोपणका लागि अनुदान (हेक्टरमा) | २४८ | ३६.००७ |
| ९ | सार्वजनिक वृक्षारोपणका लागि अनुदान (हेक्टरमा) | ३०१ | ५७.०८८ |
| १० | कार्यसम्पादनमा आधारित वृक्षरोपण अनुदान अनुगमन | २५ | १५ |
| ११ | 'सम्पत्तिबाट सम्पत्ति' (Assets to Asset) अन्तर्गत सार्वजनिक वृक्षारोपणका लागि सिँचाइ र औजार सहयोग | १६४ | ९ |
| १२ | सार्वजनिक जग्गा व्यवस्थापन समूह गठन, कानून तयारी र दर्ता | १५५ | २९ |
| १३ | सार्वजनिक जग्गा व्यवस्थापन समूहको सशक्तिकरण, समावेशीकरण, बैंक खाता खोल्ने, र दर्ता तथा कार्यालय व्यवस्थापन र सञ्चालन खर्च | १५४ | ३१ |

**संभाग-४: परियोजना सुशासन, अनुगमन र अध्ययन**

| क्र.सं. | क्रियाकलापहरू | लक्ष्य | प्रगति |
|---|---|---|---|
| १ | वन र वातावरण शाखाका लागि सहयोग | २५ | २४ |
| २ | वन क्षेत्रका उद्यमी र सम्बन्धित सरोकारवालाहरूसँग वार्षिक समिक्षा बैठक | २५ | २२ |
| ३ | वन र वातावरणसँग सम्बन्धित दिवस मनाउने / जनचेतना कार्यक्रम | ५० | ४३ |
| ४ | वन र वातावरणसँग सम्बन्धित IEC (सूचना, शिक्षा र सञ्चार) / जनचेतना सामग्रीहरूको उत्पादन र वितरण | २५ | ९ |

## वातावरणीय तथा सामाजिक सुरक्षा मापदण्डहरुको कार्यान्वयन

यस परियोजनाले दिगो वन व्यवस्थापनको प्रभावकारी कार्यान्वयनका लागि उपर्युक्त वातावरण, संस्थागत व्यवस्था र क्षमता अभिवृद्धि गरी दीर्घकालीन सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको छ। परियोजनाले पार्न सक्ने सम्भावित वातावरणीय र सामाजिक प्रभावहरूलाई न्यूनीकरण गर्न नेपाल सरकारको विद्यमान ऐन, नियम तथा कानुन र विश्व बैंकको 'वातावरणीय र सामाजिक मापदण्ड' लाई पालना गरिएको छ। 'वातावरणीय र सामाजिक व्यवस्थापन रूपरेखा' (ESMF) को प्रावधान अनुसार 'सरोकारवालाको सहभागिता योजना' (SEP) र 'वातावरणीय र सामाजिक प्रतिबद्धता योजना' (ESCP) लाई अद्यावधिक गरी कार्यान्वयन गरिनेछ। परियोजनाका क्रियाकलापको प्रकृति अनुसार पर्न सक्ने नकारात्मक असरहरुलाई न्यूनीकरण गर्न वातावरणीय र सामाजिक प्रभावको जाँच (Screening) गरिएका छन् । गुनासो सुनुवाई संयन्त्र (GRM) लाई पनि लागू गरिएको छ।

### वातावरणीय र सामाजिक जाँच प्रक्रिया र उपलब्धि

जोखिम र प्रभावहरूको प्रारम्भिक मूल्याङ्कनका लागि स्क्रिनिङ एक महत्वपूर्ण कदम हो। प्रत्येक प्रस्तावित क्रियाकलापको प्रभाव कति गहिरो छ भनी निर्धारण गर्न सुरुमा यसको स्क्रिनिङ गरिन्छ। सामाजिक र वातावरणीय सन्दर्भको समग्र विश्लेषणले प्रस्तावित उप-परियोजनाहरू वातावरणीय र सामाजिक रूपमा दिगो र सुरक्षित रहे नरहेको देखाउँछ। यसबाट समाज वा वातावरणमा कुनै ठूलो प्रतिकूल असर पर्ने नपर्ने देखाउछ ।

उप-परियोजनाको स्थल छनोटको चरणमा 'वातावरणीय र सामाजिक स्क्रिनिङ' प्रक्रिया सम्पन्न गर्न वन प्राविधिक तथा वातावरणीय र सामाजिक सुरक्षा विज्ञहरूले विभिन्न तहका सरोकारवालाहरूसँग प्रस्तावित क्रियाकलापहरूबाट पर्न सक्ने सम्भावित प्रभावहरूका बारेमा छलफल गरेका छन्।

परियोजनाका क्रियाकलापहरू तय गरिसकेपछि तिनको सकारात्मक र नकारात्मक प्रभाव पहिचान गर्न 'वातावरणीय र सामाजिक मूल्याङ्कन' (ESA) गरिन्छ जसमा सम्भावित नकारात्मक प्रभावहरूलाई कार्यान्वयनको चरणमा कसरी न्यूनीकरण गर्न सकिन्छ भन्ने विषयमा गहन विश्लेषण र छलफल गरिन्छ।

परियोजनाले वातावरणीय र सामाजिक सुरक्षाका उपायहरूलाई सफलतापूर्वक एकीकृत गरेको छ र समयसँगै यसमा क्रमिक सुधार देखिएको छ। यद्यपि यो प्रगति अझै पनि अपेक्षा र

निर्धारित मापदण्ड भन्दा केही कम रहेको छ। साथै हालसम्म सबै वृक्षरोपण स्थलहरूको स्क्रिनिङ प्रतिवेदन र 'वातावरणीय तथा सामाजिक आचारसंहिता' (ESCoP) तयार पारिएको छ।

## निष्कर्ष

समृद्धिका लागि वन परियोजनाको प्रगति अघिल्ला वर्षहरुको तुलनामा प्रत्येक वर्ष बढ्दो क्रममा देखिएको छ। परियोजनाले कार्यक्षेत्र र वन क्षेत्रभित्र सकारात्मक प्रभाव पार्न सफल भएको छ। डिभिजन वन कार्यालय र स्थानीय स्तरमा समुदाय तथा सरोकारवालाहरूमा वनको फाइदा, महत्व र वृक्षारोपणको आवश्यकताका बारेमा सचेतना अभिवृद्धि भएको छ। परियोजनाको सहयोगमा स्थानीय स्तरमा 'वन तथा वातावरण शाखा' स्थापना भई कार्यान्वयनमा आएका छन्। परियोजनाले सङ्घीय, प्रादेशिक र स्थानीय सरकारहरू वीच समन्वय कायम गर्दै सङ्घीयता कार्यान्वयनमा सहयोग पुर्याएको छ। यसका साथै परियोजनाको प्राविधिक तथा आर्थिक सहयोगमा प्रदेश र स्थानीय तहमा वन सम्बन्धी नियम, कानून तथा कार्यविधिहरू निर्माण र कार्यान्वयन भएका छन् ।

परियोजनाले वन र वातावरण संरक्षणलाई सुदृढ गर्न र सरोकारवालाहरू वीच सहकार्य मार्फत दिगो वन व्यवस्थापन लाई बढावा दिन महत्वपूर्ण भूमिका खेलेको छ। यसले लक्षित समूहका लागि परियोजना क्षेत्रभित्र रोजगारीका अवसरहरू सिर्जना गर्न र अनुकूल वातावरण बनाउन समेत योगदान पुर्याएको छ।

यस वर्ष पनि परियोजनाले विगतका जस्तै चुनौतीहरूको सामना गर्नुपर्यो; जस्तैः PLMBIS तथ्याङ्क प्रविष्टि, बजेट स्वीकृति र फुकुवा प्रक्रियामा लाग्ने लामो समय। यसले गर्दा स्वीकृत वार्षिक कार्यक्रमहरू समय तालिका अनुसार कार्यान्वयन हुन सकेनन् ।

यद्यपि अघिल्लो आर्थिक वर्षको तुलनामा यस आर्थिक वर्ष २०८१/०८२ मा मधेश प्रदेशमा परियोजनको समग्र प्रगति सुधारोन्मुख देखिएको छ । स्थानीय स्तरमा सार्वजनिक तथा निजी वृक्षरोपणको प्रगति वार्षिक लक्ष्यको तुलनामा न्यून भएको छ । ५ वटा स्थानीय तहहरू (हनुमाननगर कंकालिनी न.पा., तिरहुत गा.पा., बरियारपट्टी गा.पा., एकडारा गा.पा. र देवताल गा.पा.) ले परियोजना अवधिभर हालसम्म वृक्षरोपण कार्य गरेका छैनन्।

न्यून स्रोत भएका समुदायमा आधारित वन व्यवस्थापन समूहहरूले परियोजनाको वृक्षरोपण र दिगो वन व्यवस्थापन अनुदान निर्देशिका अनुसार ५० प्रतिशत लगानी गर्न नसक्दा वार्षिक

लक्ष्य हासिल हुन सकेको छैन। यसले गर्दा सीमान्तकृत र न्यून आय भएका समूहहरू परियोजनाको सहयोगबाट वञ्चित भइरहेका छन्।

स्थानीय तहमा पटक-पटक ताकेता गरे पनि समयमै आवधिक प्रतिवेदन र तथ्याङ्कहरू प्राप्त हुन सकेको छैन। यसका कारण समयसीमा भित्र सङ्घीय परियोजना एकाइमा प्रतिवेदन बुझाउन कठिनाइ भइरहेको छ।

## सिफारिसहरू:

- **प्रतिवेदन र तथ्याङ्क व्यवस्थापन:** स्थानीय तहबाट समयमै प्रतिवेदन र तथ्याङ्कहरू पेश गर्ने सम्बन्धमा माथिल्लो तहको व्यवस्थापनबाट आवश्यक कदम चालिनुपर्दछ।
- **हाल सम्म पनि वृक्षरोपण नगेका स्थानीय तहका** सम्बन्धमा आवश्यक पहल गरिनुपर्दछ।
- **सह-लगानी (Co-investment) अनुपातमा परिमार्जन:** न्यून स्रोत भएका समूहहरूका लागि अनुदानको हिस्सा ५० प्रतिशत भन्दा बढी व्यवस्था गर्नुपर्ने देखिन्छ।
- **नियमित अनुगमन र सहजीकरण:** परियोजना कार्यान्वयनलाई थप प्रभावकारी बनाउन प्रादेशिक परियोजना व्यवस्थापन इकाईबाट विषयगत विज्ञहरू सहित समुदाय स्तरमा स्थलगत भ्रमण, नियमित अनुगमन र सहजीकरण हुनु आवश्यक छ।
- **वन प्राविधिकहरूको नियुक्ति:** वन प्राविधिकहरूको नियुक्ति वा सम्झौता नवीकरणका लागि प्रभावकारी बनाउन प्रादेशिक परियोजना व्यवस्थापन इकाईको सिफारिस अनिवार्य गरिनुपर्दछ।
- **सूचना प्रणाली (MIS) को स्थापना:** तथ्याङ्क सङ्कलन र व्यवस्थापनलाई प्रभावकारी वनाउन 'व्यवस्थापन सूचना प्रणाली' (MIS) अनिवार्य रूपमा लागू गरिनुपर्दछ।
- **वातावरणीय र सामाजिक जाँच:** डिभिजन वन कार्यालयहरूले उप-परियोजना कार्यान्वयन गर्नुअघि 'वातावरणीय र सामाजिक स्क्रिनिङ' का लागि प्रादेशिक परियोजना व्यवस्थापन इकाईको टोलीसँग अनिवार्य समन्वय गर्नुपर्नेछ र वातावरणीय र सामाजिक स्क्रिनिङ लागू हुने उप-परियोजनाहरूको सूची उपलब्ध गराउनुपर्नेछ।

## २.४ लुम्बिनी प्रदेश अन्तर्गतको प्रगति

लुम्बिनी प्रदेश परियोजना व्यवस्थापन इकाई, १२ जिल्ला स्थित १४ वटा डिभिजन वन कार्यालयहरु एवं २५ स्थानीय तह मार्फत समृद्धिका लागि वन परियोजना कार्यक्रम सञ्चालनमा रहेको छ। यस प्रदेशमा विशेष गरी दिगो वन व्यवस्थापनको कार्यलाई प्राथमिकता दिइएको छ । ती निकायहरु अनुसारको क्रियाकलापहरुको प्रगति तल वर्णन गरिएको छ ।

### प्रादेशिक परियोजना व्यवस्थापन इकाई

प्रादेशिक परियोजना व्यवस्थापन इकाईद्वारा चार मुख्य संभागमा आधारित गतिविधिहरू सञ्चालन भएका छन्।

**संभाग १: नीति र क्षमता विकासः**

यस संभाग अन्तर्गत विभिन्न तालिम, छलफल, र योजनाहरू तयार गर्ने कार्यहरूमा भएका छन्। उदाहरणका लागि, वातावरणीय तथा सामाजिक सुरक्षा, लैङ्गिक तथा सामाजिक समावेशीकरण, दिगो वन व्यवस्थापन सँग सम्बन्धित तालिमहरू सम्पन्न भएका छन् ।

**संभाग २: समुदायमा आधारित वन व्यवस्थापन र साना किसानहरु मार्फत वृक्षरोपणः**

यस संभागमा कृषि-वन र जलाधार संरक्षण गतिविधिहरूका लागि सार्वजनिक जग्गा पहिचान र नक्साङ्कन, वातावरण र सामाजिक सुरक्षण मैत्री दिगो वन व्यवस्थापन सम्बन्धी साझेदारी वन व्यवस्थापनका सदस्यहरूको क्षमता अभिवृद्धि कार्यक्रम सम्पन्न भएका छन् ।

**संभाग ३: वन उद्यमको सुधार र विकासः**

यस संभाग अन्तर्गत वनमा आधारित लघु, साना र मझौला उद्यम विकासका लागि क्षमता विकास कार्यक्रम, वनमा आधारित उद्यमीहरूका लागि व्यावसायिक स्वास्थ्य र सुरक्षा तालिम, वातावरणीय तथा सामाजिक सुरक्षा र गुनासो व्यवस्थापनका बारेमा कृषि विकास बैंकका सम्पर्क व्यक्तिहरूका लागि अभिमुखीकरण कार्यक्रम, वित्तीय संस्थाहरूका लागि वनमा आधारित उद्यम र मूल्य श्रृंखला अभिमुखीकरण तालिम, व्यवसाय विकास सेवा प्रदायकहरूका लागि तालिम, उद्यमी र वित्तीय संस्थाहरूका लागि वनमा आधारित उद्यम विकास क्षमता अभिवृद्धि तालिमहरू, बीमा दायित्वहरूमा जनचेतना अभिवृद्धि, वनमा आधारित उद्यम सम्बन्धित नियम, कानुन र व्यावसायिक स्वास्थ्य र सुरक्षा सम्बन्धी जनचेतना अभिवृद्धि, निजी वन संस्थाहरूको

क्षमता अभिवृद्धि, श्रम मापदण्ड र व्यावसायिक स्वास्थ्य तथा सुरक्षा निर्देशिकामा सचेतना विकास कार्यहरु सम्पन्न भएका छन् । निजी वन संस्थाहरूको क्षमता अभिवृद्धि कार्यक्रम हुन सकेन ।

## संभाग ४ परियोजना सुशासन, अनुगमन र अध्ययन

यस संभाग अन्तर्गत अन्तर्राष्ट्रिय/राष्ट्रिय तालिम, कार्यशाला गोष्ठी र वित्तीय व्यवस्थापन प्रणाली सम्बन्धी प्रादेशिक परियोजना व्यवस्थापन इकाईको क्षमता विकास सम्बन्धी प्रगति देखिएको छ।

संभाग अनुसारको क्रियाकलापहरुको प्रगति तलको तालिकामा देखाइएको छ ।

### संभाग-१ः नीतिगत सुधार तथा संस्थागत सुदृढीकरण

| क्रियाकलापहरू | लक्ष्य | प्रगति |
|---|---|---|
| सामुदायिक अनुदान कार्यक्रम- वृक्षरोपण क्षेत्र वा वन व्यवस्थापन क्षेत्रलाई सहयोग पुर्याउने जलाधार संरक्षण गतिविधिहरू (अनुदान कार्यक्रम/वृक्षारोपण अनुदान कार्यक्रम) | १ | १ |
| वातावरणीय तथा सामाजिक सुरक्षा र लैङ्गिक तथा सामाजिक समावेशीकरण सम्बन्धी क्षमता अभिवृद्धि | १ | २ |
| दिगो वन व्यवस्थापन कार्यशाला, गोष्ठी आदि | १ | १ |
| नगरपालिका र तिनका कर्मचारीहरूका लागि दिगो वन व्यवस्थापन तालिम | १ | २ |
| गाउँपालिका/नगरपालिका र तिनका कर्मचारीहरूका लागि कृषि-वन र कार्यसम्पादनमा आधारित वृक्षरोपण अनुदान कार्यक्रम सम्बन्धी क्षमता अभिवृद्धि तालिम | १ | १ |

### संभाग-२ः समुदायमा आधारित दिगो वन व्यवस्थापन र साना किसान वृक्षरोपण

| क्रियाकलापहरू | लक्ष्य | प्रगति |
|---|---|---|
| निजी वृक्षरोपण धनी संघहरूका लागि क्षमता सहयोग/ सार्वजनिक वृक्षरोपण र नर्सरीहरूका लागि सहयोग | २ | |
| कृषि-वन र जलाधार संरक्षण गतिविधिहरूका लागि सार्वजनिक जग्गा पहिचान र नक्साङ्कन | १ | १ |
| वातावरण र सामाजिक सुरक्षण मैत्री दिगो वन व्यवस्थापन सम्बन्धी साझेदारी वन व्यवस्थापनका सदस्यहरूको क्षमता अभिवृद्धि | १ | ३ |

## संभाग-३: वन उद्यम सुधार र विकास

| क्रियाकलापहरू | लक्ष्य | प्रगति |
|---|---|---|
| वनमा आधारित लघु, साना र मझौला उद्यम विकासका लागि क्षमता विकास कार्यक्रम (ऋण प्रवाहलाई सहज बनाउन व्यवसाय विकास र प्रस्ताव तयारी)/सेवा प्रदायकहरू मार्फत | १ | १ |
| वातावरणीय तथा सामाजिक सुरक्षा र गुनासो व्यवस्थापनका बारेमा कृषि विकास बैंकका सम्पर्क व्यक्तिहरूका लागि अभिमुखीकरण कार्यक्रम | १ | ३ |
| वनमा आधारित उद्यमीहरूका लागि व्यावसायिक स्वास्थ्य र सुरक्षा तालिम | १ | १ |
| वित्तीय संस्थाहरूका लागि वनमा आधारित उद्यम र मूल्य श्रृंखला अभिमुखीकरण तालिम | ३ | १ |
| व्यवसाय विकास सेवा प्रदायकहरूका लागि तालिम | १ | १ |
| उद्यमी र वित्तीय संस्थाहरूका लागि वनमा आधारित उद्यम विकास क्षमता अभिवृद्धि तालिमहरू | १ | ४ |
| बीमा दायित्वहरूमा जनचेतना अभिवृद्धि | ३ | ७ |
| वनमा आधारित उद्यम सम्बन्धित नियम, कानून र व्यावसायिक स्वास्थ्य र सुरक्षा सम्बन्धी जनचेतना अभिवृद्धि | ३ | २ |
| निजी वन संस्थाहरूको क्षमता अभिवृद्धि | २ | |
| श्रम मापदण्ड र व्यावसायिक स्वास्थ्य तथा सुरक्षा निर्देशिकामा सचेतना विकास | १ | १ |

## संभाग-४: परियोजना सुशासन, अनुगमन र अध्ययन

| क्रियाकलापहरू | लक्ष्य | प्रगति |
|---|---|---|
| प्रादेशिक परियोजना व्यवस्थापन इकाईको क्षमता विकास (अन्तर्राष्ट्रिय/राष्ट्रिय तालिम, कार्यशाला गोष्ठी) र वित्तीय व्यवस्थापन प्रणालीको क्षमता विकास | १ | १ |

## डिभिजन वन कार्यालय

लुम्बिनी प्रदेशका १४ डिभिजन वन कार्यालयहरूले मुख्यतया तीन संभागमा आधारित गतिविधिहरू सञ्चालन गरेका छन्।

**संभाग-१ः नीति र क्षमता विकासः** यस संभाग अन्तर्गत नयाँ सामुदायिक वन उपभोक्ता समूह, साझेदारी वन समूह तथा कबुलियती वन समूहहरूको गठन र हस्तान्तरण, विद्यमान सामुदायिक वन समूहहरूको दिगो वन व्यवस्थापन योजना तयारी, विद्यमान कबुलियती वन समूहहरूको कार्ययोजना र विधान परिमार्जन, वन संवर्धनमा आधारित वन व्यवस्थापनको समिक्षा बैठक, डिभिजन/सब-डिभिजन वन कार्यालय र स्थानीय तह वीच समन्वय बैठक सम्पन्न भएका छन् ।

**संभाग-२ः समुदायमा आधारित वन व्यवस्थापन र साना किसानहरु मार्फत वृक्षरोपणः** यस संभाग अन्तर्गत डढेलो नियन्त्रण गरी कार्बन उत्सर्जन न्यूनीकरण गर्ने सम्बन्धी सचेतना तालिम, समुदायमा आधारित वन व्यवस्थापन समूहका लागि अभिलेख र लेखा व्यवस्थापन क्षमता अभिवृद्धि तालिम, दिगो वन व्यवस्थापन सुदृढीकरणका लागि समुदायमा आधारित वन व्यवस्थापन समूहहरूको क्षमता अभिवृद्धि, टिम बिल्डिङ्ग कार्यशाला, दिगो वन व्यवस्थापन/वन संवर्धनमा आधारित वन व्यवस्थापन कार्यान्वयन सुदृढीकरण तालिम (वन प्राविधिकका लागि), निजी वन धनी/संस्थाका लागि क्षमता अभिवृद्धि तालिम, मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण, वन्यजन्तु उद्धार र दिगो वन व्यवस्थापन प्रणाली सम्बन्धी सचेतना कार्यशाला, साझेदारी वन र सामुदायिक वनको कार्ययोजना कार्यान्वयन सहयोग कार्य सम्पन्न भएका छन् ।

वातावरण तथा सामाजिक सुरक्षा र लैङ्गिक समानता र सामाजिक समावेशीकरण मैत्री दिगो वन व्यवस्थापन तालिम, वन पैदावार सङ्कलन (कटान) तालिम सम्पन्न भयका छन् ।

**संभाग-३ः वन उद्यम सुधार र विकास**

यस संभाग अन्तर्गत वनमा आधारित उद्यम सम्बन्धी क्षमता अभिवृद्धि कार्यशाला सम्पन्न भएको छ ।

संभाग अनुसारको क्रियाकलापहरुको प्रगति तलको तालिकामा देखाइएको छ ।

**संभाग-१: नीतिगत सुधार तथा  क्षमता विकास**

| क्रियाकलापहरू | लक्ष्य | प्रगति |
|---|---|---|
| कार्ययोजना र विधान तयारी सहित नयाँ सामुदायिक वन उपभोक्ता समूहहरूको गठन र हस्तान्तरण | १० | ९ |
| कार्ययोजना र विधान तयारी सहित साझेदारी वन समूहहरूको गठन र हस्तान्तरण | १० | ९ |
| दिगो वन व्यवस्थापन योजना तयारी (विद्यमान सामुदायिक वन समूहहरू) | ११२ | १२९ |
| कार्ययोजना र विधान तयारी सहित कबुलियती वन समूहहरूको गठन र हस्तान्तरण | ७५ | ६ |
| कार्ययोजना र विधान परिमार्जन (विद्यमान कबुलियती वन समूहहरू) | ६५ | ३ |
| दिगो वन व्यवस्थापन प्रदर्शनी (समुदायमा आधारित वन व्यवस्थापन) र सार्वजनिक जग्गा वृक्षरोपण | १४ | |
| वन संवर्धनमा आधारित वन व्यवस्थापनको समिक्षा बैठक | १४ | १४ |
| डिभिजन/सब-डिभिजन वन कार्यालय र स्थानीय तह बीच समन्वय बैठक | १४ | ५१ |

**संभाग-२: समुदायमा आधारित दिगो वन व्यवस्थापन र साना किसान वृक्षरोपण**

| क्रियाकलापहरू | लक्ष्य | प्रगति |
|---|---|---|
| वातावरण तथा सामाजिक सुरक्षा र लैङ्गिक समानता र सामाजिक समावेशीकरण मैत्री दिगो वन व्यवस्थापन तालिम (जिल्ला) | १४ | |
| वन पैदावार सङ्कलन (कटान) तालिम (जिल्ला) | १४ | |
| डढेलो नियन्त्रण गरी कार्बन उत्सर्जन न्यूनीकरण गर्ने सम्बन्धी सचेतना तालिम | १४ | १२ |
| अभिलेख र लेखा व्यवस्थापन सम्बन्धी क्षमता अभिवृद्धि तालिम (समुदायमा आधारित वन व्यवस्थापन) | १४ | ३५ |
| दिगो वन व्यवस्थापन सुदृढीकरणका लागि समुदायमा आधारित वन व्यवस्थापन समूहहरूको क्षमता अभिवृद्धि | १४ | ३६ |
| टिम बिल्डिङ्ग कार्यशाला (सबै डिभिजन वन कार्यालय) | १४ | ९ |
| दिगो वन व्यवस्थापन/वन संवर्धनमा आधारित वन व्यवस्थापन कार्यान्वयन सुदृढीकरण तालिम (वन प्राविधिक) | १४ | २० |
| निजी वन धनी/संस्थाका लागि क्षमता अभिवृद्धि तालिम/कार्यशाला | १४ | ७ |
| मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण, वन्यजन्तु उद्धार र दिगो वन व्यवस्थापन प्रणाली सम्बन्धी सचेतना कार्यशाला | २ | ३ |

| | | |
|---|---|---|
| साझेदारी वनको कार्ययोजना कार्यान्वयन सहयोग | ८ | ६ |
| सामुदायिक वनको कार्ययोजना कार्यान्वयन सहयोग | ५१ | ६५ |
| कबुलियती वनको कार्ययोजना कार्यान्वयन सहयोग | ६० | |

**संभाग-३ः वन उद्यम सुधार र विकास**

| क्रियाकलापहरू | लक्ष्य | प्रगति |
|---|---|---|
| वनमा आधारित उद्यम सम्बन्धी क्षमता अभिवृद्धि कार्यशाला (जिल्ला) | १० | १ |

## स्थानीय तहहरूको गतिविधि र प्रगतिः

लुम्बिनी प्रदेशका २५ स्थानीय तहहरूले मुख्यतया तीन संभागमा आधारित गतिविधिहरू सञ्चालन गरेका छन्।

**संभाग-१ः नीति र क्षमता विकासः**

यस संभाग अन्तर्गत स्थानीय तह स्तरको वन, वातावरण र विपद् व्यवस्थापन समितिको एक मात्र बैठक सम्पन्न भएको छ । सिमसार र पोखरीहरू सहित स्थानीय स्तरको जैविक विविधता, वन्यजन्तु, बिरुवाहरूको प्रोफाइल तयारी र बोर्ड स्थापना तथा सार्वजनिक जग्गा व्यवस्थापन समूह र डिभिजन वन कार्यालयबीचका बैठकहरु हुन सकेनन् ।

**संभाग-२ः समुदायमा आधारित वन व्यवस्थापन र साना किसानहरु मार्फत वृक्षरोपणः**

यस संभाग अन्तर्गत ३० हेक्टर निजी वन र ३१ हेक्टर सार्वजनिक वनमा वृक्षरोपण भएको छ ।

समुदायमा आधारित वन व्यवस्थापन समूहहरूका लागि सुशासन/लैङ्गिक समानता र सामाजिक समावेशीकरण/सुरक्षण सहयोग, वन वातावरण र जैविक विविधता सम्बन्धी विद्यालय शिक्षण कार्यक्रम, सार्वजनिक जग्गा व्यवस्थापन समूहहरूको गठन र क्षमता विकास सहयोग, सार्वजनिक जग्गाको संरक्षण, सार्वजनिक पोखरी वा सिमसार क्षेत्रको संरक्षण र जग्गा तयारी (बायो इन्जिनियरिङ र कृषि-वन प्रणाली) कार्यक्रम हुन सकेन् ।

संभाग अनुसारको क्रियाकलापहरुको प्रगति तलको तालिकामा देखाइएको छ ।

## संभाग-१: नीति र क्षमता विकास

| क्रियाकलापहरू | लक्ष्य | प्रगति |
|---|---|---|
| सिमसार र पोखरीहरू सहित स्थानीय स्तरको जैविक विविधता, वन्यजन्तु, बिरुवाहरूको प्रोफाइल तयारी र बोर्ड स्थापना | २५ | |
| पहिचान गरिएका सार्वजनिक जग्गा व्यवस्थापन समूह र डिभिजन वन कार्यालयबीच बैठक | ४९ | |
| स्थानीय तह स्तरको वन, वातावरण र विपद् व्यवस्थापन समितिको बैठक | ४४ | १ |

## संभाग-२: समुदायमा आधारित दिगो वन व्यवस्थापन र साना किसान वृक्षरोपण

| क्रियाकलापहरू | लक्ष्य | प्रगति |
|---|---|---|
| समुदायमा आधारित वन व्यवस्थापन समूहहरूका लागि सहयोग (सुशासन/लैङ्गिक समानता र सामाजिक समावेशीकरण /सुरक्षण) | १८ | |
| वन वातावरण र जैविक विविधता सम्बन्धी विद्यालय शिक्षण कार्यक्रम (प्याकेजहरू) | ६१ | |
| लैंगिक प्रोत्साहन सहित वृक्षरोपण/कृषि-वन स्थापना (निजी जग्गा) (हेक्टरमा) | १२४ | ३०.२९ |
| सार्वजनिक जग्गा व्यवस्थापन समूहहरूको गठन र क्षमता विकास सहयोग (सार्वजनिक जग्गा) | ७४ | |
| वृक्षरोपण/कृषि-वन स्थापना (सार्वजनिक जग्गा) (हेक्टरमा) | १३४ | ३१.८५ |
| सार्वजनिक जग्गाको संरक्षण, सार्वजनिक पोखरी वा सिमसार क्षेत्रको संरक्षण र जग्गा तयारी (बायो इन्जिनियरिङ र कृषि-वन प्रणाली) | २९ | |

## वातावरणीय तथा सामाजिक सुरक्षा मापदण्डहरुको कार्यान्वयन

प्रादेशिक परियोजना व्यवस्थापन एकाइले सबै १४ वटा डिभिजन वन कार्यालयका प्रमुख अधिकारीहरू र २५ स्थानीय स्तरका प्रतिनिधिहरू तथा वन प्राविधिकहरुका लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन गरेको छ । उक्त कार्यक्रम विशेष गरी वातावरणीय तथा सामाजिक व्यवस्थापन योजना (ESMP) तर्जुमा, श्रम व्यवस्थापन योजना र लैङ्गिक कार्ययोजनाकाबारेमा केन्द्रित रहेको थियो।

तालिमपश्चात्, डिभिजन वन कार्यालयका कर्मचारी र वन प्राविधिकहरूले प्रादेशिक परियोजना व्यवस्थापन एकाइका वातावरणीय तथा सामाजिक सुरक्षा विज्ञहरूको प्राविधिक सहयोगमा वातावरणीय तथा सामाजिक व्यवस्थापन योजना तयार पारेका छन्। फलस्वरूप, लुम्बिनी प्रदेशका सबै गतिविधिहरू सम्भावित सामाजिक र वातावरणीय जोखिमहरूलाई सावधानीपूर्वक ध्यान दिएर कार्यान्वयन गरिएका छन्।

ऋणका लागि आवेदन दिने वनमा आधारित उद्यमहरुको वातावरणीय तथा सामाजिक सुरक्षा जाँच र उचित तत्परता (Due Diligence) योजनाहरू तयार पारिएका छन् । यसका साथै, प्रादेशिक वन निर्देशनालय तथा परियोजना व्यवस्थापन एकाइका कर्मचारीहरूले नियमित स्थलगत अनुगमन गरेका छन्। वातावरणीय तथा सामाजिक सुरक्षा जाँचका लागि चालिएका कदमहरू निम्नानुसार छन्:

### वातावरणीय र सामाजिक जोखिम तथा प्रभावहरूको मूल्याङ्कन र व्यवस्थापन

डिभिजन वन कार्यालय, स्थानीय तह र वनमा आधारित ऋण आवेदक उद्यमीहरूद्वारा प्रस्तावित गतिविधिलाई स्क्रिनिङ प्रक्रियामार्फत स्थान र मापनका आधारमा मूल्याङ्कन गरिएको थियो। यदि यि गतिविधि मापदण्डसँग मेल खाएमा, त्यसको लागि ESMP तयार गरिएको थियो।

### श्रम र कार्य अवस्था

बालश्रम रोक्न, सीमान्तकृत समुदायको क्षमता अभिवृद्धि गर्न, समावेशी नेतृत्वलाई प्रोत्साहन गर्न र सरोकारवालाहरूको संलग्नताका सबै तहमा प्रभावकारी गुनासो सुनुवाइ संयन्त्र (GRM) स्थापना गर्न प्रयासहरू गरिएका छन्। श्रम अवस्था र कार्यस्थल सुरक्षा सुधार गर्न सुनवल, बुटवल, गोरुसिङ्गे, लमही, घोराही, नेपालगन्ज, गुलरिया र सन्धिखर्कमा क्षमता अभिवृद्धि कार्यक्रमहरू आयोजना गरिएका थिए। यसको परिणामस्वरूप, ३ वटा सामुदायिक वन

उपभोक्ता समूहहरूले आफ्ना कामदारहरूको बीमा गरेका छन् र अन्य धेरैले गर्ने योजना बनाएका छन्। साथै, वनमा आधारित उद्यमका कामदारहरू लक्षित भालुवाङ र बुटवलमा व्यावसायिक स्वास्थ्य र सुरक्षा सम्बन्धी दुईवटा कार्यशालाहरू सम्पन्न भए।

## स्रोत दक्षता र प्रदूषण रोकथाम तथा व्यवस्थापन

कृषि विकास बैंक मार्फत ऋणका लागि आवेदन दिने उद्यमीहरूका लागि विस्तृत व्यवसाय योजना र वातावरणीय तथा सामाजिक सुरक्षा योजना तयार गरी उपलब्ध गराइएको छ। ऋणीहरूलाई उद्यमको सञ्चालन अवस्था सुधार गर्न नियमित अनुगमन र प्राविधिक सहयोग प्रदान गरिएको छ। विशेष गरी वित्तीय सहयोग प्राप्त गर्ने उद्यमहरूमा फोहोर व्यवस्थापन अभ्यासहरूलाई सुदृढ गर्न सहयोग गरिएको छ।

## सामुदायिक स्वास्थ्य र सुरक्षा

वन व्यवस्थापन अभ्यासहरू सुरु गर्नुअघि वातावरणीय तथा सामाजिक सुरक्षा योजना बमोजिम सुरक्षा उपायहरूका बारेमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको थियो। समुदायले सक्रिय रूपमा कामदारहरूको बीमा गरेको छ र हेलमेट, पन्जा र प्राथमिक उपचार किट जस्ता आवश्यक सुरक्षा सामग्रीहरू उपलब्ध गराएको छ। साथै, डिभिजन वन कार्यालयले रुख कटान र अन्य वन व्यवस्थापन कार्यमा संलग्न कर्मचारी वा समिति सदस्यहरूको दुर्घटना बीमा अनिवार्य गरेको छ।

## जैविक विविधता संरक्षण र प्राकृतिक स्रोतहरूको दिगो व्यवस्थापन

लुम्बिनी प्रदेशका नर्सरीहरूमा सामान्यतया खयर, महुवा र तेजपात जस्ता स्थानीय प्रजातिहरूको उत्पादन र वृक्षरोपण गरिएको छ। धेरैजसो सार्वजनिक जग्गा व्यवस्थापन समूह र निजी जग्गाधनीहरूले मिश्रित प्रजातिका रुखहरू रोपेका छन्। यस प्रक्रियाले एकल प्रजातिको खेती रोक्न, जैविक विविधता संरक्षण गर्न र दिगो प्राकृतिक स्रोत व्यवस्थापनलाई प्रवर्द्धन गर्दछ ।

### आदिवासी जनजाति/ऐतिहासिक रूपमा पिछडिएका स्थानीय समुदायहरू

आयोजनाका गतिविधिहरू आदिवासी जनजाति र ऐतिहासिक रूपमा पिछडिएका स्थानीय समुदायहरूको अधिकार र हितको सम्मान गर्दै उनीहरूको सक्रिय सहभागिता सुनिश्चित हुने गरी तर्जुमा गरिएका छन्।

### सांस्कृतिक सम्पदा

स्थानीय समुदायको सांस्कृतिक महत्त्व, मान्यता र मूल्य मान्यताको सम्मान गर्दै सबै गतिविधिहरू सञ्चालन गरिएको थियो।

### वित्तीय मध्यस्थकर्ताहरू

वित्तीय पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्न कृषि विकास बैंकहरूमार्फत ऋण प्रवाह गरिएको थियो।

## समस्या र चुनौतीहरू

- **मौषमी प्रतिकूलता र बिरुवा बचाउने चुनौती:** आयोजनाका मुख्य कार्यहरू मौसमी प्रकृतिका छन्, जसमा वृक्षारोपणका लागि असार, साउन र भदौ महिना कुर्नुपर्ने हुन्छ। वृक्षरोपण पश्चात् लामो समयसम्म रहने खडेरीका कारण बिरुवाहरू जीवित रहने दर (Survival Rate) न्यून हुने उच्च जोखिम रहेको छ।
- **कर्मचारी हेरफेर:** वन प्राविधिकहरूको छिटो-छिटो हुने सरुवा वा हेरफेरले आयोजनाका गतिविधिहरू निरन्तर रूपमा कार्यान्वयन गर्न बाधा पुऱ्याइरहेको छ।
- **स्थानीय तहको न्यून उत्साह:** स्थानीय तहका कर्मचारीहरूको हेरफेर हुने समस्याका कारण आयोजनाका लागि आवश्यक कर्मचारी भर्ना गर्न पालिकाहरूले न्यून उत्साह देखाएका छन्।
- **समन्वय र सहकार्यको आवश्यकता:** आयोजनाको सफलताका लागि समूहहरू र सबै सरोकारवालाहरू बीच प्रभावकारी समन्वय, अन्तर्क्रिया र सहकार्य आवश्यक छ। यसले आयोजनालाई सफल बनाई प्रदेश र देशको हरित अर्थतन्त्रमा योगदान पुऱ्याउन मद्दत गर्नेछ।

## निष्कर्ष

लुम्बिनी प्रदेशमा सञ्चालित समृद्धिका लागि वन परियोजनाले यस आर्थिक वर्षमा उल्लेखनीय प्रगति गरेको छ। परियोजना सञ्चालन कार्यविधि, आर्थिक वर्षको मार्गनिर्देशन, वातावरणीय तथा सामाजिक सुरक्षा योजना र सम्बन्धित दस्तावेजहरूको पूर्ण पालना गर्दै गतिविधिहरू सञ्चालन गरिएका छन्।

डिभजन वन कार्यालयहरूले सामुदायिक वन र नयाँ कबुलियती वनका लागि दिगो वन व्यवस्थापन योजनाहरू तयार गरी सम्बन्धित समूहहरूलाई हस्तान्तरण गरेका छन् । यसका साथै, सामुदायिक वन तथा कबुलियती वनका कार्ययोजनाहरू नवीकरण गरिएका छन् । डिभजन वन कार्यालयहरूले सामुदायिक वन व्यवस्थापन समूहहरूलाई दिगो वन व्यवस्थापन अभ्यास र कार्ययोजनाको प्रभावकारी कार्यान्वयनका बारेमा तालिम प्रदान गरेका छन्।

यस आर्थिक वर्षमा निजी कृषकहरूले ३०.२९ हेक्टर र सार्वजनिक जग्गा व्यवस्थापन समूहहरूले ३१.८५ हेक्टर जमिनमा वृक्षरोपण गरेका छन्।

लुम्बिनी प्रादेशिक परियोजना व्यवस्थापन एकाइले ६ वटा जिल्लाहरूमा व्यावसायिक विकास सेवा प्रदायकहरू (BDSPs) परिचालन गरेको छ। यी सेवा प्रदायकहरूले दाङ, रोल्पा, बाँके र रुकुम जिल्लाका कृषि विकास बैंकका शाखाहरूमा कूल ३५ वटा ऋण प्रस्तावहरू पेश गरेका छन्। साथै, लुम्बिनी प्रादेशिक परियोजना व्यवस्थापन एकाइले कृषि विकास बैंकका लागि ११ वटा वातावरणीय तथा सामाजिक सुरक्षा प्रतिवेदनहरू तयार गर्न सहयोग गर्यो, जसले गर्दा उद्यमीहरूलाई सहुलियतपूर्ण ऋण प्रवाह गर्न सहज भएको छ।

# भाग ३

## आर्थिक प्रगति विवरण

आर्थिक वर्ष २०८१/०८२ का लागि स्वीकृत वार्षिक बजेट र वास्तविक खर्चको विश्लेषण गर्दा रेड फरेष्ट्री तथा जलवायु परिवर्तन कार्यक्रम र समृद्धिका लागि वन परियोजनाका लागि उल्लेखनीय बजेट छुट्याइएको छ। रेड फरेष्ट्री तथा जलवायु परिवर्तन कार्यक्रममा कूल १८९.५१ लाख बजेट स्वीकृत भएकोमा १३६.९८ लाख खर्च भएको छ, जसको खर्च अनुपात ६६.६१% छ ।

त्यसैगरी, समृद्धिका लागि वन परियोजनामा १३४११.८० लाख बजेट छुट्याइएकोमा ६२६१.६३ लाख खर्च भएको छ, जसले गर्दा खर्च अनुपात ४६.६९% मा सीमित भएको देखिन्छ । समग्रमा दुबै कार्यक्रमका लागि कूल १६०१.३१ लाख बजेट स्वीकृत भएकोमा ६३९८.६१ लाख मात्र खर्च भएको छ।रेड फरेष्ट्री तथा जलवायु परिवर्तन कार्यक्रमको खर्च अनुपात तुलनात्मक रूपमा उच्च छ भने समृद्धिका लागि वन परियोजनामा अझै खर्चको उपयोग गर्न बाँकी छ ।

तालिका नं १६: आ.व. २०८१।०८२ को वार्षिक बजेट तथा खर्चको सारांश

| परियोजना/कार्यक्रम | स्वीकृत बार्षिक बजेट (रु लाखमा) | खर्च (रु लाखमा) | खर्च अनुपात (प्रतिशत) |
|---|---|---|---|
| रेड फरेष्ट्री तथा जलवायु परिवर्तन कार्यक्रम | १८९.५१ | १३६.९८ | ७२.२८ |
| समृद्धिका लागि वन परियोजना | १३४११.८० | ६२६१.६३ | ४६.६९ |
| कूल | १३६०१.३१ | ६६९८.६१ | |

रेड फरेष्ट्री तथा जलवायु परिवर्तन कार्यक्रमको विगत आर्थिक वर्षहरूमा भएको खर्च तथा प्रगति र यस वर्ष भएको खर्चको प्रगति तुलना गर्न यहाँ सान्दर्भिक देखिएकाले चित्र नं. ५ मा देखाइएको छ ।

## आ.व. अनुसार रेड फरेष्ट्रि तथा जलवायु परिवर्तन कार्यक्रमको खर्च (रु. लाखमा)




चित्र नं. ७ रेड फरेष्ट्री तथा जलवायु परिवर्तन कार्यक्रमको शुरूवात देखी २०८१।८२ सम्मको खर्च

तल प्रस्तुत तालिका नं १६ को तथ्याङ्कलाई विश्लेषण गर्दा 'समृद्धिका लागि वन परियोजना' को खर्चको आकार वार्षिक रूपमा उल्लेखनीय ढंगले बढ्दै गएको देखिन्छ। आर्थिक वर्ष २०७८/०७९ मा कूल रु ७७९.८१ लाख बाट सुरु भएको यस परियोजनाको खर्च चौथो वर्ष (२०८१/०८२) सम्म आइपुग्दा झण्डै आठ गुणाले वृद्धि भई रु ६,२६१.६३ लाख पुगेको छ। यसले परियोजना सुरुवाती चरणबाट पूर्ण कार्यान्वयनको चरणमा प्रवेश गरेको स्पष्ट पार्छ। निकायगत रूपमा हेर्दा लुम्बिनी प्रदेश सबैभन्दा बढी खर्च गर्ने निकाय बनेको छ जसले चार वर्षको अवधिमा कूल रु ३,१६७.११ लाख परिचालन गरेको छ भने मधेश प्रदेशले रु २,४११.३९ लाख खर्च गरेको छ।

परियोजनाको खर्च संरचनामा स्थानीय तहहरूको भूमिका पनि महत्त्वपूर्ण देखिएको छ। मधेश र लुम्बिनीका स्थानीय तहहरूले क्रमशः रु १,७७७.४७ लाख र रु १,०७५.१७ लाख खर्च गरेका छन्, जसले तल्लो तहसम्म कार्यक्रम पुगेको संकेत गर्दछ। वन अनुसन्धान तथा

प्रशिक्षण केन्द्रले परियोजना व्यवस्थापन सहित रु २,५१७.२३ लाख खर्च गरी प्राविधिक र व्यवस्थापकीय पक्षलाई अगाडि बढाएको देखिन्छ। संभाग ३ अन्तर्गत वन उद्यमको सुधार तथा विकासको लागि ऋण प्रवाह गर्ने कार्यमा कृषि विकास बैंकको खर्च आर्थिक वर्ष २०८०/०८१ बाट मात्र सुरु भएको छ, जसले परियोजनाको पछिल्लो चरणमा वित्तीय पहुँच वा ऋण परिचालनका कार्यहरू भएका छन् तर आशातित प्रगतिको गति प्राप्त भएको छैन। सकारात्मकताको दृष्टिकोणमा समग्रमा, चार वर्षको कूल रु १२,७५८.१३ लाख खर्चले वन क्षेत्रको माध्यमबाट समृद्धि हासिल गर्ने लक्ष्यमा क्रमिक र योजनाबद्ध लगानी भइरहेको पुष्टि गर्दछ।

तालिका नं १७: आ.व. २०८१।०८२ सम्मको समृद्धिका लागि वन परियोजनाको खर्चको सारांश

| आर्थिक वर्ष | वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र सहित परियोजना व्यवस्थापन इकाइ | मधेश प्रदेश | लुम्बिनी प्रदेश | मधेशका स्थानीय तहहरू | लुम्बिनीका स्थानीय तहहरू | कृषि विकास बैंक | वन तथा भू-संरक्षण विभाग र यसका एकाइहरू | जम्मा रु लाखमा |
|---|---|---|---|---|---|---|---|---|
| | खर्च | | | | | | | |
| ०७८/७९ | १९२.२८ | ५९.६८ | ९४.१६ | - | - | - | ४३३.६९ | ७७९.८१ |
| ०७९/८० | ७८२.०९ | ३४४.४७ | ३३२.४२ | ६५७.६५ | ३०५.७९ | - | ५१९.९६ | २,९४२.३७ |
| ०८०/८१ | ५३९.३३ | ५०४.२६ | ८१३.७५ | ४२४.५७ | २९०.४० | २०२.०० | - | २,७७४.३१ |
| ०८१/८२ | १,०८३.५२ | १,५०२.९८ | १,९२६.७८ | ६९५.२५ | ४७८.९९ | ५६४ | १०.१० | ६,२६१.६३ |
| जम्मा | २,५९७.२३ | २,४११.३९ | ३,१६७.११ | १,७७७.४७ | १,०७५.१७ | ७६६.०० | ९६३.७५ | १२,७५८.१३ |

# भाग ४

# कार्यक्रम कार्यान्वयनबाट प्राप्त सिकाईहरू

## ४.१ रेडप्लस कार्यक्रम कार्यान्वयन

यस भागमा विशेष गरी रेडप्लस कार्यक्रम कार्यान्वयन गर्दा फिल्डस्तर लगायत केन्द्र एवं सरोकारवालाहरुसँग समन्वयको क्रममा प्राप्त भएका सिकाईहरु आगामी कार्यक्रम सञ्चालन गर्नको लागि मार्गदर्शनको रुपमा रहने भएकोले यहाँ प्रस्तुत गरिएको छ ।

कार्यक्रम कार्यान्वयनको शिलशिलामा निम्न क्षेत्रमा सिकाईहरु प्राप्त भएको छ ।

### १. सरोकारवालाहरुसँगको समन्वय

यस कार्यक्रम सञ्चालन गर्दा सरोकारवालाहरु विशेष गरी स्थानीय समुदायहरु, संघ संस्थाहरु तथा आदिवासी जनजातिहरुको प्रतिनिधित्व गर्ने संस्थाहरु लगायतका सस्थाहरुसँग निरन्तर समन्वय तथा सहकार्यमा काम गर्नु पर्ने भएकोले समय समयमा पुर्नगठन भैरहने यस प्रकारका संस्थाहरुसँग अधिकतम प्रयास गरी समन्वय गर्न पहल गरिएको भएतापनि संपूर्ण संघ संस्थाहरुलाई पुर्ण रुपमा समेट्न सकिएको छैन । सरोकारवालाहरुसँग कार्य गर्दा निम्न बमोजिम सिकाईहरु प्राप्त भएको छ ।

- यस कार्यक्रमको सुरुवात देखी संलग्न र यस कार्यक्रमसँग परिचीत सरोकारवालाहरु विच अन्तरक्रियाहरु गरिरहनु पर्ने देखिन्छ ।
- सरोकारवालाहरुको वैधानिक अपरिहार्यताको लागि विशेष कानूनी संरचना आवश्यक पर्ने अनुभव गरिएको छ । किनकी कार्यक्रमको दायरा तथा आयामहरु फराकिलो भएकोले सरोकारवालाहरुको वास्तविक पहिचान तथा तिनीहरुको संलग्नतालाई वैधानिकता दिनको लागि कठिनाई महसुस गरिएको छ ।
- धेरै सरोकारवालाहरु भएको कारणबाट कतिपय कार्यक्रमहरुमा सहभागी हुनबाट छुटेको अवस्थामा विषयहरुको निरन्तरतामा केही खाडल हुने भएकोले गुनासो आउने गरेको छ यसबाट सरोकारवालाहरुसँग निरन्तर समन्वय गर्नु पर्ने आवश्यकता पनि महसुस भएको छ ।

- स्थानीय समुदाय तथा स्थानीय तहहरुमा रहेका सरोकारवालाहरुसँगको समन्वय अपरिहार्य महसुस गरिएको छ । अतयवः यस कार्यक्रमको कार्यान्वयन तथा थप सुदृढ गर्नको लागि स्थानीय तह तथा समुदायहरुमा समन्वय तथा सहकार्य अझ गर्नु पर्ने देखिएको छ ।
- स्थानीय तहहरु तथा स्थानीय समुदायहरुको अपनत्व बेगर यो कार्यक्रम सफल नहुने भएकोले सो निकायहरुको अपनत्व अभिवृद्धि गर्न आवश्यक देखिन्छ ।

## २. सेवा प्रदायकहरुसँग सेवा प्राप्ति गर्ने सिलसिलामा सिकाईहरु

यस कार्यक्रम सञ्चालन गर्दा धेरै कार्यहरु सेवा प्रदायकबाट लिनु पर्ने गरी स्वीकृत भएको हुँदा सेवा प्रदायकहरुसँग कार्य गर्दा निम्न बमोजिम सिकाईहरु प्राप्त भएको छ ।

- रेड कार्यक्रमसँग सम्बन्धित कार्यहरुमा अनुभव भएका सेवा प्रदायकहरु ज्यादै कम मात्र रहेको देखियो ।
- सेवा प्रदायकहरुले कामको सम्झौता गर्दाको बखत गरेको प्रतिवद्धताहरु पुरा गर्न व्यवसायिक नैतिकता (Professional Ethics) अनुरुपको कार्यहरु सम्पादन गर्नको लागि थप तालिम तथा अन्तरक्रियाहरु आवश्यक भएको महसुस गरिएको छ ।
- सेवा प्रदायकहरुले कार्य गरिरहेको अवस्थामा अनुगमनको कार्यलाई सँगसँगै लैजानु पर्ने अति आवश्यक महसुस गरिएको छ ।
- सेवा प्रदायकहरुको कार्य सुरुवातको समय तथा अन्य अवधिमा रेड कार्यान्वयन केन्द्रबाट प्रतिनिधित्व गरी समन्वय बढाउनु पर्ने देखियो । जति समन्वय बढाइयो त्यति कार्यको गुणस्तरमा राम्रो भएको पाइयो ।
- सेवा प्रदायकहरुले व्यवसायिक आचरण तथा गुणस्तर कायम गर्नको लागि कार्यहरुको प्रस्ताव पेश गर्दा आर्थिक प्रस्ताव पनि गुणस्तर कायम गर्न सक्ने गरी मात्र पेश गर्नु पर्ने देखियो ।
- सेवा प्रदायकहरुले रेड कार्यान्वयनको लागि चाहिने प्रतिवेदन तयारी चरणमा दिने सेवाहरु पनि मर्म अनुरुपको कार्यहरु गर्न गराउनको लागि समय समयमा तालिम तथा पुनर्ताजगी आवश्यक देखियो ।
- सेवा प्रदायकहरुले स्थानीय तहहरुसँग तथा कार्यालयहरुसँगको समन्वयमा अझ अभिवृद्धि गर्न सकेमा कार्यको गुणस्तर वृद्धि हुने देखिन्छ ।

## ३. प्रदेश तथा अन्तर्गतका निकायहरु बीचको समन्वय

सङ्घीय संरचनामा देश गइसकेको परिप्रेक्ष्यमा प्रदेश तथा अन्तर्गतका कार्यालयहरुसँग समन्वय गरी परिचालन गर्दा निम्न बमोजिम सिकाईहरु प्राप्त भएको छ ।

- कार्यक्रम कार्यान्वयन गर्दा प्रदेश स्तरका वन तथा वातावरण क्षेत्र हेर्ने मन्त्रालय, प्रदेश वन निर्देशनालयहरुसँग समन्वय जति गर्न सक्यो त्यति नै कार्यक्रम कार्यान्वयन गर्न सजिलो र प्रभावकारी भएको छ ।
- प्रदेशस्तरको रेड डेस्कको कर्मचारीहरुलाई क्षमता अभिवृद्धि गर्दा रेड सम्बन्धी कार्य सञ्चालन गर्नको लागि अझ सजिलो भएको छ । अतयवः रेड डेस्कलाई थप सुदृढ गर्न आवश्यक देखिन्छ ।
- जिल्लाहरुमा डिभिजन वन कार्यालयहरु, सब डिभिजन वन कार्यालयहरु, जलाधार व्यवस्थापन कार्यालयहरु, बृहद जलाधार व्यवस्थापन केन्द्रहरु, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रहरु, राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिका कार्यान्वयन इकाईहरु, वन उद्यमीहरु, स्थानीय समुदायमा आधारित वन व्यवस्थापन समूहहरु लगायत अन्य सरोकारवालाहरुसँग जति समन्वय गर्न सक्यो त्यति नै यस कार्यक्रम प्रति अपनत्व वढेको महसुस भएको छ ।
- अझ रेड कार्यान्वयन तथा रेडप्लस सम्बन्धी बुझाई स्थानीय तह तथा कार्यालयहरुमा पनि प्रष्ट गराउन आवश्यक महसुस गरिएको छ । रेडप्लस सम्बन्धी अवधारणा सुरुवात भएको धेरै बर्ष भएको भएतापनि अझ पनि धेरैजसो सरोकारवालाहरु तथा समुदायहरुको लागि नयाँ नै भएको हुनाले प्रचार प्रसार तथा निरन्तर अन्तरक्रियाको आवश्यक देखिएको छ ।

## ४. विश्व बैंकसँग कार्यक्रम कार्यान्वयन गर्दाका सिकाईहरु

यो कार्यक्रमको कार्यान्वयनमा अन्य केही संस्थाहरुले पनि सहयोग गरेको भएतापनि विश्व बैंक नै प्रमुख साझेदारको रुपमा सहयोगी निकायको रुपमा रहेको छ । यसै गरी विश्व खाद्य कृषि सङ्गठन लगायतबाट सहयोगहरु भइरहेको छ । विशेष गरी विश्व बैंकसँग कार्य गर्दाको अनुभव र सिकाईहरु निम्न बमोजिम रहेको छ ।

- विश्व बैंकबाट निरन्तर सुपरभिजन तथा मिशनहरु आइरहने भएकोले कार्यक्रम कार्यान्वयन गर्दा चाहिने सल्लाहहरु प्राप्त भइरहेको छ । विशेष गरी यसरी निरन्तर

स्थलगत रुपमा मिसनहरु आइरहँदा कार्यक्रम कार्यान्वयन गर्नको लागि आइपरेका द्विविधाहरु निराकरण गर्न मद्धत पुगेको छ ।

- रेडप्लस तथा उत्सर्जन न्यूनीकरणकार्यक्रम (REDD Plus and Emission Reduction Program-ERP) को लागि विश्व वैङ्कबाट निरन्तर सहयोग आइरहेकोमा उत्सर्जन न्यूनीकरण कार्यक्रम कार्यान्वयनको लागि प्रदेश तथा समुदायस्तरमा धेरै कार्यहरु गर्नु गराउनु परेको हुँदा स्रोतको अभाव हुन गएकोले लागि दातृ निकायले पनि विशेष कार्यक्रम बनाउन तथा सहायताको क्षेत्र पहिचान गरी कार्य गर्न पर्ने महसुस भएको छ ।
- विश्व वैङ्कबाट कर्मचारीहरुलाई क्षमता अभिवृद्धिको कार्यमा पनि विशेष प्राविधिक सहयोग उपलब्ध गराउनु पर्ने देखिन्छ ।

## ५. मन्त्रालय, विभागीय निकायहरुसँगको समन्वय

- यस केन्द्रले सञ्चालन गर्ने कार्य भिन्न प्रकृतिको भएको हुनाले अन्य कार्यक्रम र यस कार्यक्रमलाई फरक तरिकाले नहेर्ने गरेको पाइन्छ । यो कार्यक्रमलाई अन्तरसम्बन्धित क्षेत्र (Cross Cutting Sector) को रुपमा लिनु पर्ने हुन्छ ।
- यस कार्यक्रमको परिणाम कार्बन सञ्चीति बढाउने, संरक्षण गर्ने तथा अभिवृद्धि गर्ने भएको हुनाले स्थानीय समुदाय, स्थानीय तह, प्रदेश सरकार एवं सङघीय सरकार बिचको समन्वय, सहकार्यबाट मात्र सफल हुने भएको हुनाले वन तथा वातावरण मन्त्रालय लगायत सङ्घीय स्तरका विभागीय निकायहरुको पनि उत्तिकै दायित्व भएको विषयमा महसुस गराउनको लागि वन तथा वातावरण मन्त्रालयको भूमिका अति महत्वपूर्ण र अपरिहार्य रहेको छ ।

## ६. क्षमता अभिवृद्धिमा निरन्तरता तथा अद्यावधिक गर्नु पर्ने क्षेत्रहरु

- विशेष गरी दातृनिकायहरुसँगको कार्य तथा समन्वयबाट रेड कार्यान्वयन केन्द्रले सहायताहरुको परिचालनको लागि आवश्यक पूर्वतयारी तथा यसको कार्यान्वयनमा आइ पर्ने समस्याहरु र तिनको निराकरणको लागि के गर्ने भन्ने विषयमा सिकाई भैरहेको छ ।
- विश्व बैंकबाट पनि बेला बेलामा थप क्रियाकलापहरुको सुझावहरु दिइरहँदा कार्यक्रम कार्यान्वयन गर्न सजिलो भएको भएतापनि यस कार्यमा विशेष गरी अनुगमन, मूल्याङ्कन,

तथा प्रमाणिकरणको (Monitoring, Reporting and Verification-MRV) लागि अझ पनि यस केन्द्रमा कार्यरत कर्मचारीहरु लगायत सम्बन्धित निकायहरुको मानवीय क्षमता अभिवृद्धि गर्न आवश्यक देखिन्छ ।यस कार्यलाई संस्थागत सुदृढीकरण गर्न आवश्यक रहेको छ ।

- कार्बन उत्सर्जन न्यूनीकरणलगायत जलवायु परिवर्तनबाट परेको असरहरुलाई न्यूनिकरणको लागि अन्तर्राष्ट्रिय स्तरमा गरिने सम्झौता अनुरुपको विषयहरु जस्तै नोक्सानी तथा क्षतिको बारेमा, अनुकूलन लगायतका विषयहरुमा रेड कार्यान्वयन केन्द्रलाई नै ज्ञान केन्द्रको रुपमा विकास गर्नु आवश्यक देखिएको छ।
- जलवायु परिवर्तन व्यवस्थापनको क्षेत्रमा विशेष गरी कार्बन व्यापारको विषय कार्यान्वयनमा सामाजिक तथा प्राविधिक कार्य दुबैको भूमिका महत्वपूर्ण भएको र प्राविधिक कार्यहरुमा नेपालको जनशक्ति तथा क्षमतालाई सुदृढ गर्न थप प्राविधिक तथा अन्य सहायताहरुको आवश्यकता विद्यमान रहेको देखिन्छ ।

## ४.२ समृद्धिका लागि वन परियोजना कार्यान्वयन गर्दाको सिकाइ र चुनौतीहरू

### १. मुख्य सिकाई

### वन क्षेत्र सम्बन्धी गतिविधि कार्यान्वयनमा संघीयताको मर्म अनुसारको कार्य

- यो परियोजनाले वन क्षेत्रको सबै तहको सरकारी क्षेत्राधिकारलाई कार्यान्वयन गर्न संघीयतालाई व्यवहारमा उतार्ने एउटा महत्त्वपूर्ण भूमिका खेलेको छ । सबै तहमा यो परियोजना कार्यान्वयन भएको छ । सबै तहमा कार्यान्वयनमा रहेको र वन क्षेत्रको कानून नियमहरुको अधिकारलाई कार्यक्रम मार्फत कार्यान्वयन गर्ने एक मात्र परियोजना भएको छ।
- नगरपालिका तथा गाँउपालिकाहरुले यस परियोजनाको पालिकाहरुमा प्रवाह हुने कोष सानो आकारको भए तापनि उनीहरूले कार्यक्रम कार्यान्वयन गर्न थालेका छन्। वन क्षेत्रको यो पहिलो आयोजना हो जुन पालिकाहरुले वन क्षेत्रको पालिकाको अधिकार क्षेत्रलाई कार्यान्वयनको लागि लागु गरि रहेका छन् ।
- नगरपालिका तथा गाँउपालिकाहरुले पनि सह-लगानीबाट कार्यक्रम तयार गर्न थालेका भए पनि अझ पनि यस विषयमा सहकार्यको लागि पालिकाहरुले आत्मसात गर्न आवश्यक छ ।

- विशेष गरी यो परियोजना लागु भएका करीब ४० प्रतिशत पालिकामा वन छैन र वन क्षेत्रले यो कार्यक्रम कार्यान्वयन गर्दा वन कार्यालय र नगरपालिका बीचको समन्वयमा निकै सकारात्मक वातावरण बनेको छ ।वन क्षेत्र नभएको पालिकाहरुमा औपचारिकरुपमा कार्यक्रम कार्यान्वयन भएको परियोजना नै समृद्धिका लागि वन परियोजना भएको छ ।
- वन ऐन २०७६, र वन नियमावली, २०७९ बमोजिम अधिकांश नगरपालिकामा सार्वजनिक जग्गामा रुख रोप्ने र निजी वन दर्ता गर्ने तयारी सुरु भएको छ भने केही पालिकाहरु जस्तै राप्ती गाँउपालिका, बगनासकाली गाँउपालिका लगायतले सार्वजनिक जग्गा तथा निजी वनहरुमा वृक्षारोपणको कार्यलाई सकारात्मक मान्नु पर्ने हुन्छ । पहाडतर्फ फलफूल लगायत तेजपात तथा तराइमा आँप लगायतको बिरुवाहरुको माग धेरै रहेको छ ।

## वनमा आधारित उद्यम विकास र सुधारमा उत्साह

- वन क्षेत्रमा वन उद्यमको विकास तथा सुधारको लागि संस्थागतरुपमा नै सहयोग र सहायता परिचालनको ढाँचा विकास गरिएको छ। वित्तीय निकायहरु मार्फत ऋण परिचालनको ढाँचालाई औपचारिक बनाइएको छ । यसबाट सरकारले वन उद्यम क्षेत्रमा सहयोग परिचालनको ढाँचालाई स्वीकृत गरी निजी क्षेत्रसँग सहकार्य गर्ने कार्य सुरुवात गरेको छ ।
- वनमा आधारित उद्यमीहरू बीचको गहिरो छलफल र अन्तरक्रियामा आधारित उद्यमको प्रवर्द्धन, विकास र सुधारका लागि वनमा आधारित निजी उद्यमीहरू लगानी प्राप्त गर्न आशावादी छन्।
- वित्तीय संस्था (कृषि विकास बैंक) सँग सहकार्य सुरु भएको छ साथै वन उद्यमहरूको लागि वित्तीय क्षेत्रमा प्रवेश र सुधार दीर्घकालीन लगानीको लागि एक प्रमुख क्षेत्र भएको छ।
- लगानीका लागि समझदारी तथा सुझवुझ अति आवश्यक छ र ऋण लगानी मार्फत वन उद्यम विकास र सुधारलाई सहयोग पुऱ्याउने भएतापनि पछिल्लो समयमा ऋणको व्याजदर कम भइरहेकोले ९ प्रतिशत स्थिर व्याजदरलाई पनि अधिक मानिएकोले ऋण प्रवाहको कार्य ढीलो भएको छ भने यस तर्फ अन्तरक्रियाहरुलाई विस्तार गर्नु पर्ने देखिन्छ।

## सफलताको लागि सबै तहबाट समन्वय प्रयास र स्वामित्व

- नियमित अन्तरक्रिया र सामुदायिक स्तरमा संवेदनशीलताले परियोजनाको विश्वसनीयता बढाउँछ र परियोजना लक्ष्य हासिल गर्न मदत गर्दछ भन्ने प्रमुख सिकाई प्राप्त भएको छ ।
- परियोजनाको अभिमुखीकरण/कार्यशालामा सरकारी अधिकारी/सरोकारवालाहरूसँग बारम्बार समन्वय र निर्वाचित निकायहरू (प्रदेश र स्थानीय) को संलग्नताले कार्यान्वयनलाई छरितो बनाउन र अपनत्व वृद्धि गर्न मदत गर्दछ।
- प्रदेश स्तरको परियोजना व्यवस्थापन एकाइबाट गरिने अनुगमन तथा सहयोगबाट पालिकाहरूलाई कार्यक्रम कार्यान्वयन गर्न महत्त्वपूर्ण भूमिका खेल्छ र परियोजना लक्ष्य हासिल गर्न मदत गर्दछ।

## २. केही सवाल, चुनौती तथा सुझावहरू

यस परियोजना विशेष गरी वन क्षेत्रमा निजी क्षेत्रको समेत सहभागितामा वन उद्यम क्षेत्रलाई सुधार गर्ने र त्यसबाट रोजगार सृजना गरी दिगो वन व्यवस्थापन समेतलाई मूख्य टेवा पुर्याउने रहेको हुँदा यस क्षेत्रमा निम्न बमोजिम सुधार गर्नु आवश्यक रहेको छ ।

- **संभाग ३ वन उद्यमको सुधार तथा विकासको लागि लगानी प्रोत्साहनको व्यवस्था** : वन उद्यममा लगानी बढाउनका लागि संभाग ३ मा विशेष प्रोत्साहन कार्यक्रम राखी वन उद्यमीहरु तथा सरोकारवालाहरूलाई आकर्षित गर्दै दिगो विकासलाई प्रवर्द्धन गर्नु पर्ने देखिन्छ ।
- **प्रदेश र स्थानीय तहमा परियोजनाको संस्थागत कार्यान्वयन** : परियोजनाको कार्यान्वयन सुदृढ गर्न प्रदेश र स्थानीय तहमा आवश्यक संरचना संस्थागतलाई निरन्तरता दिई अपनत्व विकास गर्नु पर्ने देखिन्छ । यसका लागि नीतिगत र रणनीतिगत समन्वयलाई निरन्तरता दिन आवश्यक पहल गर्नु आवश्यक रहेको छ ।
- **प्रदेश स्तरमा बजेट विनियोजनलाई सरल बनाउने** : परियोजनाको बजेट विनियोजन प्रक्रिया विशेष गरी प्रदेश स्तरमा सरल र सहज बनाउनु पर्ने तथा आर्थिक बर्षको सुरुमा नै बजेट विनियोजना गरी कार्यक्रम कार्यान्वयन गर्नु पर्ने देखिएको छ ।यसको लागि प्रदेश सरकारबाट पनि यस प्रकारका कार्यक्रमहरुमा अपनत्व विकासको लागि आवश्यक व्यवस्था गर्नु पर्ने महसुस गरिएको छ ।

- **जनशक्ति व्यवस्थापन तथा कार्यक्रम कार्यान्वयनः** परियोजनाका लागि जनशक्तिको भर्ना प्रक्रिया स्थिर बनाई कार्यक्रम कार्यान्वयनलाई सहज बनाउनु पर्ने ।
